*पहिलो परिच्छेद*

# शोधपत्रको परिचय

## १.१ विषय परिचय

राधिका रायाको जन्म १९८८ साल पुष १५ गते झापाको अनारमनी- ६ मा भएको हो । उनका बाबुको नाम नन्दलाल सिंह रायामाझी र आमाको नाम लक्ष्मी रायामाझी हो । बाल्यावस्था दार्जिलिङमा बिताएकी रायाले दार्जिलिङबाट नै इन्टरमिडियट तहसम्मको अध्ययन प्राप्त गरेकी छन् ।

२००७ सालमा 'तिम्रो सम्झना' शीर्षकको गद्य कविता लेखेर औपचारिक साहित्य सिर्जनामा अगाडि बढेकी राधिका रायाले २०२३ सालमा **तिमी नगएकी भए** कथा सङ्ग्रह प्रकाशित गरी सार्वजनिक भएकी हुन् । २००७ सालदेखि साहित्य क्षेत्रमा अग्रसर भएकी राधिका राया हालसम्म पनि निरन्तरता दिँदै आएकी छन् । उनले विभिन्न पत्रपत्रिका मार्फत आफ्ना थुप्रै लेख रचनाहरू प्रकाशित गरेकी छन् । उनका छ वटा पुस्तकाकार कृतिहरू रहेका छन् । उनका हालसम्म प्रकाशित कृतिहरू क्रमशः **तिमी नगएकी भए** (२०२३ : कथा सङ्ग्रह), **जीवनको इच्छा** (२०५९ : एकाङ्की सङ्ग्रह), **उनी गएको गोरेटो** (२०६० : कथा सङ्ग्रह), **आत्मकथ्यः विविध** (२०६०), **राधिका रायाका रचना** (२०६४), **कला** (२०६६ : उपन्यास) हुन् ।

राधिका रायाले विविध विधामा कलम चलाएर आफूलाई साहित्यका क्षेत्रमा चिनाएकी छन् । प्रस्तुत शोधपत्रको विषयक्षेत्र राधिका रायाको जीवनीका विभिन्न पक्षहरू, व्यक्तित्वका विभिन्न पाटाहरू र कृतित्वका विभिन्न आयामहरूको अध्ययन विश्लेषण गर्नु हो ।

## १.२ समस्याकथन

नेपाली साहित्यका विविध विधामा लामो समयदेखि कलम चलाएकी राधिका रायाको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा गहन अध्ययन गर्नु आवश्यक छ । राधिका रायाको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गर्नु नै प्रस्तुत शोधको मूल समस्या हो । यसै समस्यासँग सम्बन्धित पूरक समस्याहरू यस प्रकार छन्:-

(क) राधिका रायाको जीवनी के कस्तो छ ?

(ख) राधिका रायाको व्यक्तित्वका पाटाहरू के कस्ता छन् ?

(ग) राधिका रायाको साहित्यिक यात्रा र कृतिगत प्रवृत्तिहरू के कस्ता छन् ?

(घ) राधिका रायाका कृतित्व के कस्तो छ ?

## १.३ शोधको उद्देश्य

राधिका रायाको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र स्वरूप पहिल्याउनु प्रस्तुत शोधपत्रको मूल उद्देश्य हो । समस्या कथनमा उल्लिखित प्राज्ञिक समस्याहरूको प्रामाणिक समाधान यस शोधमा गरिएको छ । समस्याका क्रमानुसारका उद्देश्यहरू यस प्रकार छन्:-

(क) राधिका रायाको जीवनीका समग्र पक्षहरूको अध्ययन गर्नु ।

(ख) राधिका रायाको व्यक्तित्वका विभिन्न पाटा पहिल्याउनु ।

(ग) राधिका रायाको साहित्यिक यात्राको अध्ययन गर्दै उनको साहित्यिक योगदानको समीक्षा गर्नु ।

(घ) राधिका रायाको कृतित्वको विश्लेषण र मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

राधिका राया कथाकार, उपन्यासकार, एकाङ्कीकार, निबन्धकारका रूपमा नेपाली साहित्यका क्षेत्रमा परिचित छिन् । तर पनि उनका बारेमा छिटपुट मात्र चर्चा गरिएको पाइन्छ । उनका जीवनी, व्यक्तित्व र कृतिको विश्लेषणको सम्बन्धमा हालसम्म जे-जस्ता कार्यहरू भए तिनको विवरण र समीक्षा यसप्रकार प्रस्तुत गरिएको छ :

राधिका रायाको **तिमी नगएकी भए** (२०२३) कथा सङ्ग्रहको भूमिकामा तुलसीबहादुर क्षेत्रीले यस सङ्ग्रहभित्रका कथाहरूमा रायाका विचार र अनुभवहरू व्यक्तिगत र सामूहिक प्रभावहरू जीवनमा पर्न गएको घाम-छायाँहरू नै हृदयको आनन्द र दुःखका आवेगहरूलाई आफ्ना कथामा राम्ररी प्रतिविम्बित गरेकी छन् भनी उल्लेख गरेका छन् ।

कृष्णप्रसाद तिमिल्सिना, **नेपाली साहित्यमा झापा जिललाको योगदान**(२०५५) को अप्रकाशित शोधपत्रमा राधिका रायाको परिचय प्रस्तुत गरेका छन् । यसका साथै उनका कथामा सामाजिक विषयवस्तुमा आधारित नारीप्रतिको शोषण र अन्यायको विरोध तथा प्रकृति प्रेमजस्ता कुराको चित्रण पाइन्छ भनी उल्लेख गरिएको छ ।

कमल दीक्षित (२०५७) ले **जुही** पत्रिकामा “प्रशंसनीय कलम” शीर्षकको लेखमा नेपाली साहित्यका सम्पूर्ण विधामा कलम चलाएकी रायाको कृतिहरूमाथि कुनै टीका-टिप्पणी गर्नु उचित छैन भन्दै उनको प्रशंसा र अभिनन्दन गर्न सकिन्छ भनी चर्चा गरेका छन् ।

कविता पोखरेल (२०५७) ले **जुही** पत्रिकामा “राधिका रायाका रचनामा हार्दिकता” शीर्षकको लेखमा राधिका रायाका रचनाहरू बौद्धिक नभई भावनात्मक छन् भन्दै उनका रचनाहरूको मूल्याङ्कन गरेकी छन् ।

कृष्ण धरावासी (२०५७) ले **जुही** पत्रिकामा “कथाभित्र खोजिएकी कथाकार राधिका राया” शीर्षकको लेखमा रायाका कथामा नेपाली जातीयता, संस्कृति, धर्म, परम्परा, आदर्श, पहाडी जनजीवन र कठोर परिश्रम आदि विषयहरू समेटिएका छन् भनी उल्लेख गरेका छन् ।

मोहन पी. दाहाल (२०५७) ले **जुही** पत्रिकामा “कलम नथाकोस्” शीर्षकको लेखमा राधिका रायाको साहित्यिक व्यक्तित्व बहुमुखी छ । सङ्ख्यात्मक दृष्टिले थोरै कृति लेखे पनि कविता, कथा, एकाङ्की, निबन्ध, प्रबन्ध आदि विविध विधामा कलम चलाएकी राया मूलतः कथाकार हुन् भनी उनको व्यक्तित्वको चर्चा गरेका छन् ।

मोहन दुवाल (२०५७) ले **जुही** पत्रिकामा "राधिका रायाद्वारा सिर्जित साहित्यिक विम्बहरूमा आफ्नै अर्थ र गरिमा छ" शीर्षकको लेखमा परिचय, जन्म, लेखनको विस्तार, विवाह, शिक्षण पेसामा संलग्न भएका ठाउँ, लेखनको प्रेरणा र विस्तार अनि उनका साहित्यिक कृतिको विवरण दिएका छन् ।

राजेन्द्र सुवेदी (२०५७) ले **जुही** पत्रिकामा "रायाको सृजनशीलता" शीर्षकको लेखमा राधिका राया **भारती** पत्रिकाको प्रकाशनदेखि कथा, कविता, निबन्ध, एकाङ्की सिर्जनामा हालसम्म पनि क्रियाशील रहेकी नारी स्रष्टा हुन् । राया नेपाली साहित्यको नारी हस्ताक्षरहरूमध्येको प्रखर प्रतिभा बन्ने प्रयत्नमा निर्मित सजग र सचेत व्यक्तित्व हुन् भनी उल्लेख गरेका छन् ।

रामलाल अधिकारी (२०५७) ले **जुही** पत्रिकामा "एकाङ्कीकारका रूपमा राधिका राया" शीर्षकको लेखमा राधिका रायाले तत्कालीन समय र समाजको आवश्यकता अनुरूप समकालीन विषयवस्तु समेटेर एकाङ्की लेखेकी छन् । उनका एकाङ्कीको केन्द्रीय स्वर समाज सुधारको आग्रह गर्नु हो भनी चर्चा गरेका छन् ।

लीला लुइँटेल (२०५७) ले **जुही** पत्रिकामा "कथाकार राधिका राया र त्यस दिनको प्रतिक्षा कथाको विश्लेषण" शीर्षकको लेखमा राधिका रायाको जन्म, जन्मस्थान शिक्षण पेसामा संलग्न भएका ठाउँहरूको विवरण दिँदै उनको 'त्यस दिनको प्रतिक्षा' कथाको विश्लेषण गरेकी छन् । उक्त कथा रायाको स्वच्छन्दतावादी धारामा संरचित भावुकताप्रधान कथा हो भनी चर्चा गरेकी छन् ।

विरही अधिकारी (२०५७) ले **जुही** पत्रिकामा "प्रतिभाकी धनी राधिका राया" शीर्षकको लेखमा राधिका रायाको व्यक्तित्वको चर्चाका साथै 'उनी' कथाको विश्लेषण गरेका छन् । उक्त लेखमा उनीले 'उनी' कथा मनोविज्ञानको नमूना हो भनेका छन् । त्यस्तैगरी रायाका अन्य कथामा पनि मनोविज्ञानको छाप पाइन्छ भन्ने विचार व्यक्त गरेका छन् ।

विष्णुप्रसाद कोइराला (२०५७) ले **जुही** पत्रिकामा "झापाली नारी हस्ताक्षर राधिका रायाको कथाकारिता" शीर्षकको लेखमा राधिका रायाको कथाकारिता प्रस्तुत गरेका छन् । उनका कथामा वैयक्तिक आत्मराग, भावावेग, मानवता, आत्मिक प्रेमजस्ता स्वच्छन्दतावादी प्रवृत्तिहरू पाइन्छ भनी चर्चा गरेका छन् ।

शम्भु ढकाल (२०५७) ले **जुही** पत्रिकामा "साहित्यकार राधिका राया" शीर्षकको लेखमा रायाको जन्म, जन्मस्थान र विभिन्न पत्र-पत्रिकामा उनका विविध विधामा लेखिएका फुटकर रचनाहरूको विवरण प्रस्तुत गरेका छन् ।

सरोज ओली (२०५७) ले **जुही** पत्रिकामा "सिर्जनामा लुकी बस्ने" शीर्षकको लेखमा राधिका रायाका रचनाहरूमा आदर्शवादी धारामा नैतिकताको लेप लागेको पाइन्छ । रुढिवादीताको ठाउँमा सुधारवादीताले ठाउँ लिन्छ । अन्धविश्वासका स्थानमा यथार्थताले जरो

गाड्छ । त्यस्तैगरी उनका कथा, निबन्ध, संस्मरण र कविता आदिमा मानव-मनोविज्ञानले खेलेको द्वन्द्वहरूलाई देखाइएको छ भनी उल्लेख गरेका छन् ।

होम सुवेदी (२०५७) ले **जुही** पत्रिकामा "मेरो पहिलो समुन्द्र यात्रा" शीर्षकको लेखमा राधिका राया आत्मपरक निबन्धकार हुन्, उनले यही विधामा बाक्लै कलम चलाएकी भए नियात्राकार लैनसिंह र ताना शर्मासँग कुम जोर्ने थिइन् । उनी नियात्राकारका रूपमा पनि परिचित छन् भनी उल्लेख गरेका छन् ।

समालोचक जीवन नामदुंगा (२०५८) ले **जुही** पत्रिकामा "राधिका रायाका कथामा नारी मनोविश्लेषण" शीर्षकको लेखमा रायाका 'तिमी नगएको भए', 'आमा', 'सानु', 'त्यस दिनको प्रतिक्षा' आदि कथामा र 'हामी नारी' (कविता), स्त्री-शिक्षा (लेख), 'नारीमा समस्या' रचनामा नारी मनोविज्ञानको राम्रो छाप भेटिन्छ भनी चर्चा गरेका छन् ।

अच्युत घिमिरेले **झापाली स्रष्टा र साहित्य** (२०६३) मा राधिका रायाको जन्म, जन्मस्थान र वास्तविक नामको परिचय दिँदै उनका साहित्यिक कृतिको विवरण र प्रवृत्ति उल्लेख गरेका छन् ।

**उनी गएको गोरेटो** (२०६०) कथा सङ्ग्रहको "प्रकाशकका तर्फबाट" शीर्षकमा पुस्तकका प्रकाशकले राधिका रायाको कथामा उत्ताउलो यौन छैन, भयङ्कर त्रासदी छैन, तर वेदना छट्पटी प्रमुख रूपमा पाइन्छ । निकै पात्रले जीवनमा दुःख, कष्ट अनुभव गरेका सामाजिक, मनोवैज्ञानिक वेदनात्मक कुराले राधिका रायाका कथा टम्म र भरिपूर्ण छन् भनी चर्चा गरेका छन् ।

नरेन्द्रराज प्रसाई **नारीचुली** (२०६३) मा राधिका रायाको जन्म, जन्मस्थान, विवाह, सन्तानको परिचय दिँदै उनका विविध व्यक्तित्वका पाटाको उल्लेख गरेका छन् ।

**राधिका रायाका रचना** (२०६४) पुस्तकको "प्रकाशकका तर्फबाट" शीर्षकको लेखमा प्रकाशकले साधनारत प्रतिभा रायाको यो पाँचौं सङ्गालो हो । यसमा उनका विभिन्न पत्रपत्रिकामा हालसालै प्रकाशित रचनाहरू छन् । उनका यी रचनाहरूमा स्वच्छन्दतावादी, प्रगतिवादी, मानवतावादी, हार्दिकतापूर्ण भावुक विचार बोकेका छन् र तिनले पाठकको कोमल हृदय छुने छन् र प्रभाव पार्ने छन् भनी चर्चा गरिएको छ ।

**कला** (२०६६) उपन्यासको भूमिकामा गङ्गाप्रसाद अधिकारीले यस उपन्यासको कथावस्तु दार्जिलिङबाट सुरु भएको र धनकुटामा पुगेर विश्राम भएको छ । त्यसैगरी यस उपन्यासमा एउटी सङ्घर्षशील, ममतामयी, स्नेहालु र आदर्श नारीको जीवनको सङ्घर्ष र सफलताको कथा उल्लेख गरिएको छ भनी चर्चा गरेका छन् ।

हरि गौतम **झापा दिग्दर्शन** (२०६७) मा राधिका रायाका प्रकाशित कृतिको विवरण दिँदै उनीले २०३० सालमा झापा आगमनपछि लेखेका कथामा सामाजिकता, कारुणिकता तथा स्वच्छन्दता आदि विशेषताहरू पाइन्छ भनी उनको कथाकार व्यक्तित्वको परिचय दिएका छन् ।

यसरी हेर्दा राधिका रायाको जीवनी, व्यक्तित्व र कृतित्वको सामान्य चर्चा परिचर्चाको क्रममा एकपक्षीय संक्षिप्त रूपमा फाटफुट अध्ययन भएको देखिन्छ, तर उनको समग्र जीवनी र व्यक्तित्वहरू प्रस्तुत गरी कृतित्वको समेत अध्ययन विश्लेषण गरिएको पाइँदैन । केही विद्वान्हरूले रायाको जीवनी मात्र लेखेका छन् । केही विद्वानहरूले कृतित्वको मात्र विश्लेषण गरेका छन् ।

तसर्थ, प्रस्तुत शोधपत्रमा उनका जीवनी, व्यक्तित्व र कृतित्व सम्बन्धी विस्तृत चर्चा गरिएको छ । साथै उपयुक्त अध्ययन विश्लेषणका निष्कर्षहरूबाट समेत प्रस्तुत शोधकार्यमा सहयोग लिइएको छ ।

## १.५ शोधकार्यको औचित्य

प्रस्तुत शोधपत्रमार्फत साहित्यकार राधिका रायालाई नेपाली साहित्य जगत्मा सबैका माझमा चिनाउने प्रयास गरिएको छ । त्यस्तै नेपाली साहित्यको विकासका निम्ति रायाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई अध्ययन विश्लेषण एवम् मूल्याङ्कन गरिएको हुनाले आउने पिँढीहरू यिनका बारेमा यो अध्ययनको औचित्य स्वतः पुष्टि गरिएको छ ।

यस प्रकार राधिका रायाका जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको शोधपत्रले राधिका रायाका बारेमा अध्ययन गर्ने अध्येताहरूका लागि मार्गदर्शनका काम गर्नेछ । यसरी नेपाली साहित्यको इतिहास लेखनका क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा पनि यस शोधपत्रले थप महत्त्वपूर्ण योगदान पुऱ्याउने छ । यी विविध दृष्टिकोणले गर्दा यस शोधकार्यका औचित्यहरू यस अध्ययनमा स्वतः स्थापित गरिएको छ ।

## १.६ शोधकार्यको सीमा

प्रस्तुत शोधपत्र रायाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा सीमित रहेको छ । जीवनी तथा व्यक्तित्वको अध्ययनमा जीवनीपरक समालोचना सिद्धान्तका आधारमा समीक्षात्मक अध्ययन गरिएको छ भने अध्ययन उनका प्रकाशित पुस्तकाकार कृतिहरूको सामान्य विधा सिद्धान्तको आधार लिइएर समीक्षात्मक अध्ययनमा गरिएको छ । उनका फुटकर रचनाहरूको नाम मात्र उल्लेख गरिएको छ ।

## १.७ शोधविधि

शोधविधिअन्तर्गत सामग्री सङ्कलन विधि र विश्लेषण विधि पर्दछन् । तिनीहरूको उल्लेख यसप्रकार गरिएको छ :

(क) **सामग्री सङ्कलन विधि**

प्रस्तुत शोधकार्य गर्नका लागि प्राथमिक र द्वितीयक दुवै प्रवृत्तिका सामग्री सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । शोधनायक जीवित नै भएको हुँदा उनीसँगैको प्रत्यक्ष भेटघाट र लिखित एवम् मौखिक रूपमा आवश्यक जानकारी लिई सामग्री सङ्कलन गरिएको छ । साथै उनलाई नजिकबाट चिन्ने सहपाठी चूडामणि रेग्मी, भवानी क्षेत्री र यामनाथ दंगालसँग अन्तर्वार्ता लिई आवश्यक तथ्य सामग्रीको सङ्कलन पनि गरिएको छ ।

(ख) **विश्लेषण विधि**

प्रस्तुत शोधपत्रमा प्राप्त सामग्रीलाई जीवनीपरक, प्रभावपरक, कृतिपरक संरचनावादी तथा वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको यथोचित प्रयोग गरी शोधकार्य सम्पन्न गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित एवम् सुसङ्गठित रूप दिनका लागि निम्न लिखित परिच्छेदमा विभाजन गरिएको छ । ती विभिन्न परिच्छेदहरूलाई पनि आवश्यकता अनुसार शीर्षक तथा उपशीर्षकहरूमा समेत विभाजन गरी अध्ययन गरिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : राधिका रायाको जीवनको अध्ययन

तेस्रो परिच्छेद : राधिका रायाको व्यक्तित्वको अध्ययन

चौथो परिच्छेद : राधिका रायाको साहित्यिक यात्रा र प्रवृत्ति

पाँचौँ परिच्छेद : राधिका रायाका कृतित्वको अध्ययन

छैटौँ परिच्छेद : उपसंहार

उपर्युक्त परिच्छेदभित्र विभिन्न उपशीर्षकहरू पनि राखिएको छ । यसको अन्त्यमा सन्दर्भग्रन्थसूची, पत्रपत्रिका सूची र सम्भाव्य शोध शीर्षकहरू पनि दिइएको छ ।

*दोस्रो परिच्छेद*

# राधिका रायाको जीवनी

## २.१ विषय परिचय

कुनै पनि व्यक्तिको जीवन भोगाइलाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गर्नु जीवनी हो । जीवनीमा इतिहासमा जस्तो कोरा विवरण र कथामा जस्तो कल्पनाको प्रबलता नभएर तटस्थता, वस्तुगतता र संयमितता हुनुपर्दछ । मानव प्राणीको जन्मदेखि मृत्युसम्मको समयावधि र त्यस अवधिभित्र घटेका घटनाक्रमलाई सामान्य तथा जीवन, जिन्दगानी वा जिन्दगी भनिन्छ ।[१] यसरी कुनै पनि व्यक्तिको जीवनसँग सम्बन्धित घटनाहरूको तथ्यपूर्ण प्रस्तुति नै जीवनीको मूल मर्म हो । यस परिच्छेदमा राधिका रायाको जीवन भोगाइका सिलसिलामा देखापरेका घटनाहरूलाई स्पष्ट पार्न खोजिएको छ । राधिका रायाको जीवनप्रतिको दृष्टिकोण यस्तो पाइन्छ "सुख त बाडिन्छ तर दुःख जीवन साथीको रूपमा देख्छु अनि सङ्घर्ष माथि विजय भएर मात्र मंजिलमा पुग्न सकिन्छ ।"[२] राधिका रायाका जीवनका विभिन्न पाटाहरूलाई यी शीर्षकहरूद्वारा स्पष्ट पार्न खोजिएको छ । जन्म र जन्मस्थान, पारिवारिक पृष्ठभूमि, कार्यक्षेत्र, प्रेरणा र प्रभाव , सम्मान र पुरस्कार, भ्रमण जीवनदर्शन र जीवनी र साहित्यकाबीचको अन्तः सम्बन्धको चर्चा गरिएको छ ।

## २.२ जन्म र जन्मस्थान

राधिका रायाको जन्म १९८८ साल पुष १४ गते झापाको अनारमनी- ६, बिर्तामा भएको थियो । उनी स्व. बाबु नन्दलाल सिंह रायामाझी र आमा लक्ष्मी रायामाझीको दोस्रो सन्तानका रूपमा जन्मिएकी हुन् ।[३] उनको कुनै पनि साहित्यिक उपनाम नभएकाले राधिका रायाले नै चिनिने गरेकी छन् । उनका बाबु दार्जिलिङको रेलवे कम्पनीमा जागिरे भएकाले उनको शिक्षादीक्षा र बाल्यावस्था त्यहीँ बितेको थियो । आमा शिक्षित भएकाले उनलाई साहित्य सिर्जना गर्न ठूलो सहयोग मिलेको जानकारी पाइन्छ । राधिका रायाले बाल्यावस्थादेखि शैक्षिक र साहित्यिक वातावरणमा हुर्कने मौका पाएकी थिइन् ।

## २.३ पारिवारिक पृष्ठभूमि

राधिका रायाको जन्म झापाको अनारमनी- ६, बिर्तामा भए पनि उनको पुर्ख्यौली थलो काठमाडौं र खरसाङमा छरिएर रहेको थियो । पछि झापातिर बसाइँ सरेका हुँदा उनका आमा-बाबु पनि यहीँ बसोबास गरेका हुन् ।[४] उनीहरूको खास घर सिपाहीधुरा खरसाङ नै

---

[१] भिक्टर प्रधान, **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४४), पृ. २८ ।

[२] शोधनायकसँग २०६७/१०/१५ गते उनकै निवासमा लिइएको मौखिक अन्तर्वार्ता अनुसार ।

[३] ऐजन ।

[४] एजन ।

हो । बलभद्र सिंह रायामाझी सडक र रेल लाइनका ठेकदार थिए । बलभद्र सिंहले सर्दारी र कान्ट्रयाक्टरीमा प्रशस्त पैसा कमाएका थिए । सिपाहीधुरामा सबैभन्दा ठूलो घर नै उनीहरूको भएकाले त्यस घरलाई ‘ठÒलो घर’ भन्ने गरेको थियो । जुन घर ठ¬ला-ठुला ढुङ्गाका पर्खालले बनाएको थियो । त्यो घरको माथिल्लो तलामा सिङ्गै रुखलाई काटेर बिमहरू बसाएको थियो ।[५] बलभद्र सिंहले आफ्ना समयमा प्रशस्त धन कमाउन¬का साथै सम्मान र प्रशंसा प्राप्त गरेका थिए ।

राधिका रायाका बाबु ‘ठÒलो घर’ को साहिला छोरा नन्दलाल सिंह रायामाझी हुन् । उनका बाबु नन्दलाल सिंह दार्जिलिङ हिमालयन रेलवे कम्पनीमा प्रशिक्षार्थी सिग्नलर अर्थात् तारबाबूको पदमा नोकरी गर्थे ।[६] उनी रेलवे नोकरीका सेवा कालमा खरसाङ, दार्जिलिङ हुँदै धेरै समय घुम स्टेसनमा कार्यरत रही सन् १९५३ मा सेवा निवृत्त भए ।

राधिका रायाकी आमा लक्ष्मी रायामाझीले सामान्य शिक्षा आर्जन गरेकी थिइन् । आफ्ना श्रीमानको जागिर भएकाले लक्ष्मी रायामाझीको जीवन छोराछोरीको शिक्षादीक्षा र घरको काम धन्दामा बितेको थियो ।

नन्दलाल सिंह रायामाझी र लक्ष्मी रायामाझीका छ जना छोरीहरू र एकजना छोरा गरी जम्मा सात सन्तान हुन् । उनीहरूको दोस्रो सन्तानका रूपमा राधिका राया रहेकी हुन् । रायाले लामो समयसम्म जागिर खाएर हाल साहित्यिक जीवन बिताएकी छन् ।

राधिका रायाको एक मात्र भाइ टेकबहादुर रायामाझी इन्जिनियर पेसामा संलग्न थिए । उनी साहित्यकार पनि थिए । उनी ‘सुनचरी’ पत्रिकामा संस्मरण लेख्ने गर्थे । उनकी श्रीमती शारदा बङ्गाली र नेपाली साहित्यकार थिइन् ।

राधिका रायाका एकजना दिदी र चारजना बहिनीहरू रहेका छन् । उनकी दिदी प्रभावती प्राथमिक विद्यालयको प्रधान अध्यापक थिइन् । उनी साहित्यकार शरद् क्षेत्री र चित्रकार सुवास क्षेत्रीकी आमा थिइन् । उनको बसोबास दार्जिलिङमा थियो । यिनकी साहिली बहिनी मनमाया सिस्टर, काहिली बहिनी अन्नपूर्ण डाक्टर, अन्तरी बहिनी कृष्णप्रभा पनि सिस्टर र कान्छी बहिनी चन्द्रप्रभा शिक्षक पेसामा आवद्ध थिए । रायाका दिदी बहिनी सबै जनाको आर्थिक अवस्था राम्रो भएको पाइन्छ । हाल आफू र अन्तरी बहिनी कृष्णप्रभा बाहेक अरू सबै जनाको मृत्यु भइसकेको छ । अन्तरी बहिनी कष्णप्रभा काठमाडौंको आफ्नै घरमा छोराहरूसँग बसोबास गर्दै आएकी छन् ।

समग्रमा राधिका परिवारका सम्पूर्ण सदस्हरूको आर्थिक अवस्था राम्रो देखिन्छ । सबैले जागिरे जीवन बिताएका थिए । सबैका बीचमा राम्रो सद्भाव र समन्वय रहेको देखिन्छ । उनको परिवारमा सबै सदस्यहरू साहित्य सिर्जनामा संलग्न भएको पाइन्छ ।

---

[५] ऐजन ।

[६] ऐजन ।

## २.४ बाल्यावस्था

बाल्यावस्था मानव जीवनको प्रारम्भिक चरण भएकाले यस उमेरका जुनसुकै बालकहरू पनि बाल सुलभ आचरण, मनोरञ्जन तथा खेलकुदमा रमाउने गर्दछन् । बाल्यकाल जीवनयात्राका एक महत्त्वपूर्ण अवस्था हो । जुन अवस्थाहरू दुईवटा चरणबाट अध्ययन गर्न सकिन्छ । ती हुन् : पूर्वबाल्यावस्था र उत्तरबाल्यवस्था । राधिका रायाको बाल्यावस्था दार्जिलिङको घुमपहाडमा नै बितेको पाइन्छ । बाबु आमाको माया ममतामा हुर्कने अवसर पाएकी राधिका रायालाई बाल्याकालमा कुनै ठOलो दुःख सङ्कटका घटनाहरू आइपरेका थिएनन् । उनको बाल्याकालीन व्यक्तित्व निर्माणमा आमाको प्रत्यक्ष्य प्रभाव परेको देखिन्छ । आमाको नम्रता र शिष्टता व्यवहारबाट उनले बाल्याकालमा धेरै कुराको जानकारी लिएको पाइन्छ । राधिका रायाको पूर्वबाल्यावस्था घरका सम्पूर्ण सदस्यहरूको माया, ममतामा बितेको थियो । उनी सानै उमेरदेखि साथीहरूसँग खेल्न, रमाउन र सङ्गीत सुन्नका साथै अध्ययन गर्न, अभिनय गर्न मन गर्थिन् ।[७] समाज र परिवारका लागि केही गरेर देखाउनु पर्छ भन्ने चाहेकी रायाका प्रायः सबै कुरा पूरा भएका छन् । दार्जिलिङको रमणीय वातावरणमा बाल्यावस्था बिताएकी राया परिश्रमी स्वभावकी व्यक्तित्व भएकीले आज उनी बहुमुखी प्रतिभाकी धनी भएकी छन् ।

## २.५ शिक्षादीक्षा

घरमा आमाबाट नै अक्षरारम्भ गरेकी राधिका रायाले कक्षा एकदेखि इन्टरमिडियटसम्मको अध्ययन दार्जिलिङमा गरेकी थिइन् । उनले प्राप्त गरेको शिक्षादीक्षा क्रमिक रुपमा प्रस्तुत गरिएको छ ।

### २.५.१ अक्षरारम्भ

राधिका रायाको जन्म झापाको अनारमनीमा भए तापनि उनको शिक्षादीक्षा दार्जिलिङमा भएको थियो । पाँच वर्षको उमेरमा आफ्नी आमाले सरस्वती पूजाका दिन उनलाई अक्षरारम्भ गराएकी हुन् ।[८] त्यसपछि उनलाई आमाले घरमा नै सामान्य अक्षर चिनाएकी थिइन् ।

---

[७] ऐजन ।

[८] ऐजन ।

### २.५.२ विद्यालय तहको शिक्षा

राधिका रायाले घरमा अनौपचारिक शिक्षा ग्रहण गरे पनि औपचारिक शिक्षाको सुरुवात दार्जिलिङको नेपाली उच्च कन्या विद्यालयमा भएको थियो । यस विद्यालयमा उनले कक्षा एकदेखि नौं कक्षासम्म अध्ययन गरेकी थिइन् ।[९] प्रिन्सिपल अङ्ग्रेज भएको हुनाले उनको विद्यालयलाई बोर्डिङ स्कूल भनिन्थ्यो । त्यसैले गर्दा उनको नेपाली विषयसँगै अङ्ग्रेजी पनि निकै राम्रो थियो । उनी विद्यालयमा पढ्नका साथै साहित्य सिर्जना पनि गर्थिन् । परिस्थितिवश उनले दश कक्षा शारदेश्वरी कन्या उच्च मा.वि. मा पढ्न पाइन् । त्यस विद्यालयमा प्रिन्सिपल महान् त्यागी साहित्यकार स्वामी प्रवुद्धान्द थिए ।[१०] उनकै छत्रछायाँमा अध्ययन गर्ने अवसर पाइन् जसले गर्दा उनमा अचेतन मनमा रहेको साहित्यप्रतिको अनुराग प्रस्फुटन हुन थाल्यो । विद्यार्थी जीवनकालदेखि नै सक्रिय भएर साहित्य सिर्जनामा लागेकी राया विभिन्न साहित्यिक कार्यक्रमहरूमा सहभागी हुन थालिन् ।

### २.५.३ उच्च शिक्षा

राधिका राया शारदेश्वरी कन्या विद्यालयबाट कक्षा १० उत्तीर्ण गरेपछि २००७ सालमा सन्त जोसेफ कलेज दार्जिलिङमा भर्ना भइन् । रायाको पढाई अत्यन्तै राम्रो भएकाले २००८ सालमा इन्टरमिडिएट प्रथम श्रेणीमा उत्तीर्ण गरिन् । उनले इन्टरमिडिएट तहसम्मको शिक्षा हासिल गरिसकेपछि साहित्य विषयको गहन अध्ययन गरेर लेखन कार्यमा निरन्तरता दिदैँ जागिरे जीवनलाई अगाडि बढाएको पाइन्छ । उनी नेपाली, हिन्दी, अङ्ग्रेजी भाषाका ज्ञाता मानिन्छिन् ।

राधिका रायाले विभिन्न पूर्वी तथा पाश्चात्य साहित्यकारहरूको कृतिको राम्रोसँग अध्ययन गरेकी छन् । यसको प्रभाव उनका कृतिहरूको अध्ययनबाट थाहा पाइन्छ ।

## २.६ विवाह र सन्तान

राधिका रायाको विवाह २०२५ सालमा क्याप्टेन बुद्धिमान लेप्चासँग भएको थियो । उनी २०२३ सालमा जागिरका सिलसिलामा ब्रिटिस ट्रन्जिट क्याम्प कलकत्ता जाँदा त्यही उनीहरूको भेट भएको थियो ।[११] उनले अन्तर्जातीय प्रेम विवाह गरेको पाइन्छ । उनका श्रीमान् बुद्धिमान लेप्चा त्यस व्यारेकका प्रमुख थिए । सङ्गीत ज्यादै मन पराउने लेप्चा खेलाडी र समाजसेवक थिए ।[१२] रायाको साहित्य लेखन र पुस्तक प्रकाशनका क्रममा उनका श्रीमान्को ठOलो योगदान रहेको पाइन्छ ।

---

[९] राधिका राया, "आफ्नो विषयको चर्चा" **आत्मकथ्य : विविध**, (झापा : **जुही** प्रकाशन, २०६६), पृ. ८ ।

[१०] **ऐजन** ।

[११] ऐजन, पृ. ९ ।

[१२] ऐजन, पृ. १० ।

राधिका रायाको विवह पश्चात उनीहरूको एक मात्र सन्तानको जन्म भएको छ । उनीहरूकी छोरी रविना लेप्चाको जन्म २०२६ सालमा भएको थियो । त्यसपछि यी लोग्ने स्वास्नी एक अर्कामा प्रायः टाढा टाढा हुन थालेका पाइन्छ ।[१३] रायाले आफ्नी छोरीको अध्ययनका लागि । ठOलो परिश्रम र सङ्घर्ष गरेकी छन् । उनको लामो सङ्घर्षले छोरी रविनालाई डाक्टरसम्मको अध्ययन गराएकी छन् । छोरी रविनाको अध्ययन पूरा गरी डा. सुदीपसित विवाह गरिदिएकी छन् । हाल छोरी रविना र ज्वाइँ सुदीप बेलायतमा बसोबास गर्दै छन् । छोरी बेलायतमा रहे पनि आमाप्रतिको आफ्नो दायित्व बहन गर्दै आएकी छन् ।

राधिका रायाको स्थायी घर भद्रपुरको भानुनगर हो । हाल उनी त्यही । पुरानो घरमा एक्लै जीवन बिताइरहेकी छिन् । उनका श्रीमान बुद्धिमान लेप्चाको २०५८ साल मा मृत्यु भयो ।[१४] उनको निधनले रायालाई दुःखित तुल्याए पनि रविनाबाट सन्तुष्टि प्राप्त भएको बताउँछिन् ।

## २.७ पारिवारिक आर्थिक अवस्था

राधिका रायाको पृष्ठभूमिलाई अध्ययन गर्दा आर्थिक अवस्था मध्यम किसिमको देखिन्छ । उनका बाबु दार्जिलिङमा रेलवे कम्पनीमा जागिरे र आमा गृहणी थिइन् । बाबु आमाको सात सन्तानमध्ये राया दोस्रो सन्तनाका रुपमा रहेकी छन् ।[१५] पारिवारिक सङ्ख्या धेरै र आम्दानीको स्रोतका रुपमा बाबुको जागिर मात्र भएकाले उनको बाल्यावस्था सामान्य र आर्थिक अभावमा बितेको पाइन्छ ।

राधिका रायाका बाबु रेलवे कर्मचारीबाट २०१० सालमा सेवा निवृत्त भए । त्यसपछि रायाकी ठूली दिदी प्रभावतीको विवाह भयो ।[१६] यस पश्चात रायाले आफ्नो अध्ययनलाई अगाडि बढाउन सकिनन् । शिक्षामा अग्रसर भई रहेका भाइ टेकबहादुर रायामाझी र चारजना स-साना बहिनीहरूको आर्थिक सङ्कटले शिक्षा अधुरो नहोस् भनी उनी विदेसिएकी थिइन् ।[१७] उनले विदेश र स्वदेशका विभिन्न ठाउँमा शिक्षण पेसा गरी भाइ बहिनीहरूको अध्ययनमा सहयोग गरेकी थिइन् ।

क्याप्टेन बुद्धिमान लेप्चासँग वैवाहिक जीवनमा बाँधिन पुगेपछि उनको आर्थिक अवस्था अलि राम्रो भएको थियो । छोरी रविनाको जन्मपछि उनलाई शिक्षादीक्षा दिन थालिन् । एक छोरी रविनालाई डाक्टर बनाउनका लागि फेरि रायाले ठOलो सङ्घर्ष गर्नु पर्‍यो । उनका श्रीमानको जागिर सकिएपछि पनि दार्जिलिङतिर बसेकाले घर र छोरीको

---

[१३] नरेन्द्रराज प्रसाईं, **'नारीचुली'**, (काठमाडौं : नइ प्रकाशन, २०६३), पृ. २०० ।

[१४] शोधनायकसँग २०६७/१०/१५ गते उनकै निवासमा लिइएको मौखिक अन्तर्वार्ता अनुसार ।

[१५] **ऐजन** ।

[१६] राधिका राया, "आफ्नो विषयको चर्चा", **आत्मकथ्यः विविध**, (झापा : **जुही** प्रकाशन, २०६६) पृ. १० ।

[१७] शोधनायसँग २०६७/१०/१५ गते उनकै निवासमा लिइएको मौखिक अन्तर्वार्ता अनुसार ।

सम्पूर्ण जिम्मेवारी आफैले वहन गर्नु परेको थियो ।[१८] यसरी रायालाई जीवनको लामो समयसम्म आर्थिक सङ्कटले पिरोलिरहेको पाइन्छ ।

राधिका रायाले लामो समयसम्म शिक्षण पेसा गरी परिवारको आर्थिक अवस्था टार्दै आएकी छन् । हाल उनी शिक्षक सेवाबाट निवृत्त भई भद्रपुर भानुनगरस्थित आफ्नै घरमा बस्दै आएकी छन् । उनीसँग अहिले त्यही बसोबास गरेको एक तले घर र एक कट्ठा दस धुर जमीन रहेको छ ।[१९] अन्य सम्पूर्ण आर्थिक खर्च छोरीले बेलायतबाट पठाई दिने गरेकी छन् । हाल उनलाई कुनै पनि आर्थिक सङ्कट नपरेको र अवस्था राम्रो भएको पाइन्छ ।

## २.८ साहित्यिक क्षेत्रमा संलग्नता

राधिका रायले आफ्नो जीवनमा जे जस्ता साहित्यिक क्षेत्रमा संलग्नता देखाएकी छन् ; तिनलाई यहाँ प्रस्तुत गरिएको छ ।

### २.८.१ लेखनमा प्रेरणा र प्रभाव

दार्जिलिङको सुन्दर वातावरणमा हुर्केकी राधिका रायाको साहित्यिक लेखनमा त्यहाँका विभिन्न सामाजिक, प्राकृतिक, पारिवारिक, राजनैतिक, सांस्कृतिक, ऐतिहासिक तत्त्वहरूले प्रत्यक्ष र परोक्ष प्रभाव पारेको देखिन्छ । बाल्यावस्थादेखि नै साहित्यप्रति रुचि राख्ने रायाले विद्यार्थी जीवनमा विद्यालयका साहित्यिक कार्यक्रमहरूमा सहभागी भएको पाइन्छ । साहित्य सिर्जना गर्नका लागि त्यस समयका उनका गुरुहरू पारसमणि प्रधान, धरणीधर शर्मा, एम.एम. गुरुङ, हर्कबहादुर कुमाइँ, काजीमान कन्दङ्वा साथै आफ्नी आमा लक्ष्मीबाट प्रेरणा प्राप्त गरेकी थिइन् ।[२०] त्यस्तैगरी साहित्य सिर्जनामा प्रेरणा दिने सहपाठीहरू अच्छा राई **रसिक,** अगम सिंह गिरी र लक्खी वरुवा हुन् ।[२१] विद्यार्थी कालमा नै **कमल**, **सयपत्री**, **ताण्डव** आदि हस्तलिखित पत्रिकाको दार्जिलिङमा सम्पादन गरेकी राया साहित्य सिर्जनामा झन् प्रेरित भई विभिन्न साहित्यिक कार्यक्रममा समर्पित हुन थालिन् । राधिका रायाको ठ0लो घरसँग साहित्यकार रूपनारायण सिंह र इन्द्र सुन्दासको नजिकको सम्बन्ध थियो ।[२२] उनीहरूको सम्पर्कबाट पनि रायालाई साहित्य सिर्जना गर्न थप उर्जा पुगेको पाइन्छ ।

---

[१८] **ऐजन** ।

[१९] **ऐजन** ।

[२०] **ऐजन** ।

[२१] **ऐजन** ।

[२२] राधिका राया, "आफ्नो विषयको चर्चा", **आत्मकथ्य : विविध** (झापा : **जुही** प्रकाशन, २०६६), पृ. ७ ।

राधिका रायाले नेपाली उच्च कन्या विद्यालयमा कक्षा १० मा पढ्दा साहित्यकारहरू लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण समलाई अभिनन्दन गरेकी थिइन् । त्यही दिन उनले **मुनामदन** ल्याएर घरमा आमालाई पढेर सुनाएकी थिइन् ।[२३] **मुनामदन** पढेपछि रायालाई झन् साहित्य सिर्जना गर्न प्रेरणा मिल्यो ।

हाल पनि राधिका राया भाषाविद् चूडामणि रेग्मीको प्रेरणाले साहित्य सिर्जनामा अगाडि बढिरहेकी र पुस्तक प्रकाशन गर्दै आएकी छन् ।[२४] यसरी रायाले विविध स्रष्टाहरूबाट प्रेरणा र प्रभाव ग्रहण गरेर विद्यार्थी जीवनदेखि हालसम्म साहित्यका विविध विधामा कलम चलाएर नेपाली साहित्यको भण्डार भर्ने काम गरेकी छन् । नेपाली साहित्यकार बाहेक गोर्की, मार्क्स, सेक्सपयिर र वडस्वर्थजस्ता विदेशी साहित्यकारका कृतिहरूको पनि अध्ययन गरेर साहित्य लेखनमा अगाडि बढेकी देखिन्छिन् ।

### २.८.२ लेखनको सुरुवात र विस्तार

बाल्यावस्थादेखि नै आमाको प्रेरणाले साहित्यतर्फ आकर्षित रायाको पहिलो प्रकाशित रचना 'तिम्रो सम्झनामा' गद्य कविता हो । यो कविता २००७ साल मा प्रभात पत्रिकामा प्रकाशित छ ।[२५] उनको साहित्य लेखनको सुरुवात यही गद्य कविताबाट भएको छ । उनले यसभन्दा अगाडि **कलम**, **ताण्डव** र **सयपत्री** आदि हस्तलिखित पत्रिकाको सम्पादन गरेकी छन् । यसैगरी रायाले आफ्नो साहित्य लेखनलाई अगाडि बढाउने क्रममा २०१० सालमा **उदय** पत्रिकामा 'स्त्री शिक्षा' निबन्ध, २०११ सालमा नै 'जीवनको इच्छा' एकाङ्की २०११ सालमा **भारती** पत्रिकामा 'मेरो पहिलो समुन्द्र यात्रा' २०१२ सालमा 'आमा' लघुकथा **भारती** पत्रिकामा प्रकाशित गरेकी छन् । रायाले २०२१ सालमा सिङ्गापुरमा **उषा** हस्तलिखित पत्रिकाको सम्पादक मण्डलीमा बसेर पुस्तिकाको प्रकाशन गरेकी छन् ।[२६] त्यही समयमा उनले सिङ्गापुर सैनिकबाट प्रकाशित हुने साप्ताहिक पत्रिका **पर्वते** मा पनि गद्य कविता, कथा अनि संस्मरण लेखेकी छन् । यसरी रायाले देश विदेशबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकामा आफ्ना लेख रचनाहरू प्रकाशन गर्दै आएकी छन् । रायाले आफ्नो लेखहरू बिस्तार गर्दै पुस्तकाकार कृतिहरू प्रकाशनमा ल्याउँदै आएकी छन् । रायाको पहिलो प्रकाशित कृति २०२३ सालको **तिमी नगएकी भए** कथा सङ्ग्रह हो ।[२७] क्रमशः रायाले आफ्नो साहित्य लेखनमा निरन्तरता दिई अन्य कृतिहरू पनि प्रकाशन गरेकी छन् ।

राधिका रायाले नेपाली साहित्यका विविध विधामा कलम चलाएर आफ्नो बहुआयामिक व्यक्तित्वलाई चिनाएकी छन् । साहित्य सिर्जनाको आरम्भ गद्य कविताबाट

---

[२३] ऐजन, पृ. ७ ।

[२४] शोधनायकसँग २०६७/१०/१५ गते उनकै निवासमा लिइएको मौखिक अन्तर्वार्ता अनुसार ।

[२५] कमला दाहाल, "मेरो दृष्टिमा राधिका राया", **जुही**, (वर्ष २०, अङ्क १, पूर्णाङ्क ४५, २०५७), पृ. ६२ ।

[२६] **ऐजन** ।

[२७] **ऐजन** ।

गरेकी उनले क्रमशः कथा, एकाङ्की, निबन्ध, उपन्यास, समालोचना आदि विधामा कलम चलाएकी छन् ।

## २.९ स्वभाव र रुचि

बाल्याअवस्थदेखि नै इमान्दार र परिश्रमी रायाको स्वभाव र रुचि यहा प्रस्तुत् गरिएको छ ।

### २.९.१ स्वभाव

राधिका राया बाल्यकालदेखि नै गम्भीर, धेरै नबोल्ने, परिश्रमी, इमान्दार र शान्त स्वभावकी थिइन् । रायाकी आमा अत्यन्तै सरल, शिष्ट स्वभावकी भएका कारणले आमाको शील स्वभावको प्रभाव उनमा परेको देखिन्छ । अल्पभाषी र हसिलो स्वभाव भएकाले उनको जोसँग पनि चिनाजानी, कुराकानी हुन्छ । रायाको हृदय कोमल भए तापनि उनले भक्कानो फुटाएर रोएको क्षण कम पाइन्छ । रुन मन लागे पनि आँखा बाहिर आँसु आउन नदिने उनको छुट्टै स्वभाव छ ।[२८] आफ्ना दुःख सुखका कुरा साथीभाइलाई बाड्ने गर्छिन् । उनी जोसुकैका लागि आफूबाट हुन सक्ने कुनै पनि सहयोग गर्न तत्पर रहन्छिन् । उनी नयाँ व्यक्तिसँग अति सहज, सरल एवम् परिवारकै सदस्यहरू जस्तै स्वाभाविक व्यवहार गर्छिन् । सबैलाई सजिलै विश्वास गर्ने प्रवृत्तिले गर्दा समय-समयमा धोका भएको उनी बताउँछिन । उनी स्वयं पवित्र विचार राख्ने सौम्य र स्वतन्त्रप्रेमी व्यक्ति भएको हुँदा झगडा गर्ने, अशिष्ट प्रदर्शन गर्ने प्रवृत्तिदेखि सँधै टाढा रहन चाहन्छिन् । राया साहित्य साधनालाई अझै निरन्तरता दिने र समाज सेवा गर्दै जाने बताउँछिन् । उनी राम्रो आचरणलाई ग्रहण गर्ने नराम्रो आचरण त्याग्ने गर्दछिन् ।[२९] राया आफ्नो देश र देशको संस्कृतिलाई ज्यादै माया गर्दछिन् ।

### २.९.२ रुचि

राधिका राया साहित्य लेख्न, पढ्न सानै उमेरदेखि बढी मन पराउँथिन् । उनी देश विदेशबाट प्रकाशित विभिन्न पत्रपत्रिका पढ्न र देश विदेशका विभिन्न ठाउँहरू भ्रमण गर्न रुचाउँछिन् । रायालाई हरियो सागपात, दुध, दही, माछा, मासु सबै खाना मन पर्छ । रायालाई चिसो, हरियाली र फूलैफूलले ढकमक्कै भएको ठाउँ मन पर्छ । उनलाई सबैभन्दा मनपर्ने ठाउँ दार्जिलिङको घुमपहाड नै हो ।[३०] उनी आफ्नो देशको राष्ट्रियता, संस्कृति झल्किने खालका वस्तुहरू सङ्कलित गर्न मन पाराउँछिन् । सानैदेखि किताबहरू ज्यादै मन पराउने राया आफूलाई मनपर्ने किताब किनेर नपढ्दासम्म मनमा शान्ति नहुने बताउँछिन् ।

---

[२८] नरेन्द्रराज प्रसाइँ, **'नारीचुली'**, (काठमाडौं : नइ प्रकाशन, २०६३), पृ. २०० ।

[२९] शोधनायकसँग २०६७/१०/१५ गते उनकै निवासमा लिइएको मौखिक अन्तर्वार्ता अनुसार ।

[३०] **ऐजन** ।

खेलकुदमा फुटबल मन पराउने राया गीतकार अरूणा लामाका गीतहरू सुन्न रुचाउँछिन् ।[३१] यिनलाई सबैभन्दा बढी मनपर्ने चाड दशैं र तिहार हुन् । दशैं, तिहारमा टाढा-टाढाबाट आफन्तहरू आउने परिवारका सबै सदस्यहरूसँग भेटघाट हुनाले ज्यादै रमाइलो लाग्ने बताउँछिन् ।[३२] चलचित्र हेर्न सौखिन राया नेपाली चलचित्रभन्दा बढी हिन्दी चलचित्र हेर्ने गर्दछिन् ।

राधिका रायालाई साहित्यका क्षेत्रमा मनपर्ने व्यक्ति र पुस्तकमा भवानी भिक्षुको 'तिमी त बुढी भएछौ' र शिवकुमार राईको 'माछाको मोल' हुन् ।[३३] उनलाई मनपर्ने सङ्गीतकार गोपाल योन्जन, अमर गुरुङ हुन् । उनी नेपाली चलचित्रका अभिनेता राजेश हमालको अभिनय मन पराउँछिन् ।[३४] रायालाई कुनै पनि जातीय भेदभाव मन पर्दैन ।

बाल्यावस्थादेखि नै भावुक, सहनशील र धैर्यशाली व्यक्तित्वकी धनी राधिका रायामा प्रशासनिक कार्यतर्फको रुचिभन्दा साहित्यकार सुलभ, संवेदनशील गुण बढी रहेको पाइन्छ ।

## २.१० साहित्यिक मान्यता र जीवनदर्शन

कुनै पनि साहित्यकारको जीवनप्रतिको दृष्टि र चिन्तनको अध्ययन गरेर मात्र सिर्जनाको विश्लेषण र मूल्याङ्कन गर्न सकिन्छ । जन्मलोक र परलोक दुवैमा विश्वास गरे तापनि जन्मलोकको विकास र उन्नति कार्य गर्नु मानवकै कर्तव्य हो भन्ने मान्यता उनमा रहेको छ । जीवनभरी सङ्घर्ष गरेकी राया सादा जीवन उच्च विचारका भावनाहरू आत्मसात गर्दै परोपकारलाई नै सबैभन्दा ठOलो कल्याणकारी मार्गका रूपमा लिने गर्छिन् ।[३५] राया मानव मानवका बीचमा सहअस्तित्त्व कायम गरी सच्चा मानव भएर बाँच्नु नै जीवनको सही प्रयोजन रहेको बताउँछिन् । उनी समाजको आर्थिक, सामाजिक, ऐतिहासिक आदि पक्षहरू नै साहित्यको वास्तविक स्रोत ठान्दछिन् ।

राधिका रायाले साहित्यलाई छुट्टै ढंगले परिभाषा गरेकी छन् । उनका विचारमा 'साहित्यले केही न केही नयाँ कुरा दिनु पर्छ, साहित्य ऐना जस्तै प्रष्ट अरूलाई देखाउन सक्ने माध्यम हुनुपर्छ, साहित्य बिनाको जीवन उजाड हुन्छ । अचेतन मनलाई उर्जा दिने काम साहित्यले गर्दछ । स्रष्टाले साहित्य लेख्दा समाज र पाठकमा केही छाप पर्ने खालको हुनु पर्दछ'[घट] भन्ने दृष्टिकोण पाइन्छ ।

---

[३१] **ऐजन** ।

[३२] **ऐजन** ।

[३३] **ऐजन** ।

[३४] **ऐजन** ।

[३५] मोहन दुवाल, "राधिका रायाद्वारा सिर्जित साहित्यिक बिम्बहरूमा आफ्नै अर्थ र गरिमा छ" , **जुही** (वर्ष २०, अङ्क १, पूर्णाङ्क ४५, २०५७), पृ. १४ ।

[३६] **ऐजन** ।

राधिका राया साहित्यलाई जीवन दर्पण मान्छिन । त्यही दर्पणमा हेरेर मंजिल खोज्न कर्तव्यपूरा गर्न अनि बाँच्ने प्रेरणा साहित्यबाट नै प्राप्त हुने कुरा उनी बताउँछिन् ।[३७]

उनका विचारमा राजनीति र साहित्यका बीचमा अन्तरसम्बन्ध हुन्छ । राजनीति र सामाजिक दुरी बहेकै दिशातिर साहित्य बहिरहेको हुन्छ । राजनीतिले समाजमा उथलपुथल ल्याउने काम गर्दछ भने साहित्यले ती अराजकतालाई हटाउनमा मद्दत गर्दछ ।[घड] साहित्यले नै राजनीतिमा अगुवाइ गरेको पाइन्छ । कुनै पनि कलाकार साहित्यकार र राजनीतिज्ञले जीवन जगत्लाई हेर्ने दृष्टिकोण फरक-फरक खालका हुन्छन् । राधिका रायाले साहित्यलाई युगको चित्रण गर्ने ऐनाका रूपमा लिएकी छन् ।

## २.११ संस्थागत कार्यक्षेत्र

राधिका रायाले आफ्नो जीवनको धेरै समय जागिरमा बिताए पनि केही वर्षदेखि यता सक्रिय भई साहित्य लेखन, प्रकाशन र समाजसेवामा संलग्न रहेको पाइन्छ ।

### २.११.१ जागिरे कार्यक्षेत्र

राधिका रायाले शिक्षक जागिर लामो समयसम्म गरेकी छन् । पारिवारिक आर्थिक अवस्था ठिकै मात्र भएकाले उनी २० वर्षको उमेरदेखि नै शिक्षण पेसामा लागेकी थिइन् । रायाले २००८ सालदेखि २०५० सालसम्म देशविदेशका विभिन्न ठाउँमा शिक्षकको भूमिका निभाएकी छन् । सर्वप्रथम उनी धनकुटाको गोकुण्डेश्वर विद्यालयमा २००८ सालदेखि २०१० सालसम्म शिक्षण पेसामा आवद्ध भएकी थिइन् ।[३९] त्यसपछि राया जागिरका सिलसिलामा विदेशिनु परेको थियो । उनले २०११ सालदेखि २०२३ सालसम्म मलेसिया, सिङ्गापुर, हङकङमा अध्यापन गरेकी छन् ।[४०] त्यसपछि रायाले २०२३ सालदेखि २०२७ सालसम्म फेरि ब्यारेकपुर (कलकत्ता) ट्रान्जिट क्याम्पमा प्रधान अध्यापक भएकी थिइन् ।[४१] रायाको कलकत्ताको बसाइ २०२७ सालसम्म मात्र भएको थियो । विदेशमा शिक्षक पेसाबाट सेवा निवृत्त भएपछि पुनः उनी नेपाल फर्किन् । नेपालमा आएर पनि उनी शिक्षण पेसामा नै आबद्ध भएकी छन् । २०२९ सालदेखि रायाले झापा भद्रपुरको शारदा निम्न माधयामिक विद्यालयमा अध्यापन गरेकी थिइन् ।[४२] २०३४ साल साउनसम्म शारदा निम्न माध्यमिक विद्यालयमा अध्यापन गरेकी रायाले २०४३ साल भदौदेखि २०५० सालसम्म भद्रपुर

[३७] ऐजन ।

[३८] शोधनायकसँग २०६७/१०/१५ गते उनकै निवासमा लिइएको मौखिक अन्तर्वार्ता अनुसार ।

[३९] ऐजन ।

[४०] ऐजन ।

[४१] ऐजन ।

[४२] ऐजन ।

मा.वि.मा अङ्ग्रेजी विषयको अध्यापन गरेकी छन् ।[४३] रायाले चार दशकसम्म शिक्षण पेसामा सेवा गरेकी छन् ।

### २.११.२ राजनीतिक क्षेत्र

राधिका राया २००६ सालबाट राजनीतिक क्षेत्रमा संलग्न भएकी छन् । राया साहित्य सिर्जना, शिक्षण सेवा, समाजसेवामा जसरी समर्पित देखिन्छिन्, त्यसैगरी कुनै समयमा उनले राजनीतिक क्षेत्रमा पनि आफ्नो व्यक्तित्वको पहुँच देखाएकी छन् । विद्यार्थीकालमा नै रायाले दार्जिलिङको डम्बर सिंह गुरुङले अगुवाइ गरेको गोर्खा लिग्मा लागेर नेपाली भाषा र अधिकारको माग गरेकी थिइन् ।[४४] त्यसपछि राया नेपाल आएर २००६ सालदेखि राणा साशनको विरोध गर्दै त्यसम्बन्धी सक्रिय मोर्चामा बाँधिएकी छन् । यसै आन्दोलनमा उनले सक्रिय भूमिका निर्वाह गरेकाले मातृकाप्रसाद कोइरालाले उनलाई एउटा विशेष समारोहमा सम्मान गरेका थिए ।[४५] हाल आएर राया कुनै पनि राजनीतिकवादसँग संलग्न नरहेको बताउँछिन् । तर उनको साहित्यमा राजनीतिक प्रभाव परेको पाइन्छ । उनी साहित्यले नै राजनीतिमा पनि अगुवाइ गरेको हुन्छ भन्छिन् ।

### २.११.३ सामाजिक कार्यक्षेत्र

राधिका रायामा सामाजिक चेतनाका भावनाहरू धेरै पाइन्छन् । राया आफ्नो जीवनकालमा व्यक्तिगत स्वार्थभन्दा माथि उडेर समाज र देशको हकहितका लागि अगाडि बढेकी छन् । आज पनि उनी आफ्नो ठाउँबाट सामाजिक सेवामा संलग्न रहँदै अधिकांश समय साहित्य लेखनमा बिताउँदै आएकी छन् । राया रेडक्रस र नेपाल स्काउटजस्ता सामाजिक संस्थामा आबद्ध भई विद्यार्थीहरूलाई यसको बारेमा जानकारी दिँदै आएकी छन् ।[४६] समग्रमा उनी साहित्यकार मात्र नभएर सहयोगी भवनाकी एक समाजसेवक हुन् ।

### २.११.४ साहित्यिक तथा अन्य सङ्घ-संस्थामा संलग्नता

राधिका रायाले विभिन्न साहित्यिक तथा अन्य सङ्घ-संस्थामा संलग्न रहेर कार्य गर्दै आएकी छन् । राया संलग्न रहेर कार्य गरेका संस्थाहरूको विवरण यस प्रकार छन्:-

| क्र.सं. | संस्था | पद |
|---|---|---|
| १. | जीवन स्मृति प्रतिष्ठान, दमक (झापा) | आजीवन सदस्य |
| २. | प्रगतिशील लेखक सङ्घ झापा | सदस्य |
| ३. | देवकोटा स्मृति भवन (भद्रपुर) | उपाध्यक्ष |

[४३] **ऐजन** ।

[४४] नरेन्द्राराज प्रसाँई, **'नारीचुली'**, (काठमाडौं : नइ प्रकाशन, २०६३) , पृ. २०४ ।

[४५] **ऐजन** ।

[४६] शोधनायकसँग २०६७/१०/१५ गते उनकै निवासमा लिइएको मौखिक अन्तर्वार्ता अनुसार ।

| | | |
|---|---|---|
| ४. | भानु साहित्यिक पत्रिका (काठमाडौं) | आजीवन सदस्य |
| ५. | महानन्द  पुरस्कार समिति | सदस्य |
| ६. | लेखनाथ पुस्तकालय चन्द्रगडी (झापा) | संरक्षक सदस्य |
| ७. | वानिता (साहित्यिक परिवारिक त्रैमासिक) विराटनगर | आजीवन सदस्य |
| ८. | साहित्य चौतारी बिर्तामोड | सल्लाहकार |

तालिका सङ्ख्या १ : राधिका राया संलग्न रहेको सङ्घ-संस्था

### २.११.५ धार्मिक कार्यक्षेत्र

राधिका रायालाई धर्मप्रति ठOलो आस्था छ । विहान उठेर पूजापाठ गर्ने राया विभिन्न धार्मिक सङ्घ-संस्थासँग आबद्ध रहेर धार्मिक कार्यक्रममा सहभागी हुने गर्दछिन् । उनी सबै धर्मप्रति सहिष्णु देखिन्छन् । उनले धार्मिक कार्यका सिलसिलामा नेपालका मनकामना, मुक्तिक्षेत्र, पशुपतिनाथ, स्वयम्भू आदि स्थानको यात्रा गरेकी छन् । रायामा पुरानो धार्मिक मान्यतालाई समयसापेक्ष र व्यावहारिक बनाउनु पर्दछ भन्ने मान्यता रहेको पाइन्छ । यसरी राया धार्मिक कार्यमा प्रत्यक्ष संलग्न देखिन्छिन् ।

### २.१२ भ्रमण

भ्रमण गर्नु भनेको विभिन्न स्थानसँग परिचित हुनु हो । नेपाली साहित्यका विविध विधामा कलम चलाएर विद्वता हासिल गरेकी रायाले जागिरका साथै अन्य सिलसिलामा स्वदेश तथा विदेशका विभिन्न स्थानको भ्रमण गरेकी छन् । रायाले पूर्वी नेपलको धनकुटा, भोजपुर सप्तरी, सुनसरी, चितवन हुँदै पश्चिममा महाकालीसम्मका विभिन्न स्थानहरूको भ्रमण गरेकी छन् ।[४७] त्यस्तैगरी रायाले भारतका घुमपहाड, आसम, कलकत्ता आदि स्थान पनि राम्ररी घुमेकी छन् । जागिरका क्रममा २०११ सालदेखि २०२९ सालसम्म विदेशका विभिन्न ठाउँको भ्रमण गरेकी छन् ।[४८] यही समयावधिमा भारत लगायत मलेसिया, सिङगापुर, हङकङमा रही उनले ती ठाउँहरूको राम्रोसँग भ्रमण गर्न पाएकी छन् ।[४९] उनले जीवनमा सबैभन्दा लामो १२ दिनसम्मको पानीजहाजको यात्रा गरेकी छन् ।[५०] जागिरकै सिलसिलामा २०२३ सालदेखि २०२९ सालसम्म रायाले कलकत्ताको व्यारेकपुरका विभिन्न ठाउँमा घुम्ने मौका पाएकी छन् ।[५१] यसरी रायाले जागिरे जीवनमा देशका विभिन्न ठाउँ र विदेशको समेत भ्रमण गर्ने अवसर पाइन् ।

[४७] ऐजन ।

[४८] ऐजन ।

[४९] ऐजन ।

[५०] ऐजन ।

[५१] ऐजन ।

राधिका राया घुमफिर गर्ने क्रममा पनि अन्य मुलुकहरू पनि पुगेकी छन् । राधिका राया २०६४ सालमा आफ्नी छोरीसँग बेलायत घुम्न गएकी थिइन् ।[५२] उनले त्यही समयमा बेलायतका विभिन्न ठाउँहरू घुमेकी हुन । यस्तैगरी रायाले २०६६ सालमा कालिम्पोङतिरको **जुही** सद्भाव यात्रा गरेकी छन् ।[५३] भ्रमण गर्न अत्यन्तै रुचि राख्ने राया अझै पनि विभिन्न ठाउँमा साहित्यिक कार्यक्रममा सामेल भइरहेकी छन् । यसरी स्वदेश र विदेशको भ्रमण, जागिर दृश्यावलोकनबाट प्राप्त गरेका अनुभवहरूले उनको साहित्य लेखनमा प्रेरक तत्त्वका रूपमा काम गरेका छन् । भ्रमणमा भएका घटनाहरूलाई स्रष्टाले कुनै न कुनै माध्यमबाट व्यक्त भएको हुन्छ । त्यसैले साहित्य सिर्जनामा भ्रमणले पनि ठ0लो भूमिका खेलेको पाइन्छ ।

## २.१३ सम्मान र पुरस्कार

जीवनको उनान्असी वसन्त पार गरेकी राधिका राया नेपाली साहित्यको विकासमा आजसम्म निरन्तर लागिरहेकी छन् । उनले साहित्यिक क्षेत्रमा गरेका कार्यका आधारमा विभिन्न सम्मान र पुरस्कारद्वारा सम्मानित भएकी छन् । राधिका रायाले विभिन्न ठाउँमा साहित्यिक कार्यक्रमबाट सम्मानित भएका सम्मानको विवरण यस प्रकार छन्:-

| क.सं. | सङ्घ-संस्थाहरू | मिति |
|---|---|---|
| १. | पूर्वाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय | २०३३ |
| २. | अभिन्नदन (सम्मान) भद्रपुर मा.वि. (झापा) | २०५० |
| ३. | नेपाल शिक्षक सङ्घ | २०५० |
| ४. | देवकोटा स्मृति भवन (रजत जयन्ती), (भद्रपुर) | २०५२ |
| ५. | समता साहित्यिक परिवार (इलाम) | २०५४ |
| ६. | **जुही** (झर्रो नेपाली घर, चन्द्रगडी), (झापा) | २०५७ |
| ७. | साहित्यिक क्षेत्रतर्फ भद्रपुर ना.पा. स्वर्ण महोत्सव सम्मान | २०५८ |
| ८. | नवरङ्ग साहित्यिक प्रतिष्ठान धरमपुर, (झापा) | २०५९ |
| ९. | नेपाली साहित्य समाज उर्लाबारी (मोरङ) | २०५९ |
| १०. | शारदेश्वरी सरकारी कन्या मा.वि. स्वर्ण महोत्सव सम्मान | २०५८ |
| ११. | जन पुस्तकालय शिवकुमार राई स्मृति संस्थान (खरसाद्र) | २०६१ |
| १२. | मदन पुरस्कार स्वर्ण वर्ष सम्मान (काठमाडौं) | २०६२ |
| १३. | डा. नरेन्द्र चापागाईं स्मृति 'वनिता' साहित्य सम्मान, विराटनगर | २०६३ |

[५२] ऐजन ।

[५३] ऐजन ।

| | | |
|---|---|---|
| १४. | पल्लव साहित्य प्रतिष्ठान, चितवन (नारायणगढ) | २०६४ |
| १५. | विदुर इङ्गलिस बोर्डिङ हाइस्कूल (रजत महोत्सव) भद्रपुर, (झापा) | २०६४ |

तालिका सङ्ख्या २ : राधिका रायाले प्राप्त गरेका सम्मानहरू

राधिका रायाले विभिन्न ठाउँमा साहित्यिक कार्यक्रमबाट सम्मानको साथै पुरस्कार पनि प्राप्त गरेकी छन् । उनले प्राप्त गरेको पुरस्कारको विवरण यस प्रकार छन्:-

| क.सं. | साहित्यिक कार्यक्रमहरू | मिति |
|---|---|---|
| १. | एकाङ्की प्रतियोगिता सिङगापुर, रेडियो कार्यक्रम नेपाली विभागमा | २०११ |
| २. | भानु पुरस्कार **दियालो**, दार्जिलिङ | २०२० |
| ३. | जिल्ला शिक्षा समिति (झापा) | २०४५ |
| ४. | शिक्षण संस्था, भद्रपुर (झापा) | २०५० |
| ५. | निबन्ध प्रतियोगिता (द्वितीय स्थान) प्र.ले.स., झापा | २०५४ |
| ६. | लोकप्रिय पुरस्कार (साहित्यिक पत्रकार सङ्घ), काठमाडौं | २०५९ |
| ७. | जय नेपाल प्रतिभा प्रोत्साहन प्रतिष्ठान, विर्तामोड, (झापा) | २०६३ |
| ८. | शेरबहादर झापा ज्योति पुरस्कार | २०६३ |
| ९. | डा. नरेन्द्र चापागाईं स्मृति प्रतिष्ठान, विराटनगर | २०६५ |

तालिका सङ्ख्या ३ : राधिका रायले प्राप्त गरेका पुरस्कारहरू

## २.१४ निष्कर्ष

राधिका रायाको जन्म १९८८ सालमा झापाको अनारमनी- ६ बिर्तामा भएको हो । उनका बाबु नन्दलाल सिंह रायामाझी र माता लक्ष्मी रायामाझी हुन् । उनको जन्म झापामा भए तापनि बाल्यावस्था र शिक्षादीक्षा दार्जिलिङमा भएको हो । उनले कक्षा १ देखि इन्टरमिडियटसम्मको अध्ययन दार्जिलिङमा नै गरेकी थिइन् ।

रायाको साहित्यतर्फको अभिरुचि विद्यार्थी जीवनकालबाटै सुरु भएको पाइन्छ । उनी विद्यार्थी हुँदा नै विद्यालयमा विभिन्न साहित्यिक कार्यक्रममा संलग्न भएको पाइन्छ । उनको साहित्य लेखनमा पारिवारिक वातावरण, गुरुहरू र सहपाठीको प्रेरणाले ठूलो भूमिका खेलेको देखिन्छ । २००७ सालबाट औपचारिक रूपमा साहित्यका क्षेत्रमा प्रवेश गरेकी रायाले विविध विधामा कलम चलाएकी छन् । आफ्ना लेख रचनाहरू फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशित गर्दै आएकी रायाले पुस्तककार कृतिहरू पनि प्रकाशित गरेकी छन् । उनको पहिलो प्रकाशित कृति **तिमी नगएकी भए** (२०२३) कथा सङ्ग्रह) हो । यही कथा सङ्ग्रहको प्रकाशनपछि राया सार्वजनिक रूपमा चर्चामा आएकी हुन् । उनका अन्य प्रकाशित कृतिहरू क्रमशः **जीवनको इच्छा** (२०४९) एकाङ्की सङग्रह, **उनी गएको गोरेटो** (२०६०)

कथासङग्रह, **आत्मकथ्यः विविध** (२०६०), **राधिका रायाका रचना** (२०६४) हुन् । उनी साहित्यकारका साथै जागिरे, समाजसेवक, व्यवस्थापक, अभिभावकका रूपमा पनि परिचित बन्न पुगेकी छन् । विभिन्न सङ्घ-संस्थामा आवद्ध भएर कार्यहरू गर्दै आएकी रायाले विभिन्न क्षेत्रबाट सम्मान र पुरस्कार पनि प्राप्त गर्दै आएकी छन् । उनले स्वदेश र विदेशका विभिन्न ठाउँहरूको भ्रमण गरी सकेकी छन् । विद्यार्थी जीवनदेखि दार्जिलिङबाट साहित्यिक क्षेत्रमा प्रवेश गरेकी रायाले हालसम्म पनि साहित्य सिर्जनामा निरन्तरता दिइरहेकी छन् ।

तेस्रो परिच्छेद

# राधिका रायाको व्यक्तित्व

## ३.१ विषय परिचय

कुनै पनि व्यक्ति उसको जीवनको आरोह-अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया र जीवन भोगाइमा नै उसको समष्टि व्यक्तित्व निर्भर रहन्छ । व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक एवम् राजनीतिक पृष्ठभूमिले ठूलो भूमिका खेलेको हुन्छ । यी कुराका अतिरिक्त, शिक्षादीक्षा, रुचि, पेसा र जीवनजगत्प्रतिको दृष्टिकोण पनि व्यक्तित्व निर्माणका सहायक तत्त्व हुन् । व्यक्ति विशेषका अनुभव, ज्ञान, आस्था, झुकाव, शिक्षादीक्षा, मूल प्रवृत्ति तथा आर्जित गुण एवम् प्रवृत्तिहरूले व्यक्तित्व निर्माणमा सघाउ पुऱ्याउँदछ ।[१] रायाको व्यक्तित्व निर्माणमा एकातिर पारिवारिक वातावरणले मद्दत पुऱ्याएको पाइन्छ भने अर्कोतिर बाल्यकालमा बितेका दार्जिलिङको रमणीय परिवेश, विभिन्न साहित्यकारहरूसँगको सङ्गत र प्रेरणा, विभिन्न ठाउँको भ्रमण, जागिरे जीवनमा देशविदेशमा समेटेका घटना आदिले त्यत्तिकै भूमिका खेलेको देखिन्छ । राधिका रायामा विद्यार्थी जीवनदेखि नै साहित्यतर्फ चिन्तन, मनन र लेखनले विधि व्यक्तित्वको निर्माण भएको पाइन्छ भने जन्मजात प्राप्त शारीरिक व्यक्तित्व उनमा उल्लेखनीय रहेको छ । यसरी हेर्दा राधिका रायाको समष्टिगत व्यक्तित्वलाई बहुआयामिक भन्न सकिन्छ । उनको बहुआयामिक व्यक्तित्वका पाटाहरूलाई व्यावहारिक र सिर्जनात्मक रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

## ३.२ शारीरिक व्यक्तित्व

---

[१] दशरथ ओझा, **समीक्षाशास्त्र**, (दिल्ली: राजपाल एण्ड सन्स, इ. १९७५), पृ. ३१ ।

शारीरिक व्यक्तित्वले शरीरको बाह्य संरचनाहरू पहिचान गराउँछ । शारीरिक संरचनाका दृष्टिले राधिका राया गहुँगोरो वर्ण भएकी ४.५ फिट अग्ली छिन् ।[२] उनको अनुहार हँसिलो भएकाले खुलेको देखिन्छ । उनी न ज्यादा मोटी न दुब्ली आफ्नो उचाइ अनुसारको सुहाउँदी देखिन्छिन् । ठुला-ठुला आँखा, सानो नाक, सेता दाँतहरू उनका बाह्य शारीरिक व्यक्तित्व आकर्षण थप्ने तत्त्व हुन् । सानैदेखि आफूले सकेको काम आफ्नो परिवारलाई सघाउने सन्तोषी स्वभावकी राधिकालाई रोग र भोकले आजसम्म सताएको छैन । बाल्यावस्थादेखि नै पढाइमा धेरै रुचि राख्ने रायाले अरूले लेखेका किताब देख्दा आफूले पनि लेख्न पाए हुन्थ्यो भन्ने चाहना राख्थिन् । उनमा कसैसँग अनावश्यक झै झगडा नगर्ने, दुःख नदिने स्वभाव रहेको छ । उच्च मनोबल, शान्त, सौम्य, धैर्य, स्वावलम्बी र आत्मनिर्भताजस्ता गुणहरू रायामा पाइन्छ । सरल र मिजासिलो स्वभावका कारणले उनी सबै उमेरका व्यक्तिहरूसँग राम्रो सम्बन्ध राख्ने गर्दछिन् । राया सानैदेखि जातीय भेदभावहरू वास्ता नगर्ने भएकाले अन्तर्जातीय विवाह गरेको पाइन्छ । कुनै पनि कार्य सुरुवात गरेपछि पूरा गर्नु पर्छ भन्ने मान्यता यिनमा रहेको छ । बाल्यवस्थादेखि नै प्राकृतिक सौन्दर्यप्रति बढी आकर्षित हुने राया सानैदेखि वरिपरिको हरियाली, ढकमक्क फूलेका फूलहरूमा हराउने, रमाउने गर्थिन् । जीवनमा जस्तासुकै समस्याहरू आइपरे पनि धैर्य गर्न सक्ने क्षमता उनमा रहेको छ ।[३] रायाको बोलीमा भएको मिठास, नम्रता र स्पष्ट अभिव्यक्तिले अरूभन्दा अलि भिन्न व्यक्तित्वको पहिचान दिन्छ ।

## ३.३ साहित्यिक व्यक्तित्व

राधिका राया एक प्रतिभाशाली साहित्यकार हुन् । उनको साहित्यिक व्यक्तित्व अन्तर्गत स्रष्टा र द्रष्टा व्यक्तित्व पर्दछन् । यिनै व्यक्तित्वले उनको साहित्यिक व्यक्तित्वलाई चिनाएको पाइन्छ ।

### ३.३.१ स्रष्टा व्यक्तित्व

स्रष्टा व्यक्तित्वले जीवनको अवलोकनलाई आफ्नो ढङ्गले आत्मसात गरी प्रभावपूर्ण शैलीमा साहित्यको सिर्जना गर्नु हो । साहित्य सिर्जनाका लागि प्रतिभा हुनु पर्दछ भन्ने विद्वान्हरूको मत पाइन्छ । वास्तवमा साहित्यको बीज नै प्रतिभा हो । नवीन कुरा प्रकाशित हुनु नै प्रतिभा हो । त्यस्तैगरी साहित्य सिर्जनाका लागि व्युत्पत्ति र अभ्यासको पनि आवश्यकता पर्दछ भन्ने मान्यता धेरै विद्वान्हरूको पाइन्छ । राधिका रायाका मनभित्रबाट प्रस्फुटन भएका भावहरूलाई साहित्यका विविध विधामा छरिएर साहित्य सिर्जना भएका छन् । रायाका स्रष्टा व्यक्तित्वअन्तर्गत कथाकार, एकाङ्कीकार, कवि, निबन्धकार गीतकार र उपन्यासकार आदि पर्दछन् ।

---

[२] शोधनायकसँग मिति २०६७/१०/१५ गते उनकै निवासमा लिइएको मौखिक अन्तर्वार्ता अनुसार ।

[३] ऐजन ।

### ३.३.१.१ कथाकार व्यक्तित्व

राधिका रायाको सबैभन्दा सबल व्यक्तित्वको रूपमा कथाकार व्यक्तित्वलाई लिन सकिन्छ । विद्यार्थीकालदेखि नै कथा लेखन सुरु गरेकी रायाको पहिलो प्रकाशित कथा 'सानु' हो । यो कथा **भारती** पत्रिकामा २०१२ सालमा दार्जिलिङबाट प्रकाशित भएको हो ।[४] यही कथाको प्रकाशनपछि उनको औपचारिक कथाकार व्यक्तित्वको प्रारम्भ हुन्छ । यसपछि उनको **भारती** पत्रिकामै २०१२ सालमा 'आमा' लघु कथा प्रकाशित भएको पाइन्छ ।[५] फुटकर रूपमा पत्रपत्रिकामा आफ्ना कथा प्रकाशित गर्दै आएकी रायाका हालसम्म दुईवटा कथा सङ्ग्रहहरू प्रकाशित भएका छन् । उनका प्रकाशित कथा सङ्ग्रह **तिमी नगएकी भए** (२०२३) र **उनी गएको गोरेटो** (२०६०) हुन् ।

प्रकाशनको दृष्टिले राधिका रायाको पहिलो कथा सङ्ग्रह **तिमी नगएको भए** (२०२३) दार्जिलिङबाट भएको हो । यस कथा सङ्ग्रहभित्र १४ ओटा कथाहरू सङ्कलित गरिएका छन् । त्यस्तैगरी उनको अर्को कथा सङ्ग्रह **उनी गएको गोरेटो** (२०६०) झापाबाट प्रकाशित भएको छ । उनको यस कथा सङ्ग्रहभित्र २० वटा कथाहरू सङ्कलित छन् । यी सङ्ग्रहरूमा **भारती**, **उषा**, **दियालो**, **वैसालु**, **विश्वदीप**, **साहित्यलोक**, **भानु**, **लालीगुँरास**, **यथार्थ कुरा**, **नानी**, **स्मारिका**, **जुही**, **प्रतिभा** आदि पत्रपत्रिकामा प्रकाशित कथाहरू सङ्ग्रहित छन् । रायाको **उनी गएको गोरेटो** कथा सङ्ग्रहभित्रको उनी गएको गोरेटो कथा २०३० सालमा नै भानु पुरस्कारले पुरस्कृत भएको थियो जुन कथा **दियालो** पत्रिकामा प्रकाशित भएको पाइन्छ ।[६] उनका दुवै कथा सङ्ग्रहभित्रका कथाहरूमा काम र मामको खोजीमा आफ्नो मातृभूमि र साथीभाइहरूलाई छोडेर विदेसिन बाध्य भएका हजारौं नेपालीहरूका दुःख पीडाहरूलाई मूल विषयवस्तु बनाएकी छन् । यसका साथै उनका कथाहरूमा युगीन मानवीय जनजीवनको भोगाइ, माया प्रेम, सत्-असत् पक्ष, सामाजिक, आर्थिक, सांस्कृतिक, साहित्यिक परिस्थिति, मनोविज्ञान, नारीचेतना, जीवनमूल्य, आदि विविध सन्दर्भको राम्रो चित्रण पाइन्छ । रायाका धेरैजसो कथामा नारी पात्र मुख्य रूपमा रहेका छन् । यिनका कथामा नारी जीवनको विविध पक्षको मार्मिक र जीवन्त चित्रण पाइन्छ । वैयक्तिक आत्मराग, भाववेग, मानवता, आत्मिक प्रेम, प्रकृति प्रेम आदिको समिश्रणले गर्दा यिनका कथाहरू स्वच्छन्दतावादी बन्न पुगेका छन् । साथै यिनका कतिपय कथाहरूमा यथार्थ जीवन चरित्रको चित्रण पनि गरिएको पाइन्छ । यिनै माथिका कथाका विषयवस्तु र कथाकारिताका आधारमा उनको कथाकार व्यक्तित्वलाई परिचित गराउन सकिन्छ ।

### ३.३.१.२ एकाङ्कीकार व्यक्तित्व

---

[४] विष्णुप्रसाद कोइराला, "झापाली नारी हस्ताक्षर राधिका रायाको कथाकारिता", **जुही**, (वर्ष २०, अङ्क १, पूर्णाङ्क ४५, २०५७), पृ. १२३ ।

[५] **ऐजन** ।

[६] राधिका राया, चूडामणि रेग्मी, "सम्पादक्यौली", **राधिका रायाका रचना,** (झापा : **जुही** प्रकाशन, २०६५), पृ. त ।

विविध विधामा कलम चलाएकी राधिका राया एकाङ्कीकारका रूपमा सुपरिचित छिन् । राया विद्यार्थी अवस्थादेखि नै नाटक हेर्न र अभिनय गर्न रुचाउँथिन् । उनका २०१० मा 'आदर्शदीप' र 'जीवनको इच्छा' एकाङ्की **भारती** पत्रिकामा प्रकाशित भएका छन् ।[७] रायाको २०११ सालमा सिङ्गापुर सैनिक रेडियो रूपकद्वारा आयोजित प्रतियोगितामा जीवनको इच्छा एकाङ्की प्रशारित हुँदा प्रथम स्थानमा प्राप्त गरी पुरस्कृत भएकी थिइन् ।[८] फुटकर रूपमा धेरै एकाङ्की रचनाहरू लेख्दै आएकी रायाका हालसम्म एउटा मात्र एकाङ्की सङ्ग्रह प्रकाशित भएको छ । त्यो कृति **जीवनको इच्छा** एकाङ्की सङ्ग्रह हो । त्यस सङ्ग्रहभित्र ८ वटा एकाङ्कीहरू सङ्ग्रहित गरिएको छ । यो सङ्ग्रह बाहेक 'गौरी' एकाङ्की **राधिका रायाका रचना** कृतिमा समेटिएको छ । रायाका यस सङ्ग्रहभित्रका एकाङ्कीहरू क्रमशः 'प्रेमको प्रतीक', 'जीवनको इच्छा', 'प्रतिशोध', 'अधुरो कहानी', 'मुरली', 'म फर्केर आएँ', 'आदर्श प्रेम', 'मैले भूल गरें' हुन् । तीमध्ये 'प्रेमको प्रतीक', 'प्रतिशोध', 'अधुरो कहानी', **जीवनको इच्छा** एकाङ्की आकाशवाणी सैनिक केन्द्र सिङ्गापुरबाट प्रसारित भइसकेका छन् । अन्य एकाङ्कीहरू **भारती**, **साहित्य सङ्गम**, **पूर्णिमा**, **नेपाली एकाङ्की** र **नेपाली एकाङ्कीयात्रा** आदि विविध पत्रपत्रिकामा प्रकाशित भइसकेका छन् ।[९]

राधिका रायाको यस एकाङ्की सङ्ग्रहभित्रका एकाङ्कीहरूमा राष्ट्रिय भावना, जातपातको विरोध, समसामयिकता, माटोको प्रेम, समाजसुधारको आग्रह, प्रेममा विश्वास, मृत्युचेतना आदिको राम्रो चित्रण गरिएको छ । पुरुष र नारी दुवै खालका पात्रहरूको प्रयोग उनका एकाङ्कीमा पाइन्छ । उनका एकाङ्कीमा कवितात्मक शैली र पत्रात्मक शैलीको सरल प्रयोग पाइन्छ । आफ्ना एकाङ्कीहरूमा राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्याजस्ता गहन विषयवस्तुहरू प्रतिविम्बित गर्न सक्नु रायाको एकाङ्की लेखनगत कुशलता हो । यही समसामयिक परिवेशहरू समेटिएको एक मात्र एकाङ्की सङ्ग्रहभित्रका एकाङ्कीबाट उनको एकाङ्कीकार व्यक्तित्व सबल रूपमा निर्माण भएको छ ।

### ३.३.१.३ कवि व्यक्तित्व

राधिका रायाले अन्य विधा जस्तै कविता विधामा पनि कलम चलाएकी छिन् । उनको साहित्य लेखनको सुरुवात कविता विधाबाट भएको छ । रायाको पहिलो प्रकाशित कविता 'तिम्रो सम्झनामा' हो । यो २००७ सालमा **प्रभात** पत्रिकामा प्रकाशित गद्य कविता हो ।[१०] रायाले धेरै फुटकर कविताहरू रचना गरे पनि छुट्टै सङ्ग्रह प्रकाशित छैन । उनका कविताहरू **राधिका रायाका रचना** (छ्यासमिस सङ्गालो) र **प्रभात**, **महानन्द स्मारिका**,

---

[७] रामलाल अधिकारी, "एकाङ्कीकारका रूपमा श्रीमती राधिका" **जुही**, ( अङ्क १, वर्ष २०, पूर्णाङ्क ४५, २०५७), पृ. १४० ।

[८] **ऐजन** ।

[९] शम्भु ढकाल, "साहित्यकार राधिका राया", **जुही,** (वर्ष २०, अङ्क १, पूर्णङ्क ४५, २०५७), पृ. १४० ।

[१०] कमला दाहाल, "मेरो दृष्टिमा राधिका राया", **जुही** (वर्ष २०, अङ्क १, पूर्णाङ्क ४५, २०५७), पृ. ६२ ।

**झापाली कविता** आदि विविध पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । उनका प्रकाशित कविताहरू क्रमशः 'शशी', 'वर्षा', 'याद तिमीहरूको', 'अन्धकार' (बालकविता), 'हुरी' ( बालकविता), 'शुभकामना', 'तिम्रो पुकार', 'आशिष', 'हामी नारी' आदि हुन् । रायाका धेरै जसो कविता लघु आयामका छन् । यी कविताहरूमा नारी हृदयका कोमल भावहरूको साथै देशभक्तिको भाव, प्रकृति प्रेम, स्वच्छन्द ढङ्गमा व्यक्त भएको पाइन्छ । राया सामान्य विषयवस्तुहरू रोचकताका साथ प्रस्तुत गर्छिन् । गद्य र पद्य दुवै किसिमका कविता लेख्ने रायाका कविताको भाषाशैली सरल, सरस र मिठासपूर्ण रहेको छ । यिनका कविताहरूमा प्राकृतिक विम्ब, प्रतीक र अलङ्कारको प्रयोग गरिएको पाइन्छ । रायाका प्राप्त यिनै कविताहरूको अध्ययन गर्दा उनको कवि व्यक्तित्व सबल रहेको देखिन्छ ।

### ३.३.१.४ निबन्धकार व्यक्तित्व

राधिका रायाले साहित्यका अन्य विविध विधामा जस्तै निबन्ध विधामा पनि कलम चलाएकी छिन् । उनका फुटकर रूपमा रहेका निकै निबन्धहरूको रचना र प्रकाशन गरेबाट उनको निबन्धकार व्यक्तित्व सबल रहेको देखिन्छ । राधिका राया आत्मपरक निबन्ध लेख्ने निबन्धकार हुन् । यात्रासंस्मरणात्मक, संस्मरणात्मक, सम्बोधनात्मक आदि विभिन्न शैलीमा उनका आत्मपरक निबन्धहरू रहेका छन् । रायाको पहिलो प्रकाशित निबन्ध 'स्त्रीशिक्षा' हो । यसका प्रकाशन २०१० सालमा **उदय** पत्रिकामा भएको हो । उनको अर्को निबन्ध 'मेरो पहिलो समुन्द्र यात्रा' २०१० सालमा नै **भारती** पत्रिकामा प्रकाशित भएको छ ।[११] रायाको यस निबन्धमा आफूले १२ दिनसमम पानीजहाजमा गरेको यात्राको वर्णन पाइन्छ । रायाले निबन्धमा धेरै कलम चलाए पनि आफ्ना निबन्धहरूको सङ्ग्रह प्रकाशित गरेकी छैनन् । उनका निबन्धहरू **आत्मकथ्य : विविध** र **राधिका रायाका रचना** (छ्यासमिस सँगालो) मा समेटिएका छन् । ती दुई कृतिमा समेटिएका निबन्धहरू क्रमशः 'प्रभातको सम्झनामा', 'वसुन्धरालाई पत्र', 'तिम्रो सम्झनामा', 'भानु जयन्ति : विविध प्रसङ्ग', 'चितवन यात्रा', 'इटहरी साहित्यिक सद्भाव यात्रा', 'दार्जिलिङको पुरानो साहित्यिक गतिविधि', 'आफ्नो विषयको चर्चा' (क), 'आफ्नो विषयको चर्चा' (ख), 'आफ्नो विषयको चर्चा' (ग), 'मेरो पहिलो समुन्द्र यात्रा', 'भिखारीः विशेष झझल्को', 'यथार्थताको परिधिभित्र', 'सम्झनाको कोसेलीहरू', 'दुई थोपा आँसु', 'कति काली हो ?', 'स्नेही उपहार-बालिका तिमीलाई', 'हार्दिक शुभकामना ! स्वच्छन्द सोङ्मेनमा', 'आमाको पत्र छोरीहरू', 'भुलभुलैयाभित्रको मौनता' आदि हुन् । निबन्ध विधाको पनि उपविधामा पर्ने नियात्रा, संस्मरण आदि विधातत्त्वहरूको यथोचित मिश्रण उनका निबन्ध रचनामा पाइन्छ ।

राधिका रायाका निबन्धका मूल विषयवस्तु आफूले भोगेका र अनुभव गरेका कुरा, यात्रा विवरण, सामाजिक चेतना, आफ्नै चर्चा परिचर्चा, देशप्रेमको भाव आदि छन् । उनका

---

[११] **ऐजन** ।

निबन्धमा रागात्मक अनुभूतिका साथै विचारको सुन्दर संयोजन र सन्तुलन पाइन्छ । रायाका यिनै यात्रावर्णन र संस्मरणात्मक रचनाहरूका आधारमा उनको निबन्धकार व्यक्तित्वको मूल्याङ्कन गर्न सकिन्छ ।

### ३.३.१.५ गीतकार व्यक्तित्व

विविध विधामा कलम चलाएकी रायाको कवि व्यक्तित्वसँगै गीतकार व्यक्तित्व पनि आउँछ । उनले सानै उमेरदेखि गीत गुनगुनाउने गर्नुका साथै गीतको रचना पनि गर्ने गर्थिन् । उनको गीतकार व्यक्तित्व अन्य व्यक्तित्वजस्तो उर्वर देखिँदैन । हालसम्म उनको एउटै मात्र गीत प्रकाशित भएको छ । "सनाईको स्वरले पहाडै ढाक्यो लौ विहे सजायो लौ विहे सजायो" शीर्षकको गीतको शब्द रचना गरेकी छन्, जुन गीतले उनी लोकप्रिय बन्न पुगेकी छन् । यो गीत प्रसिद्ध गायक नवीन बर्देवाले गाएका थिए । यो गीत रेडियो नेपालबाट पनि प्रसारण गरिएको थियो । चूडामणि वशिष्ठ भन्छन्- "केटाकेटी छँदा सँधै गुनगुनाउने यो प्रिय गीत, रेडियोले खुब गाउँथ्यो तर यो गीतको रचयिता राधिका राया भनेर भर्खर मात्र थाहा भयो" ।[१२] रायाको यस गीतमा लोकलयको प्रयोग पाइन्छ । माया, प्रेम, वियोग, मिलनमा आधारित यस गीतमा प्राकृतिक विम्बहरूको प्रयोगले अझै रोचकता रौनकता र भव्यता थपेको पाइन्छ । यसरी उनको गीतकार व्यक्तित्व पनि सबल छ भन्न सकिन्छ ।

### ३.३.१.६ उपन्यासकार व्यक्तित्व

नेपाली साहित्यका विविध विधामा कलम चलाएकी राधिका राया उपन्यासकारका रूपमा पनि परिचित छिन् । उनले साहित्यिक यात्राको उत्तरार्द्धमा आएर उपन्यास लेख्न सुरुवात गरेकी छिन् ।[१३] हालसम्म उनको एउटा मात्र उपन्यास एउटा प्रकाशित छ । रायाको **कला** उपन्यास २०६६ सालमा प्रकाशित भएको छ । यस उपन्यासको पहिलो परिच्छेद **राधिका रायाका रचना** (२०६४) सालमा सङ्कलित भएर प्रकाशित भइसकेको छ । यो उपन्यासलाई छोटो र थोरै पन्नाहरूमा पूर्ण भएकाले लघु उपन्यास भन्न सकिन्छ । यस उपन्यासमा रायाले एकातिर नेपाली जाति-प्रेम, भाषा-संस्कृति प्रेम, राष्ट्रियताप्रतिको मोह, देखाएकी छिन् भने अर्कातिर नारीमा हुने धैर्य, सहनशीलता, साहस, दया, करुणा र कर्तव्यप्रति निष्ठा र लगाब देखाएकी छन् । रायाले यो उपन्यास सामाजिक एवम् प्राकृतिक परिवेशमा आधारित भएर लेखेकी छन् ।

यस उपन्यासमा जीवनका उकाली-ओरालीसँग सङ्घर्ष गर्दै अन्त्यमा सम्मानित र सम्पन्न जीवन प्राप्त गर्न सफल भएकी कला नामकी पात्रको जीवन साधना र सफलताको प्रस्तुति पाइन्छ । आयमका दृष्टिले सानो भए पनि उनको यस उपन्यासमा व्यापक र

---

[१२] राधिका राया, चूडामणि वशिष्ठ, "भूमिका", आत्मकथ्य : विविध, (झापा : **जुही** प्रकाशन, २०६०), पृ. ढ ।

[१३] शोधनायकसँग मिति २०६७/१०/१५ गते उनकै निवासमा लिइएको मौखिक अन्तर्वार्ता अनुसार ।

विस्तृत विषयहरू अँगालिएको पाइन्छ । लघु उपन्यासमा गहन परिवेशहरू अटाउन सक्ने रायामा ठूलो खुबी छ । मानवता, कलाप्रेमी स्वच्छन्द विचरण गर्न चाहने, सङ्गीतप्रेमी, प्रकृतिप्रेमी पात्रहरूको प्रयोगले राया स्वच्छन्दतावादी धारालाई अबलम्बन गरेर उपन्यास लेख्ने उपन्यासकार हुन् भन्न सकिन्छ ।

## ३.३.२ द्रष्टा व्यक्तित्व

राधिका रायामा स्रष्टा व्यक्तित्वका साथै द्रष्टा व्यक्तित्व पनि पाइन्छ । स्रष्टा व्यक्तित्व र द्रष्टा व्यक्तित्व रायाका साहित्यिक व्यक्तित्वका दुई पाटा हुन् । उनका स्रष्टा र द्रष्टा व्यक्तित्वक ाबीच परस्पर अन्तरसम्बन्ध देखिन्छ । "द्रष्टाले वस्तुस्थिति र भावका अभिव्यक्ति काव्यमा रहेका रचनात्मक मूल्यहरू मूल्याङ्कन गर्ने, त्यसका विशिष्टता र नवीनताहरू समीक्षण गर्ने त्यसको महत्त्वहरू स्थापित गर्ने निर्णायक व्यक्तित्व हो ।"[१४] आलोचकहरूलाई नै द्रष्टा भनिन्छ । रायाले प्राप्त गरेको शिक्षादीक्षा, सामाजिक, आर्थिक, राजनैतिक, ऐतिहासिक घटनाका आधारमा उनको द्रष्टा व्यक्तित्वलाई समीक्षक र लेखक गरी दुई भागमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

## ३.३.२.१ समीक्षक व्यक्तित्व

राधिका रायाको कलम साहित्य सिर्जनाका साथसाथै समीक्षाका क्षेत्रमा पनि अगाडि बढेको देखिन्छ । राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा चिनिदै आएका नेपाली भाषा र साहित्यका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने व्यक्तिहरूको व्यक्तित्व र उनीहरूको कृतिहरूको समीक्षा गरेकी छिन् । राधिका रायाका समीक्षात्मक लेखहरू **आत्मकथ्यः विविध** र **राधिका रायाका रचना** भने कृतिमा समेटेकी छिन् । उनले 'मेरा पूज्य गुरु पारसमणि प्रधानको सम्झना', 'कवि अगमसिंह गिरीलाई सम्झदा', 'मेरा पूज्य गुरु धरणीधर शर्मा', 'टिकाराम शर्माः अतितदेखि वर्तमानसम्मका सम्झना', 'कमलप्रसाद पोखरेलको 'हाउडी पूराणः एक परिचय', 'रोहिणी विलास लुइटेलका तीन कथाहरू एक दृष्टि', 'युगका पदचापभित्र डुबुल्की मार्दा', 'डा. नरेन्द्र चापागाईंका दुई यात्रा-संस्मरणात्मक निबन्ध' आदि लेखहरूमा साहित्यकार व्यक्तित्व र साहित्यकारहरूको प्रवृत्ति बारेमा चर्चा गरेकी छिन् । 'पूज्य गुरु स्वामी प्रबुद्धानन्दमा अटुट श्रद्धाञ्जली' शीर्षकको लेखमा स्वामी प्रब¬द्धानन्दसँग भएका घटनाहरूको समीक्षा गरेकी छन् । यसमा उनको स्वभाव र अध्ययनशीलताको पनि प्रशंसा गरिएको छ ।

'धर्मशीला खड्का (श्रीमती राई)ः मेरी बाल्यसखी' शीर्षकको लेखमा आफ्नो बाल्यावस्थाको साथी धर्मशीलासँग बिताएका अतीतका घटनाहरूको समीक्षा गरेकी छन् । रायाले साथी धर्मशीलासँग विभिन्न कार्यक्रमहरूमा भाग लिएको भ्रमण गरेको आदिको उल्लेख गर्नुका साथै उनको स्वभावको पनि प्रशंसा गरेकी छन् । "कोमलप्रसाद पोखरेलको हाउडी पूराणः एक परिचय" शीर्षकको लेखमा रायाले कोमलप्रसाद हास्यव्यङ्ग्य निबन्धकार

[१४] राजेन्द्र सुवेदी, **'स्रष्टा सृष्टिः द्रष्टा दृष्टि'**, ते.सं., (ललितपुर : साझा प्रकाशन, २०५८) पृ. १९६ ।

हुन् । उनका निबन्धमा देशमा भएका सामाजिक, आर्थिक, धार्मिक र राजनीतिक क्षेत्रमा कतिपय रुढि, अन्धविश्वास र विकृतिहरूलाई अनि म¬लुक भरिका कीटाणुहरूलाई हटाउन आफ्ना हाँस्य-व्यङ्ग्य प्रहार गर्दै समाजहरू प्रगतिको गोरेटोमा अघि बढाउने प्रेरणा दिएका छन् । रायाले उनको हाउडी प¬राण निबन्धभित्र 'धुम्रपान' शीर्षकको निबन्धमा धुम्रपानको प्रा

प्त र हानिलाई हाँस्य प्रहार गरेका छन् भनी समीक्षा गरेकी छन् । भक्तबहादुर नेपालीको "आजको चिन्तन हो परिचयात्मक समीक्षण" शीर्षकको लेखमा उनका कथाहरूका बारेमा चर्चा गरिएको छ । उनका कथाहरूमा देश र समाजको विकासको कामना, धर्म र ईश्वरमा जनकल्याणको भावना, पारिवारिक जीवनमा मेलमिलापको भावना आदि पाइन्छ भनी रायाले समीक्षा गरेकी छन् । "प्रगतिशील साहित्यकार के.पी. ढकाल" शीर्षकको लेखमा रायाले विविध विधामा कलम चलाएका साहित्यकार के.पी. ढकाल प्रगतिशील उपन्यास लेख्न सफल छन् भनी प्रशंसा गर्दै उनका उपन्यासको समीक्षा गरेकी छन् ।यसरी रायाले विभिन्न साहित्यकार र साहित्यका विविध विधा कथा, उपन्यास, एकाङ्की, कविता आदिको समीक्षा गरेकी छन ।

राधिका रायाले विभिन्न पत्रपत्रिकामा छपाएका लेख तथा कृतिको समीक्षा गरेका आधारमा उनले साहित्य र साहित्यकारको विषयमा प्रभावपरक र विश्लेषणात्मक समालोचना गरेकी छन । त्यसैले रायाको समीक्षक व्यक्तित्व पनि सबल रहेको पाइन्छ ।

### ३.३.२.२ लेखक व्यक्तित्व

राधिका रायाले साहित्य यात्रामा लेख रचना पनि लेखेकी छन् । उनको लेखक व्यक्तित्व त्यति उर्वर छैन । हालसम्म उनका 'रेडक्रमप्रति बालबालिकाको जिज्ञासा' र 'कर्तव्य पथमा नेपाली स्काउट' शीर्षकका दुई ओटा मात्र लेखहरू प्रकाशित छन् । उनका ती लेखहरू **आत्मकथ्यः विविध** मा सङ्कलित छन् । 'रेडक्रसप्रति बालबालिकाको जिज्ञासा' शीर्षकको लेखमा परिवारको उत्तरदायित्व निभाउन सक्ने, आफ्नो रक्षा गर्न सक्ने, आफ्नो देशको सामाजिक, आर्थिक, राजनीतिक प्रगति गर्न, आदर्श नागरिक बनाउन आमा शिक्षित हुनु पर्छ । त्यसैले आमामा बाह्य ज्ञान पनि समावेश हुनु आवश्यक छ भन्ने कुरा उल्लेख गरेकी छन् । यसका साथै रायाले यस लेखमा रेडक्रसलाई एउटा महान् परिवारमा गणना गर्दै रेडक्रसले राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको सहयोगको बारेमा चर्चा गरेकी छन् । त्यस्तै उनको 'कर्तव्यपथमा नेपाल स्काउट' शीर्षकको अर्को लेख हो । यस लेखमा विद्यार्थीलाई सही मार्ग देखाउनका लागि स्काउटको बारेमा जानकारी दिनु पर्छ भन्ने कुरा प्रस्तुत गरेकी छन् । उनले 'स्काउट' शब्दको अर्थ पनि यस लेखमा जानकारी गराएकी छन् । सामाजिक सेवाका भावहरू सरल, भाषाका माध्यमबाट प्रस्तुत गर्नु नै उनको विशेषता हो । उनका प्राप्त यिनै लेखहरूबाट लेखक व्यक्तित्व प्रष्ट पार्न सकिन्छ ।

## ३.४ साहित्येतर व्यक्तित्व

राधिका रायाको व्यक्तित्व साहित्यिक क्षेत्रमा मात्र नभएर साहित्येतर क्षेत्रमा पनि उत्तिकै सशक्त, प्रभावकारी र अनुकरणीय रहेको छ । व्यक्तिगत स्वार्थलाई पर सारेर राजनीतिक, सामाजिक, जागिरे जीवन, आध्यात्मिक तथा दार्शनिक, पारिवारिक उत्तरदायित्व वहनका आधारमा उनको साहित्येतर व्यक्तित्वहरू स्पष्ट पार्न सकिन्छ ।

### ३.४.१ सामाजिक व्यक्तित्व

राधिका रायाले आफूलाई साहित्यका क्षेत्रमा मात्र नभएर समाजसेवीका रूपमा पनि चिनाउन सफल भएकी छन् । उनले २०५१ सालमा भानुनगर स्थित 'देवकोटा स्मृति भवनमा' उपाध्यक्ष पदमा रहेर कार्य गरेको जानकारी दिन्छिन् ।[१५] जीवन अभिशाप होइन भन्न रुचाउने राया हाल 'जीवन स्मृति प्रतिष्ठान', **भानु** साहित्यिक पत्रिका, 'वनिता साहित्यिक परिवार', (त्रैमासिक) आदिको आजीवन सदस्य रहेकी छन् ।[१६] उनी 'प्रगतिशील लेखक सङ्घ', 'महानद पुरस्कार समिति' आदिमा सदस्य पदमा रहेर कार्य गर्दै आएकी छन् ।[१७] त्यस्तैगरी राया 'लेखनाथ पुस्तकालय चन्द्रगडी' मा संरक्षक सदस्य बनेर त्यस पुस्तकालयको सम्बर्द्धन गर्दै आएको बताउँछिन् ।[१८] समाजमा आई परेका समस्या समाधानका लागि उनी सँधै सक्रिय भएर नेतृत्वदायी भूमिका खेलेको देखिन्छ । यसरी राया विविध संस्था, पत्रपत्रिका आदिमा आफ्नो सक्रियता देखाइ एउटा असल समाजसेवीको रूपमा चिनिदै आएकी छन् ।

### ३.४.२ राजनैतिक व्यक्तित्व

राधिका रायाले जीवनको पूर्वार्द्धमा नै राजनीति पनि गरेको पाइन्छ । उनी जीवनको थोरै समय मात्र राजनीतिमा संलग्न भएकी छन् । रायाले २००५ सालमा दार्जिलिङको डम्बर सिंह गुरुङले अगुवाइ गरेको गोर्खा लिगमा लागेर नेपाली भाषा-अधिकारको माग गर्दै शोषणको विरुद्ध आन्दोलनमा सहभागी भएकी थिइन् ।[१९] उनी २००६ सालमा नेपाल आई राणाविरोधी 'मोर्चामा' सङ्गठित भई सक्रिय रूपमा अगाडि बढेको पाइन्छ ।[२०] हाल राया प्रत्यक्ष रूपमा कुनै पनि राजनीति दलमा संलग्न रहेकी छैनन् । उनका विचारमा राजनीति भनेको अस्थिर खालको हुन्छ । राजनीतिमा सँधै चलखेल भई रहन्छ । आज एउटा पार्टी सत्तामा जान्छ भने भोली अर्को पार्टी सत्तामा पुग्न सफल हुन्छ । राया जुन पार्टी सत्तामा

---

[१५] पूर्ववत ।

[१६] शोधनायकसँग मिति २०६७/१०/१५ गते उनकै निवासमा लिइएको मौखिक अन्तर्वार्तामा आधारित ।

[१७] **ऐजन** ।

[१८] **ऐजन** ।

[१९] नरेन्द्रराज प्रसाईं, **'नारीचुली'**, (काठमाडौं : नइ प्रकाशन, २०६३), पृ. २०४ ।

[२०] **ऐजन** ।

गए पनि जनता र देशको शान्ति शुरक्षा कायम राख्नु पर्छ भन्ने मान्यता राख्दछिन् । उनको राजनैतिक व्यक्तित्व पनि सबल नै रहेको छ भन्न सकिन्छ ।

### ३.४.३ जागिरे व्यक्तित्व

राधिका राया मध्यम वर्गीय परिवारमा जन्मेकी व्यक्ति हुन् । रायाले २००८ सालदेखि नै जागिरे जीवन बिताउँदै आएकी हुन् । उनी लामो समयसम्म शिक्षकको पेसामा संलग्न रहिन् । रायाको साहित्येतर व्यक्तित्वमध्येको एक महत्त्वपूर्ण व्यक्तित्व जागिरे व्यक्तित्व हो । दार्जिलिङबाट इन्टरमिडियट गरेकी राया राष्ट्रिय र अन्तर्राष्ट्रिय विभिन्न ठाउँहरूमा शिक्षण पेसामा संलग्न रहँदै आएकी छन् । रायाले २००८ सालदेखि २०१० सालसम्म धनकुटामा शिक्षक भएकी छन् ।[२१] त्यसपछि उनले विदेशका विभिन्न ठाउँहरूमा अध्यापन गर्ने मौका पाएकी छन् । २०११ सालदेखि २०२२ सालसम्म मलेसिया, सिङ्गापुर, हङकङमा अध्यापन गरेकी राया २०२३ सालमा कलकत्ता ट्रान्जिट क्याम्पमा प्रधान अध्यापक भएको पाइन्छ ।[२२] २०२९ सालदेखि २०५० सालसम्म रायाले झापाको भद्रपुरमा अध्यापन गरेकी छन् ।[२३] रायाले लगभग ४२ वर्षसम्म शिक्षण पेसामा जीवन बिताइसकेकी छन् । यही पेसाबाट नै यिनको व्यक्तित्वले मौलाउने र गन्तव्यमा पुग्ने अवसर प्राप्त गरेको देखिन्छ ।

### ३.४.४ अभिभावक व्यक्तित्व

राधिका राया जागिरका सिलसिलामा लामो समयसम्म परिवारभन्दा बाहिर रहेर जीवन बिताउनु परे तापनि आफ्नो परिवारमा उचित अभिभावकत्व प्रदान गरेको देखिन्छ । आफू विद्यार्थी छँदै बाबुको जागिर समाप्त भएकाले रायाले बहिनीको शिक्षादीक्षा, आकाङ्क्षा पूरा गरेर आफ्नो अभिभावक व्यक्तित्वलाई वहन गर्नु पर्‍यो । रायाले विवाहपछि पनि श्रीमान् परिवार बाहिर नै रहेकाले आफ्नी छोरीको शिक्षादीक्षा, इच्छा, आकाङ्क्षा पूरा गर्न आफैँले जिम्मेवारी वहन गर्नु परेको बताउँछिन् ।[२४] यसरी राया आफ्नो परिवारहरूको लागि उचित कार्य गरेर आफ्नो अभिभावकत्व प्रदान गर्न सक्षम भएकी छन् ।

### ३.४.५ आध्यात्मिक तथा दार्शनिक व्यक्तित्व

राधिका रायाको साहित्येत्तर व्यक्तित्व अन्तर्गत आध्यामिक तथा दार्शनिक व्यक्तित्व पनि पर्दछ । रायाले ध्यान गर्दा मन शान्ति र प्रशन्न हुने कुरा बताउँछिन् ।[२५] विहान उठेर दैनिक पूजापाठ गर्न रुचाउने राया विभिन्न धार्मिक सङ्घ-संस्थामा आवद्ध भई धार्मिक कार्यक्रममा सहभागी हुने गर्दछिन् । २०५३ सालदेखि 'ओम शान्ति' मा आबद्ध रहेकी राया

[२१] शोधनायकसँग मिति २०६७/१०/१५ गते उनकै निवासमा लिइएको मौखिक अन्तर्वार्ता अनुसार ।

[२२] **ऐजन** ।

[२३] **ऐजन** ।

[२४] **ऐजन** ।

[२५] **ऐजन** ।

हालसम्म सक्रियता दिँदै आइरहेकी छन् ।[२६] उनी परोपकारलाई नै सबैभन्दा ठूलो कल्याणकारी मार्गका रूपमा लिने गर्छिन् । मानव मानवका बीचमा सहअस्तित्त्व कायम गरी बाँच्नु नै जीवनको सही प्रयोजन रहेको बताउँछिन् ।[२७] यिनै विषयवस्तुका आधारमा उनको आध्यात्मिक व्यक्तित्वलाई प्रष्ट पारिएको छ ।

### ३.४.६ व्यवस्थापक व्यक्तित्व

राधिका रायाले व्यवस्थापकका क्षेत्रमा पनि कार्य गरेको पाइन्छ । उनले २००५ सालमा दार्जिलिङबाट **सयपत्री**, **ताण्डव**, **कलम** हस्तलिखित पत्रिकाको प्रकाशन कार्यका साथै व्यवस्थापन काम पनि गरेकी छन् ।[२८] ती पत्रिकामा सिर्जनात्मक लेख रचनाहरू प्रकाशित भएका थिए । २०२१ सालमा सिङगापुरबाट प्रकाशित **उषा** नामक पुस्तिकाको सम्पादन रायाले आफै गरेको पाइन्छ । शिवालय मन्दिर निर्माण भद्रपुरमा अध्यक्ष पदमा रहेर भवन निर्माण कार्य गरेकी छिन् । यसरी रायाले विभिन्न साहित्यिक पत्रपत्रिकाहरूको सम्पादन, प्रकाशन, व्यवस्थापन, भवन निर्माण कार्यमा सक्रिय सहभागी भएर आफ्नो व्यवस्थापक व्यक्तित्वलाई चिनाउन सफल भएकी छन् ।

### ३.४.७ बहुभाषी व्यक्तित्व

राधिका रायाको साहित्येतर व्यक्तित्वको अर्को महत्त्वपूर्ण पाटो बहुभाषी व्यक्तित्व पनि हो । नेपाली भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्ने रायाले हिन्दी, अङ्ग्रेजी, संस्कृत भाषा पनि जानेकी छन् । उनले हिन्दी र अङ्ग्रेजी भाषा औपचारिक शिक्षाबाट जानेकी पाइन्छ । रायाले शिक्षा आर्जन दार्जिलिङबाट गरेकाले उनको अङ्ग्रेजी निकै राम्रो भएको पाइन्छ । साहित्यिक व्यक्तित्वको निर्माण र विकासमा उनको बहुभाषी व्यक्तित्वले महत्त्वपूर्ण प्रभाव पारेको देखिन्छ ।

## ३.५ जीवनी, व्यक्तित्व र कृतित्वबीचको अन्त : सम्बन्ध

राधिका रायाको असी वर्षको लामो जीवन विभिन्न सुखद एवम् दुःखद परिस्थितिहरू झेल्दै गुज्रेको देखिन्छ । आफूले बाल्यकालदेखि हालसम्म स्वदेश र विदेशमा भोगेका सुख दुःख सरल र कठिन परिस्थिति, विभिन्न सङ्संस्थामा कार्य गर्दाका अनुभव आदिको ज्ञान एवम् सीपबाट यिनको साहित्यिक व्यक्तित्व निर्माण भएको देखिन्छ । जीवनका आरोह-अवरोह अनुरुप नै उनमा भिन्नभिन्न किसिमको व्यक्तित्व निर्माण भएको देखिन्छ भने तिनको प्रभाव उनका कृतिहरूमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा पनि रहेको पाइन्छ । जीवन भोगाईले उनलाई कथाकार एकाङ्कीकार, कवि, निबन्धकार, उपन्यासकार, समीक्षक, अभिभावक, लेखक आदि रूपमा स्थापित गराइसकेको छ । उनले आफ्नो जीवन बिताउने

---

[२६] **ऐजन** ।

[२७] **ऐजन** ।

[२८] राधिका राया, **'आत्मकथ्यः विविध'**, (झापा : **जुही** प्रकाशन, २०६०), पृ. १० ।

सन्दर्भमा जुन-जुन स्थानहरूमा पुगेर जे-जस्ता अनुभवहरू बटुलेकी त्यसैअनुरूप उनको व्यक्तित्व फैलिदै गएको पाइन्छ । जागिरको सिलसिलामा सिङ्गापुर, मलेसिया, हङ्कङ, कलकत्ता आदि ठाउँमा पुगेकी रायाले पल्टनमा नेपालीहरूले भोग्नु परेका समस्याहरूलाई आफ्ना कथाको विषयवस्तु बनाएकी छन् । जागिरको सिलसिलामा सिङ्गापुरमा रहदाँ पल्टनमा एक नेपालीले भोग्नु परेका दुःखद घटनालाई विषयवस्तु बनाएर 'बाबुको रहर' कथामा लेखेकी छन् । यस कथामा उनले प्रत्यक्ष देखेका सुनेका घटनालाई समावेश गरेको पाइन्छ । उनका कथामा सामाजिक आर्थिक, सांस्कृतिक, साहित्यिक परिस्थिति, मनोविज्ञान, मायाप्रेम आदिको राम्रो चित्रण पाइन्छ । उनका एकाङ्कीहरूमा जातपातको विरोध, माटोको माया, समाजसुधारको आग्रह, मृत्युचेतना, प्रेममा विश्वास आदि विषयवस्तुलाई समावेश गरिएको छ । उनले आफ्ना निबन्धका विषयवस्तु आफू र आफूले भोगेका अनुभव गरेका कुरा आदि बनाएकी छन् । जाति, प्रेम, भाषा, संस्कृति प्रेम, राष्ट्रियताप्रतिको मोह, नारीमा हुने धैर्य, सहास आदि विषयवस्तुको समावेश उनको उपन्यासमा गरिएको छ । यसरी आफ्नो उमेर, तत्कालीन समय र परिस्थितिअनुसारको सोचाइ, आफूले भोगेका युगको अवस्था अनि तत्कालीन सामाजिक सांस्कृतिक वातावरण, वैयक्तिक आत्मराग, भावावेग, मानवतावादी, प्रकृतिप्रेम आीदका प्रतिविम्ब उनका साहित्यिक कृतिहरूमा देख्न सकिने भएको उनको जीवनी, व्यक्तित्व कृतित्व लेखनका बीच अन्तः सम्बन्ध रहेको देखिन्छ ।

## ३.६ निष्कर्ष

साहित्यकार राधिका रायाले लगभग आठ दशकको जीवन व्यतीत गरिसकेकी छन् । रायाको व्यक्तित्वहरू शारीरिक, साहित्यिक र साहित्येतर गरेर केलाइएको छ । उनको शारीरिक व्यक्तित्वअन्तर्गत शारीरिक बनोट, धैर्य र सहनशीलता, भावुकताजस्ता विशेषताले चिनाउने प्रयास गरिएको छ । उनको साहित्यिक व्यक्तित्व स्रष्टा र द्रष्टा गरी विभाजन गरिएको छ । उनका स्रष्टा व्यक्तित्वअन्तर्गत कथाकार, कवि, एकाङ्कीकार, निबन्धकार, उपन्यासकार आदि व्यक्तित्व रहेका छन् भने द्रष्टाअन्तर्गत समीक्षक र लेखक व्यक्तित्व रहेका छन् । उनको साहित्येतर व्यक्तित्वमा सामाजिक, राजनैतिक, जागिरे, व्यवस्थापक, अभिभावक, बहुभाषीजस्ता विशेषता रहेका छन् । उनका साहित्यिक कृतिहरूको अध्ययन गर्दा उनी मूलतः स्वच्छन्दतावादी साहित्यकार हुन् भन्न सकिन्छ । यसरी बाल्यावस्थादेखि आजसम्म रायाको जीवनी र व्यक्तित्वहरू हेर्दा जीवन भोगाइका अनुभव अनेक आरोह-अवरोह विभिन्न सङ्घ-संस्थाहरूसँगको संलग्नता, विदेशको बसाइ विभिन्न विशिष्ट व्यक्तिसँगको सम्पर्क आदिले गर्दा उनको साहित्य सिर्जनामा राम्रो संयोजन भएको छ । उनी अहिले साहित्यिक लेखन र साहित्येतर लेखनमा क्रियाशील रहेकी छन् । । प्रारम्भ कालमा जस्तो भाषा, शिल्प र विषयगत अपरिपक्वताबाट उनको लेखन विस्तारै परिपक्व, प्रौढ र निखारयुक्त बन्दै गएको छ ।

*चौथो परिच्छेद*

# राधिका रायाको साहित्यिक यात्रा र प्रवृतिहरू

## ४.१ विषय परिचय

विविध विधामा कलम चलाएकी राधिका रायाको साहित्यिक यात्रा लामो रहेको छ। उनी लामो समय साहित्यमा साधनारत हुँदा विभिन्न फुटकर रचनादेखि लिएर पुस्तकाकार कृतिहरू पनि प्रकाशित गरेकी छन्। उनको साहित्यिक यात्रा र विविध विधागत साहित्यिक प्रवृत्तिहरूको सङ्क्षिप्त अध्ययन यस परिच्छेदमा गरिएको छ।

## ४.२ राधिका रायाको साहित्यिक यात्रा

नेपाली साहितयका विभिन्न विधामा कलम चलाएकी राधिका रायाको जन्म १९८८ सालमा झापाको अनरमनीमा भएको हो। साहित्यकार रायाको साहित्यिक योगदान महत्वपूर्ण रहेको पाइन्छ। रायाको साहित्यिक जीवनको प्रारम्भ विद्यार्थी जीवनकालसँगै अगाडि बढेको देखिन्छ। २००७ सालमा दार्जिलिङमा सन्त जोसेफ कजेलमा अध्ययन गर्दै गर्दा रायाको 'तिम्रो सम्झना' नामक गद्य कविता **प्रभात** पत्रिकामा प्रकाशित भएको थियो। उक्त कविताबाट रायाको साहित्यिक यात्रा प्रारम्भ भएको हो। रायाले यो भन्दा अगाडि नै विभिन्न हस्तलिखित पत्रपत्रिका **ताण्डव**, **सयपत्री** र **कमल** आदिको प्रकाशन गर्दै आएकी थिइन्। साहित्यतर्फ अत्यन्तै रुचि राख्ने रायाले २००७ सालदेखि निरन्तर रूपमा फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित गर्दै आएकी छन्। २०१० सालमा 'स्त्रीशिक्षा' निबन्ध **उदय** पत्रिकामा प्रकाशित। गरे तापनि यो हाल प्राप्त छैन। यसरी विविध विधाका सिर्जनात्मक लेखहरू पत्रपत्रिकामा प्रकाशन गर्दै आएकी रायाले २०२३ सालमा पुस्तककार कृति प्रकाशन गरेकी छन्। उनको आफ्नो साहित्यिक यात्राको पहिलो प्रकाशित कृति **तिमी नगएकी भए** (२०२३) कथा सङ्ग्रह हो। उक्त कथा सङ्ग्रहको प्रकाशनसँगै सार्वजनिक बनेकी रायाको सिर्जनात्मक। निरन्तर अगाडि बढिरहेको छ। साठी वर्षसम्मको साहित्यिक यात्रामा रायाले विविध विधामा कलम चाएकी छन्।

### ४.२.१ प्रकाशित पुस्तकाकार कृतिहरू

रायाले जीवनको लामो समय साहित्य साधनामा व्यतीत गरे पनि पुस्तककार कृतिहरू छ ओटा मात्र प्रकाशित गरेकी छन्। उनले यी कृतिहरूमा पहिला नै पत्रिकामा प्रकाशित रचनाहरू सङ्कलन गरेर प्रकाशित गरेकी छन्। ती प्रकाशित पुस्तकाकार कृतिहरू निम्नानुसार रहेका छन् :

| क. सं | कृतिको नाम | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | तिमी नगएकी भए | कथा सङ्ग्रह | २०२३ |
| २ | जीवनको इच्छा | एकाङ्की सङ्ग्रह | २०५९ |
| ३ | उनी गएको गोरेटा | कथा सङ्ग्रह | २०६० |
| ४ | आत्मकथ्य: विविध | लेख रचनाहरू | २०६० |
| ५ | राधिका रायका रचना | छायास्मिस सङ्गालो | २०६४ |
| ६ | कला | उपन्यास | २०६६ |

तालिका सङ्ख्या ४ : राधिका रायाको प्रकाशित पुस्तकाकार कृतिहरू

## ४.२.२ प्रकाशित फुटकर लेख रचना

राधिका रायाले विभिन्न साहित्यिक पत्रपत्रिकामा थुप्रै रचनाहरू फुटकर रूपमा प्रकाशित गर्दै आएकी छन् । उनले यिनै पत्रपत्रिकामा प्रकाशित फुटकर रचनाहरू पछि सङ्ग्रहमा सङ्कलित गरेकी छन् । ती फुटकर रचनाहरू निम्नानुसार रहेका छन् :

| क्र. सं | शीर्षक | विधा | प्रकाशन स्रोत/पत्रपत्रिका | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १ | तिम्रो सम्झनामा | कविता | प्रभात | २००७ |
| २ | स्त्री शिक्षा | निबन्ध | भारती | २०१० |
| ३ | मेरो पहिलो समुन्द्र यात्रा | निबन्ध | भरती | २०११ |
| ४ | जीवनको इच्छा | एकाङ्की | सिङ्गापुर सैनिक | २०११ |
| ५ | सानु | कथा | कथा-भारती | २०१२ |
| ६ | आमा | कथा | कथा-भारती | २०१२ |
| ७ | प्रेमको प्रतिक | एकाङ्की | आकाशवाणी सैनिक केन्द्रबाट प्रसारित | २०१२ |
| ८ | प्रतिशोध | एकाङ्की | आकाशवाणी सैनिक केन्द्रबाट प्रसारित | २०१३ |
| ९ | अधुरो कहनी | एकाङ्की | आकाशवाणी सैनिक केन्द्रबाट प्रसारित | २०१४ |
| १० | मुरली | एकाङ्की | साहित्य-सङ्गम | २०१५ |
| ११ | म फर्केर आएँ | एकाङ्की | पूर्णिमा | २०१५ |
| १२ | बा ! बा ! | कथा | उषा | २०२२ |
| १३ | मैले भूल गरें | एकाङकी | नेपाली एकाङ्की यात्रा | २०३४ |
| १४ | आजको साँझ | कथा | लालीगुराँस | २०३५ |
| १५ | उनी | कथा | विश्वदीप | २०३६ |
| १६ | छिमेकीको सम्झना | कथा | साहित्यलोक | २०३७ |

| | | | | |
|---|---|---|---|---|
| १७ | अन्तिम दर्शन | कथा | साहित्यलोक | २०३८ |
| १८ | भदौरे झरीले | कथा | भानु | २०३८ |
| १९ | आफ्नो विषयको चर्चा (क) | संस्मरण | यथार्थ कुरा | २०५० |
| २० | राखी त्यहारको दिन | कथा | प्रतिभा | २०५२ |
| २१ | म के भनुँ | कथा | यथार्थ कुरा | २०५३ |
| २२ | आदर्श प्रेम | एकाङ्की | नेपाली एकाङ्की | २०५३ |
| २३ | नारीमा समस्या | कथा | स्मारिका | २०५५ |
| २४ | धरणीधर कोइराला, टीकाराम शर्मा, अगमसिंह गिरी | समालोचना | यथार्थ कुरा | २०५५ |
| २५ | दुई थोपा आँसु | निबन्ध | सुखानी | २०५५ |
| २६ | सम्झनाका कोसेलीहरू | निबन्ध | आँखे पाचौं किरण | २०५६ |
| २७ | एउटी नारीको कथा | कथा | नानी पूर्णाङ्क पाँच | २०५६ |
| २८ | त्यस दिनको प्रतिक्षा | कथा | **जुही** पूर्णाङ्क ४५ | २०५६ |
| २९ | भिखारी : विशेष झझल्को | निबन्ध | **जुही** पूर्णाङ्क ४५ | २०५७ |
| ३० | कथाकार माधव भँडारी ज्यूको एउटा कथा | समालोचना | **जुही** पूर्णाङ्क ४७ | २०५८ |
| ३१ | आमाको पत्र छोरीलाई | निबन्ध | सुसेली | २०६५ |
| ३२ | भूलभूलैयभित्रको मौनता | निबन्ध | दियालो | २०६५ |
| ३३ | बालबालिकाका प्रिय लेखक श्यामप्रसाद | समालोचना | ज्ञानगुनका कुरा | २०६५ |
| ३४ | भारतीकालीन श्यामकृष्ण श्रेष्ठाको समझना | समालोचना | **जुही** पूर्णाङ्क. ५७ | २०६५ |
| ३५ | तिम्रा अक्षरहरूको आयम | समालोचना | नेपाली त्रैमासिक २०० | २०६६ |
| ३६ | भानुका सम्पादक भावनी | समालोचना | भानु स्मारिका | २०६६ |
| ३७ | केही स्मृति कवि घिमिरे प्रति | समालोचना | साहित्यिक सचेतता | २०६६ |

तालिका सङ्ख्या ५ : राधिका रायाका प्रकाशित फुटकर रचनाहरू

यस बाहेक **साहित्यसङ्गम**, **पूर्णिमा**, **यथार्थ कुरा**, **महानन्द स्मारिक** आदि विभिन्न पत्रपत्रिकामा उनका विभिन्न लेख रचना टिप्पणी प्रकाशित भएका छन् ।

## ४.२.३ चरण विभाजन

विभिन्न पत्रपत्रिकामा २००७ सालदेखि लेखरचनाहरू प्रकाशन गर्दै आएकी रायाको सार्वजनिक साहित्यिक यात्रा २०२३ सालमा **तिमी नगएकी भए** कथा सङ्ग्रहको प्रकाशनबाट

भएको पाइन्छ । (हालसम्म छ ओटा कृतिहरू पुस्तकाकारमा रहेका छन् । उनका यिनै प्रकाशित पुस्तकाकार कृतिहरूलाई आधार मानेर रायाको साहित्यिक यात्रालाई चरण विभाजन गरिएको छ । उनका साहित्यिक यात्रा मूलतः दुई चरणमा विभाजन गरिएको छ । ती दुई चरणलाई पनि उपचरणमा उल्लेख गरिएको छ :

प्रथम चरण (२००७ देखि २०५९ सम्म)

द्वितीय चरण (२०६० देखि हालसम्म)

## ४.२.३.१ प्रथम चरण (२००७ देखि २०५९ सम्म)

प्रथम चरणलाई अभ्यासकालीन र सार्वजनिक गरी दुई चरणमा विभाजन गर्न सकिन्छ । रायाको अभ्यासकालीन चरणलाई उनका प्रकाशित फुटकर रचनाहरूका आधारमा विभाजन गरिएको छ । 'तिम्रो सम्झनामा' (२००७ : गद्य कविता), 'स्त्रीशिक्षा' (२०१० : निबन्ध), **जीवनको इच्छा** (२०११ : एकाङ्की), 'मेरो पहिलो समुन्द्र यात्रा' (२०११ : निबन्ध) 'सानु' र 'आमा' नामक कथा (२०१२) साथै २०२२ सालमा लेखिएको 'बा ! बा !' नामक कथालाई अभ्यासकालीन चरणका प्रतिनिधि रचनाका रूपमा राख्न सकिन्छ । उनका यस कालका रचनाहरूमा तत्कालीन समयको नेपाली समाजको वस्तुस्थितिको चित्रण, नारीसमस्या, पुरानो पुस्ता र नयाँ पुस्ताबीचको द्वन्द्व, लाहुरेको जीवनमा घटेका दुःखद घटनाको उल्लेख, जातपातको विरोध, मातृत्वप्रेम, वात्सल्य प्रेम, सामाजिक जनजीवनको चित्रण, आफूले भोगेका, देखेका, अनुभव गरेका कुराको वर्णन भएको पाइन्छ ।

राधिका रायाको सार्वजनिक अवस्था २०२३ सालपछिको समयलाई लिन सकिन्छ । उनका प्रकाशित कृतिका आधारमा सार्वजनिक काल भनी विभाजन गरिएको छ । यस चरणको प्रकाशित पहिलो कृति **तिमी नगएकी भए** (२०२३) कथा सङ्ग्रह र अन्तिम कृति **जीवनको इच्छा** (२०५९) एकाङ्की सङ्ग्रह हो । उक्त कृतिहरूमा अभ्यासकालीन समयमा प्रकाशित रचनाहरू पनि सङ्कलित गरिएको छ ।

**तिमी नगएकी भए** कथा सङ्ग्रहभित्रका धेरै कथा भारतकालीन भूमिमा आधारित भएर लेखिएका छन् । मानव जातीको उमेर अनुसारका अनुभूतिहरू, आर्थिक समस्याले विदेसिन बाध्य नेपालीहरूको दुःख पीडा, युगीन मानवीय जनजीवनका भोगाइ, जीवनमूल्य, नारी समस्या, जीवनको कोमल तथा कठोर पक्षको अनुभूति, दुःख सुखको अभिव्यक्ति आदिलाई उनका कथाहरूको विषयवस्तु बनाइएको पाइन्छ । त्यस्तैगरी यस सङ्ग्रहका कतिपय कथाको विषयवस्तु नेपालीहरूको महान चाड दशैंको टीका र तिहारको टीका, युवा, अवस्थामा हुने माया-प्रेमको ढुकढुकी त्याग आदि पाइन्छ । उनका यी कथाहरूमा सस्तो भावुक किसिमको तथा यौनमुखी प्रवृत्तिको चर्चा नभएर शाश्वत् एवम त्यागमय प्रेमको जीवन्त प्रस्तुति पाइन्छ ।

**जीवनको इच्छा** एकाङ्की सङ्ग्रह उनको यस चरणको प्रकाशित अर्को कृति हो । यसमा कतिपय एकाङ्कीहरू अभ्यासकालीनमा लेखेर विविध पत्रपत्रिकामा प्रकाशित भइसकेका सङ्कलन गरिएको छ भने केही एकाङ्की सार्वजनिक कालमा नै लेखिएका छन् । यस एकाङ्की सङ्ग्रहमा तत्कालीन युगबोध, समाजसुधारको स्वर, देश प्रेम, माटोको माया, आर्दश प्रेम, मातृप्रेम, जातपातको विरोध माम र कामको लागि विदेसिनु पर्ने नेपालीहरूको बाध्यता आदिको सफल चित्रण गरिएको पाइन्छ । रायाले नेपाली भाषा र साहित्यलाई स्नेह गर्दै धेरै विषयवस्तुको चित्रण सरल भाषाशैलीका माध्यमबाट गरेकी छन् ।

राधिका रायाका यस चरणका कृतिहरूका आधारमा विभिन्न प्रवृत्तिहरू छुट्याइएको छ । ती प्रवृत्तिहरू सामाजिक यथार्थता, संस्कृतिप्रतिको मोह, मानवता, युगबोध, राष्ट्रप्रेम, भावकुता, प्रकृति प्रेम, स्वच्छन्दता आदि हुन भन्न सकिन्छ ।

### ४.२.३.२ दोस्रो चरण (२०६० देखि हालसम्म)

राधिका रायाले द्वितीय चरणमा प्रथम चरणका विधाका साथै फरक विधामा पनि कलम चलाएर पुस्तककाकार कृतिहरू प्रकाशित गरेकी छन् । उनको यस चरणलाई विधा मिश्रणको चरण भनी नामकरण गर्न सकिन्छ । राधिका रायाको प्रथम चरणमा स्रष्टा व्यक्तित्व बढी फस्टाएको पाइन्छ भने यस चरणमा स्रष्टा द्रष्टा दुबै व्यक्तित्व फस्टाएको पाइन्छ । त्यसैले गर्दा उनको द्वितीय चरण प्रथम चरणभन्दा अलिक फरक खालको विषयवस्तु र शैलीलाई अपनाएर कृतिहरू प्रकाशन गरेको चरण हो भन्न सकिन्छ ।

राधिका रायाले यस चरणको सुरुमा प्रथम चरणको निरन्तरता स्वरूप **उनी गएको गोरेटो** (२०६०) कथा सङ्ग्रह प्रकाशित गरेकी छन् । यस कथा सङ्ग्रहमा प्रथम चरणका प्रवृत्तिहरूका साथै झापा आगमनपछि लेखिएकाले नेपाली भूमिमा आधारित कथाहरू पाइन्छन् ।  यसमा नेपाली समसामयिक परिस्थितिसँग मेल खाने घटनाहरूलाई विषयवस्तु बनाएको छ । समाजमा देखिएका निम्नमध्यम वर्गीय समस्या, पारिवारिक तनाव, नारीचेतन, आत्मिक प्रेम आदिको चित्रण यी कथाहरूमा पाइन्छ ।

**आत्मकथ्य : विविध** (२०६०) रायाको यस चरणको अर्को कृति हो । यस कृतिमा विभिन्न विधाका रचनाहरू सङ्कलित गरिएको छ । यस कृतिमा निबन्ध, विचार, समीक्षा व्यक्ति चर्चाहरू रहेका छन् । आफूले देश विदेशको भ्रमण गर्दा देखेका, सुनेका र अनुभव गरेका कुरालाई कलात्मक ढङ्गले आफ्नो निबन्धमा प्रस्तुत गरेकी छन् । त्यस्तैगरी विभिन्न साहित्यकार र विभिन्न साहित्यिक विधाको समीक्षा गर्ने क्रममा साहित्यकारको व्यक्तित्वलाई आदर कदर र प्रशंसा गरेकी छन् ।

**राधिका रायाका रचना** (२०६४) कृति विभिन्न विधाहरू रहेको अर्को छ्यास्मिस सङ्गालो हो । यस कृतिमा साहित्यकारहरूको व्यक्ति-व्यक्तित्व, समीक्षा र कृति समीक्षा

गरिएको छ । यसका साथै निबन्धहरूमा आफूले जीवन भोगेका, देखेका, सुनेका अनुभवका साथै विभिन्न साहित्य कार्यक्रममा सहभागिता जनाउन गरिएको यात्रा वर्णनलाई विषयवस्तु बनाइएको छ । कविताहरूमा स्वच्छन्दता भाव, प्रगतिवादी स्वर प्रकृति चित्रण आदिको प्रस्तुति पाइन्छ ।

**कला** उपन्यास (२०६६) रायाको यस चरणको अन्तिम कृति हो । यो कृति रायाको जीवनको उत्तरार्द्धमा देखा परेको हो । यो उपन्यास सामाजिक एवम प्राकृतिक परिवेशमा आधारित भएर लेखिएको छ । यस कृतिमा प्रकृतिको मनोरम वर्णन गर्नुका साथै नारीमा हुने धैर्य, सहनशीलता, साहस, दया, करुणा र कर्तव्यप्रतिको निष्ठा र लगाब आदिको राम्रो चित्रण पाइन्छ ।

यस चरणमा रायाले चारओटा पुस्तकाकार कृतिहरू प्रकाशित गरेकी छन् । रायाले विविध विधाका पुस्तकाकार कृतिहरू यस चरणमा प्रकाशित गरेकाले यो चरण साहित्य सिर्जनाको उर्वर कालका रूपमा लिन सकिन्छ । पहिलो चरणभन्दा केही नयाँ विधामा पनि कलम चलाएकी हुनाले यो चरण फरक छ भन्न सकिन्छ । यस चरणका प्रवृतिहरू स्वच्छन्दता, मानवता, यथार्थता, प्रभावपरकता, आत्मपरकता आदि रहेका छन् ।

यसरी राधिका रायाको साहित्यिक यात्रा २००७ सालबाटै सुरु भएको छ । उनले साहित्यका विभिन्न विधामा कलम चलाउँदै अगाडि बढेकी छन् । यिनले हालसम्म छ ओटा पुस्तकाकार कृतिका साथै छत्तीस जति फुटकर रचनालाई प्रकाशन गराउन सफल भएकी छन् । यिनका कथा, कविता, एकाङ्की उपन्यास, फुटकर लेख रचनाहरूमा सामाजिक, आर्थिक, समसामयिक घटनालाई आधारित बनाएर लेखिएका छन् । समाजमा रहेका अज्ञानतालाई हटाउनका लागि शिक्षाको आवश्यकता हुन्छ । मानिसलाई शिक्षाले सत्मार्गमा लैजान सहयोग गर्दछ । त्यस्तैगरी आर्थिक समस्याका कारणले हजारौं नेपालीहरूले भोग्नु परेका दुःखपीडा पनि देखाउन खोजिएको छ ।

## ४.३ राधिका रायाका साहित्यिक प्रवृत्तिहरू

जीवनको लामो समयसम्म साहित्यमा साधनारत रायाले विविध विधाका कृतिहरू प्रकाशित गरेकी छन् । उनका यिनै कृतिहरूका आधारमा साहित्यिक प्रवृतिहरू छुट्याउन सकिन्छ । उनका साहित्यिक प्रवृतिहरू निम्नानुसार छन :

### ४.३.१ स्वच्छन्दता

रूपनारायण सिंहको शैलीबाट प्रभावित भएकी रायाको मुख्य प्रवृत्ति स्वच्छन्दता हो । उनका कथा निबन्ध, कविता, उपन्यास स्वच्छन्द विचरण गरेर लेखिएको पाइन्छ ।

कथाहरूमा भिनो कथावस्तुको प्रयोग र अधिक काल्पनिक उडानको प्रयोग गरिएको छ । यी कथाहरूमा युवायुवतीमा हुने आत्मिक प्रेम, भावुकता, वैयक्तिकता, आत्मराग र भावावेग आदिको प्रयोग पाइन्छ । उनका कथाका पात्रहरू मानवता, साहित्यप्रेमी, सङ्गीतप्रेमी देखाएर स्वच्छन्दता प्रवृत्तिको पहिचान गरिएको छ । उनका 'उनी', 'सानु' 'भदौरे भरी' 'तिमीलाई' कथामा बढी कल्पनाको प्रयोग पाइन्छ । 'त्यस दिनको प्रतिक्षा' कथाकी मूलपात्र मीरा सङ्गीतप्रति मात्र होइन साहित्यप्रति पनि चाख राखेर शिवकुमार राईको कथा 'माछाको मोल' पढेको देखाइएको छ ।

उनको **कला** उपन्यासमा प्रकृति सौन्दर्यको वर्णन गरिएको छ । उनको यस उपन्यासमा प्रेम, साहस, मानवता, प्रकृति वर्णन र नारीको वीरताको विषयमा स्वच्छन्द शैलीमा वर्णन गरिएको छ । यस उपन्यासमा कतिपय असम्भव घटनाहरूको रोचक वर्णन गरिएको छ । उनका भावहरू स्वतन्त्र रूपमा छारिएका छन् । यस उपन्यासमा पात्रहरू पनि दार्जिलिङका विभिन्न पर्यटकीय स्थानको भ्रमण गरेको देखाइएको हुनाले उनमा स्वच्छन्द प्रवृत्ति छ भन्न सकिन्छ ।

उनका निबन्धमा कल्पनाको प्रचुरता पाइन्छ । उनले निबन्धमा प्रकृतिलाई विषयवस्तु बनाएर आफ्ना रुचि, भावना, दृष्टिलाई अघि बढाएकी छन् । 'मेरो पहिलो समुन्द्र यात्रा' निबन्धमा आफूले घुमेको डुलेको भन्दा बढी कल्पनाको प्रयोग गरेर प्राकृतिक दृश्यहरूको मनोरम वर्णन गरिएको छ ।

उनका केही कविताहरूमा भावना र तिनमा कल्पनाको प्रचुरता पाइन्छ । काल्पनिक उडानमा रहेर प्रेम र सौन्दर्यको वर्णन गरिएको छ । प्रकृतिका विभिन्न ऋतुहरूको वर्णनका साथै प्रकृतिको सौन्दर्यको वर्णन गरिएको छ । 'वर्ष' 'शशी' कविता स्वच्छन्द विचरण गरेर लेखिएको पाइन्छ ।

### ४.३.२ यथार्थता

राधिका रायाका केही कथामा समाजका विभिन्न विषयवस्तुको प्रस्तुत गरिएको छ । आर्थिक समस्याले विदेसिनु पर्ने बाध्यता, लोग्ने स्वास्नीबीच भौ-भगडा, युवायुवतीमा हुने सहज प्रेम, धनी र गरिबबीच भएको असमानता, नारीचेतना, नारीले समाजमा भोग्नु परेका दुःख र पीडाहरू नेपाली परम्परा र संस्कृतिको चित्रण, नयाँ पुस्ता र पुराना पुस्ताबीचको वैचारिक द्वन्द्वको अभिव्यक्तिलाई यथार्थपरक ढङ्गले चित्रण गरिएको छ । 'आमा' 'बा ! बा !', नारीमा समस्या आदि कथाहरूमा यथार्थताको राम्रो चित्रण पाइन्छ ।

### ४.३.३ प्रकृतिको चित्रण

स्वच्छन्दतावादी साहित्यकारहरू बढी मात्रमा प्रकृतिसँग रमाउने हुन्छन् । रायाका कथा, उपन्यास निबन्धमा प्रकृतिको मनोरम वर्णन गरिएको छ । उनका कथामा उकाली,

आराली, डाडाँकाँडा, वन, पहाड, खोलानाला, वर्ष आदिको राम्रोसँग वर्णन गरिएको छ । उनको 'उनी', 'भदौरे झरी' आदि कथामा प्रकृतिको सौन्दर्यको वर्णन गरिएको पााइन्छ ।

उनको **कला** उपन्यासमा प्रकृति वर्णन एकतŒवबनेको छ । यस उपन्यासमा सुरुदेखि अन्त्यसम्म प्रकृतिको वर्णन गरिएको छ । धनकुटादेखि दार्जिलिङसम्मका विभिन्न पर्यटकीय स्थलहरूको वर्णन गरिएको छ । उनको यस उपन्यासमा फूल, बगैंचा, हिमाल, पहाड, वन हरियालीको चित्रण गरिएको हुनाले प्रकृतिको चित्रण प्रवृत्तिलाई चिनाउन सफल भएकी छन् ।

### ४.३.४ मानवतावाद

राधिका रायाका केही कथामा मनवीय भावना प्रकट गरिएको छ । उनको 'दशैंको लुगा' कथामा आफ्नो छोराको मृत्युपछि सिलाएर राखेको लुगा माग्नेको छोरालाई दिएको देखाउनु मानवतावादी प्रवृतिको पहिचान हो । उनका अन्य कथामा पनि मानवताको स्वर पाइन्छ ।

उनको **कला** उपन्यासमा कलाले अनाथ बालबालिका र द्वन्द्वबाट पीडित बालबालिका घरमा ल्याएर पालनपोषण गर्नु, शिक्षादीक्षा दिनु मानवीय भावना हो । पात्रका माध्यमबाट यस्तो देखाउनु मानवतावादी प्रवृतिको सफल पहिचान हो ।

### ४.३.५ आत्मपरकता

राधिका रायाका धेरै निबन्धमा आफ्नै विषयको वर्णन गरिएको छ । उनले आफूलाई नै विषयवस्तु बनाएर निबन्ध लेखेकी छन् । आफ्ना साथीसङ्गी, नोकर चाकर, मित्रसँगको दुःखसुखपूर्ण सम्बन्धलाई उनका निबन्धमा प्रकट गरिएको छ । 'आफ्नो विषयको चर्चा' निबन्धमा आफ्नै जीवनको कथालाई विस्तृत वर्णन गरिएको छ । 'कती काली हो?' निबन्धमा आफ्नो घरमा राखेकी नोकर्नीको कथालाई अगाडि बढाइएको छ । 'वसुन्धरालाई पत्र' निबन्धमा आफ्नी साथीको जीवनका दुःखद घटनाको वर्णन कलात्मक ढङ्गले गरिएको हुनाले आत्मपरकता प्रवृति पनि छ भन्न सकिन्छ ।

### ४.३.६ समाजसुधारको आग्रह

राधिका रायाका एकाङ्कीहरू सामाजिक विषयवस्तुमा आधारित भई लेखिएका छन् । उनका एकाङ्कीमा समाजमा व्याप्त विकृति र विसङ्गतिलाई चित्रण गरी त्यसमा सुधार गर्नु पर्ने देखाइएको छ । यिनका **जीवनको इच्छा** एकाङ्कीमा पुरानो र नायाँ पुस्ताबीचको द्वन्द्वलाई यसमा देखाइएको छ । अन्तिममा नयाँ पुस्ताको जीत देखाइएको छ । 'प्रतिशोध' एकाङ्कीमा जातपातको विरोध गरी अन्त्यमा यसको जीत गरेको देखाइएको हुनाले उनमा समाजसुधारको आग्रह रहेको देखिन्छ ।

### ४.३.७ प्रभावपरकता

उनका समीक्षात्मक लेखरहरूमा विभिन्न साहित्यकारहरूको आदर, कदर, प्रशंसा गरिएको पाइन्छ । 'मेरो पूज्य गुरु धरणीधर शर्मा' शीर्षकको समीक्षामा हँसिलो मुहार भएका, सुन्दर सबै गुणले युक्त, अत्यन्तै मिठो आवजमा कविता बाचन गर्ने कवि भनेर धरणीधरको व्यक्तित्वको प्रशंसा गरिएको छ । 'कवि अगमसिंह गिरीलाई सम्झदा' शीर्षकको लेखमा कवि गिरीले आफ्ना कवितामार्फत नेपाली संस्कृति, भाषा र जातीयताप्रति गरेको योगदानलाई कदर गरिएको छ । 'मेरो पूज्य गुरु पारसमणि प्रधानको सम्झना' शीर्षकको समीक्षामा प्रधानले नेपाली भाषा र साहित्यका लागि गरेको योगदानको कदर गरिएको छ । उनलाई प्रतिभाशाली भाषाविद् र साहित्यकार भनी प्रशंसा गरिएको हुनाले उनमा प्रभावपरकता प्रवृति छ ।

### ४.३.८ विधागत विविधता

राधिका रायाका समीक्षात्मक लेखहरूमा विविध विधाको विश्लेषण गरिएको छ । उनका समीक्षामा विभिन्न साहित्यकारका फरक-फरक विधाको विश्लेषण गरिएको पाइन्छ । कथा, कविता, निबन्ध, उपन्यास, गीतिकाव्य, समालोचना, खण्डकाव्य आदि फरक बिधाका कृतिको विविध दृष्टिकोणबाट विश्लेषण गरिएको छ । त्यसैले गर्दा उनमा विधागत विविधता प्रवृति छ ।

### ४.३.९ निष्कर्ष

२००७ सालको 'आमा' शीर्षकको गद्य कविताबाट साहित्यमा प्रवेश गरेकी राधिका रायाले हालसम्म छ ओटा पुस्तकाकार कृति र छत्तीस ओटा फुटकर रचना प्रकाशित गर्न सफल भएकी छन् । उनले छदशक लामो साहित्यिक यात्राका विभिन्न मोड पार गर्दै लेखन कार्यलाई निरन्तरता दिएकी छन् । उनी साहित्य लेखनमा आफूलाई बहुआयमिक व्यक्तित्वका रूपमा चिनाउन सफल भएकी छन् । उनका कथाहरूमा सामाजिक विषयवस्तुको चित्रण, आर्थिक समस्याले विदेसिनु पर्ने बाध्यता, आत्मिक प्रेम, भावावेग, वैयक्तिकता, नारी समस्या, आदि व्यक्त गरेको पाइन्छ । उनका कथामा यथार्थता, स्वच्छन्दता, मानवता जस्ता प्रवृति रहेका छन् ।

एनको **कला** उपन्यासमा प्रकृतिको चित्रण, नारीमा हुने साहस, धैर्य, नारीका वीरताको वर्णन, प्रेम, मानवता आदि स्वच्छन्दतावदी प्रवृतिहरू पाइन्छ । उनका निबन्धहरूमा आत्मपरकता पाइन्छ । समाजसुधारको आग्रह गर्दै सत्मार्गतिर लाग्ने कुराको प्रस्तुति उनका एकाङ्कीमा पाइन्छ । तत्कालीन समाजको प्रस्तुति पनि उनका एकाङ्कीमा पाइन्छ । उनका कवितामा मानवता, प्रकृति सौन्दर्यको वर्णन आदिलाई प्रस्तुत गरिएको छ ।

उनका समीक्षात्मक लेखहरूमा विभिन्न साहित्यकारहरूको आदर, कदर, प्रशंसा गरिएको पाइन्छ । कृति समीक्षामा विविध विधाका कृतिहरूको विभिन्न दृष्टिकोणबाट विश्लेषण गरिएको पाइन्छ ।

*पाँचौं परिच्छेद*

# राधिका रायाको कृतित्वको अध्ययन

## ५.१ विषय परिचय

प्रस्तुत परिच्छेदमा उनका पुस्तकाकार कृतिहरूको बारेमा चर्चा गरिएको छ । राधिका रायाको साहित्यिक कृतित्वको मुख्य क्षेत्र कथा विधा रहेको छ । हुनत उनले जीवनमा साहित्य साधना गर्दै आउँदा कविता, निबन्ध, एकाङ्की जस्ता सृजनात्मक कार्य गरेको पाइन्छ भने उनका कविता र निबन्ध फुट्कर रूपमा मात्र प्रकाशनमा आएका छन् । उनले एक आख्यान स्रष्टाका रूपमा उपन्यास प्रकाशनमा ल्याएकी छन् । उनको **तिमी नगएकी भए** र **उनी गएको गोरेटो** दुई कथा सङ्ग्रहलाई कथा सिद्धान्तका सामान्य तत्त्वका आधारमा विश्लेषण गरिएको छ । **जीवनको इच्छा** एकाङ्की सङ्ग्रहलाई कृति परिचय कथावस्तु, चरित्र, संवाद, परिवेश, उद्देश्य, भाषाशैली, अभिनेयात्मकता आधारमा चर्चा गरिएको छ । **आत्मकथ्य : विविध** र **राधिका रायाको रचना** कृतिहरूमा विविध विधाका रचनाहरू सङ्कलित गरिएको छ । यी कृतिहरूमा सोही विधा अनुसारको सिद्धान्तका आधारमा चर्चा गरिएको छ। त्यस्तैगरी उनको **कला** उपन्यासलाई पनि उपन्यास सिद्धान्तका तत्त्वका आधारमा चर्चा गरिएको छ।

## ५.२ तिमी नगएकी भए कथा सङ्ग्रहको अध्ययन

### ५.२.१ कृति परिचय

**तिमी नगएकी भए** कथा सङ्ग्रह राधिका रायाको पहिलो प्रकाशित कथा सङ्ग्रह हो । यो कथा सङ्ग्रह २०२३ सालमा श्री मातवरसिंह क्षेत्रीले दार्जिलिङबाट प्रकाशनमा ल्याएका थिए । यस कथा सङ्ग्रहमा चौध ओटा कथाहरू ९३ पेजको फर्मामा प्रकाशित भएका छन् । यस सङ्ग्रहभित्र रहेका कथाहरू ‘तिमीलाई’, ‘आमाको माया’, ‘बधाइ पत्र’, ‘ बहिनीलाई दक्षिणा’, ‘बाबुको रहर’, ‘जीवनकथा’, ‘परिचित आह्वन’, ‘दिदी’, ‘दीपको पत्र शशीलाई’, **तिमी नगएकी भए**, ‘कस्तो अभिमान’, ‘समझनामा’, ‘टीकाको दिन’ र ‘दशैंको लुगा’, हुन् । यी कथाहरूको संरचना प्रायः एकै किसिमको देखिन्छ । झिनो कथावस्तु बोकेका यी कथाहरूमा एकातिर आर्थिक सङ्कटले चेपिएर आफ्नो परिवार छोडी प्रवासिएका नेपालीहरूको अवस्थाको राम्रो चित्रण गरिएको छ भने अर्कोतिर विदेशमै भए पनि नेपालीहरूले जोगाएर राखेको नेपाली संस्कृति रीतिरिवाज, मूल्य र मान्यतालाई पनि देखाएको छ । यस सङ्ग्रहभित्रका कथाहरूमा नारीलाई आमा, दिदी, बहिनी, प्रेमिकाका रूपमा उभ्याई तिनको अन्तर्मनको चित्रण गरेको पाइन्छ ।

### ५.२.२ कथानाक

कथामा कथानक भन्नाले कथाको योजना भन्ने बुभिन्छ । कथानकबिना कथाको कल्पना गर्न पनि सकिँदैन; बरु स्थूल र सÒक्ष्म रहनु यसको आफ्नै विशेषता हो । कथावस्तु नै कथाको वृहत्तम तत्त्व, घटक वा अवयव हो । यसले कथाका संरचनाको सबैभन्दा, स्थूल र सबल तत्त्वको बोध गराउँदछ । वास्तवमा कथावस्तु भन्नु नै स्वयम् कथाकारको विचार धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति वा प्रस्तुति हो ।[1] **तिमी नगएकी भए** कथा सङ्ग्रहको कथानक तल क्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

| क.सं | कथाको शीर्षक | मूल कथानक |
|---|---|---|
| १ | तिमीलाई | प्रस्तुत कथामा कुनै एउटा गोरखाली 'तिमी' पात्रको रूपमा रहेको छ । ऊ प्रकृतिको प्रतिक्षामा छ भने 'म' पात्र उसकी विरहिणी पत्नी प्रकृति भई एउटा बेग्लै संसारको सृजनाका निम्ति पुरुषलाई आह्वान गर्छे । 'म' पात्रको केन्द्रीयतामा कथानक अघि बढेको छ । कथाको अन्त्यसम्म 'म' पात्रले पुरुषलाई साँचो देव बनेर आओस् भनी विरह र वेदनाहरू पोखेकी छ । |
| २ | आमाको माया | प्रस्तुत कथामा एउटी आमा लोग्नेको अनादरका शिकार भएर घरसँगै आफ्नी अबोध छोरीलाई समेत छोडेर हिँडेबाट कथानक सुरु हुन्छ । छोरी दुर्गाको विवाहपछि छोराछारी हुन्छन् । केही समयपछि लोग्नेको मृत्यु हुन्छ । अन्त्यमा  ज्वाइँको मृत्युको खबर सुनेर आमाको कोशेली लिएर बाबु दुर्गाको घरमा पुग्छ । यसरी कथानकको अन्त्य हुन्छ । |
| ३ | बधाइ-पत्र | प्रस्तुत कथामा दीपा र गौरी दिदी बहिनी हुन्छन् । दिदी दीपाको विवाह भइसकेको हुन्छ । गौरी दिदी भिनाजुसँग पढ्न बसेकी छ । गौरीकी साथी लख्खीका कारण दिदी दीपामा गौरी र भिनाजुबीच अस्वाभाविक सम्बन्ध रहेको हो कि भन्ने भान परेको छ तर अन्त्यमा गौरीको विवाहको बधाई पत्र आएकाले सारा भ्रम टुट्छ र कथानकको अन्त्य हुन्छ । |
| ४ | बहिनीलाई दक्षिण | प्रस्तुत कथामा मणि र प्रियाबीच प्रेम हुन्छ । प्रियाको मृत्युको खबर सुनेपछि मणि विरहले विदेसिन्छ । चार वर्षपछि टीकाको दिन घर फर्कदा आमाको मृत्यु भएको हुन्छ । मणिले बहिनीलाई टीकाको दक्षिणाका रूपमा आफैंले लेखेको पुस्तक उपहार दिन्छ । |
| ५ | बाबुको रहर | 'बाबुको रहर' लाहुरे बुबाले छोरी मैखुलाई राम्रो पढाउन पहाडबाट |

[1] दयाराम श्रेष्ठ, **पूर्ववत**, पृ. ९ ।

| | | |
|---|---|---|
| | | सिङ्गापुर लैजान्छ । त्यहाँ छारीले पढाइमा प्रगति गरिरहेको बेला बाबुको जागिर खोसिन्छ । यसपछि उनीहरू घर फर्कनु परेकामा बाबुको रहर भताभुङ्ग हुन्छ । |
| ६ | जीवन कथा | प्रस्तुत कथामा झिनो कथानक र धेरै भावहरू रहेका छन् । कथाकी 'म' पात्रले आफ्नो प्रेमीलाई तिमी पात्रका रूपमा सम्बोधन गरी कथानक अघि बढेको छ । 'म' पात्र रोगग्रस्त भएकी छ उसले आफ्नो प्रेमीको सम्झनामा विरह र वेदना पोखेकी छ । अस्पतालको शैय्यामा रहेकी प्रियाले आफ्नो प्रेम सुरु भएको अप्रिल ४ को सम्झना गर्दै आफ्नो जीवन नै एउटा कथा भएको ठान्छे । |
| ७ | परिचित आह्वन | 'परिचित आह्वान' कथामा 'म' पात्र कृष्ण एक आपसमा प्रेम गर्छन् । 'म' पात्रलाई छोडी कृष्ण टाढाको पल्टनमा जान्छ । 'म' पात्रले कृष्णलाई तिमी मानवमा पनि पुरुष हौ, मृत्युदेखि नहार, कर्मठ बन भनी चिट्ठीबाट अनुरोध गरेकी छ । |
| ८ | दिदी | बुबा आमाको मृत्युपछि टुहुरो भाइलाई दिदीले गाउँमा खेतीपाती गरेर वी. ए. सम्मको अध्ययन पूरा गराउँछे । शिक्षित भएपछि भाइले गाउँको जमिन बेचेर सहर जान खोज्दा दिदीले देश र जमिनको बारेमा राम्रो परिचय गराउँछे । अन्त्यमा भाइ कृष्णलाई पनि जमिनको महत्त्वकाबोध भएको छ । |
| ९ | दीपको पत्र शशीलाई | प्रस्तुत कथामा दीप सानै हँदा आमा बाबुको मृत्यु हुन्छ । टुहुरो दीप हजुर आमाको सहारामा बढेको छ । शशीसँगको भेटपछि उनीहरूबीच प्रेम हुन्छ । तर दीप क्षयरोगले ग्रस्त भएको हुँदा शशीसँग वैबाहिक जीवन बिताउन नचाँहदै आफ्नो समस्या खुलस्त पारेर चिट्ठी लेखेको छ । |
| १० | तिमी नगएकी भए | प्रस्तुत कथाको सुरुमा विजयसँग सानु र सानुकी आमा पल्टनमा जान्छन् । त्यहीँ छोरी सानुको विवाह गरिदिन्छन् । सानुको विवाहपछि आमा स्वदेशको घरमा फर्कन्छे । सानुकी आमालाई टीकाको दिनमा छोरीको अभावले घर शOन्य भएको अनुभव हुन्छ । यतिकैमा आमाले सानुप्रति अपार मातृवात्सल्य खन्याई तिमी नगएको भए हुन्थ्यो भन्दै विलाप गरेकी छ । |
| ११ | कस्तो अभिमान | 'कस्तो अभिमान' कथामा दार्जिलिङको घुमस्टेशमा 'म' पात्र दाजुलाई बहिनी स्मृतिले कविता सुनिदिन आग्रह गरेकी छ । स्मृतिले 'म' पात्रलाई तिहार र रक्षाबन्धनमा माइती मानेकी छ । तर सामान्य |

| | | |
|---|---|---|
| | | घरायसी कुरालाई लिएर स्मृतिको घरमा 'म' पात्रको आगमन नहुँदा स्मृति सारै दुःखित भई दाजुसँग सबै कुरा खुलस्त भनेकाले दाजुको भ्रम हटेको छ र आफूले अभिमान गरेको अनुभव गरेको छ । |
| १२ | सम्झनामा | 'सम्झनामा' कथामा प्रताप सानै छँदा आमाको मृत्यु हुन्छ । त्यसपछि ऊ गाउँबाट विदेश पढ्न गएको हुन्छ । केही वर्षपछि प्रताप घर फर्कन्छ । एकदिन ऊ तेह्रथुमदेखि केही परको रामनवमी बजार साथीहरूसँग जान्छ । त्यहाँ प्रतापको साथी सुन्दर, जुनू र जुनूकी आमासँग भेट हुन्छ । केही दिनपछि जुनूको विवाहको निमन्त्रण प्रतापले पाउँछ । आफूले मन पराएकी जुनू नपाउँदा प्रताप पल्टन गई सैनिकमा भर्ना हुन्छ । |
| १३ | टीकाको दिन | 'टीकाको दिन' कथामा तीनओटा अशुभ टीकाको दिनलाई लिएर कथानक घुमेको छ । कथाको सुरुमा जयाकी आमाको टीकाको दिन मृत्यु भएको छ । त्यस्तैगरी जयाको प्रेमी पनि टीकाका दिन उसलाई छोडी विदेश गएको छ । कथाको अन्त्यमा जया विरामी भई मृत्यु शैय्यामा टीकाकै दिन पुगेकी छ यही दिन जयाको परदेशी प्रेमी घर आइपुगेको छ । |
| १४ | दशैंको लुगा | प्रस्तुत कथामा आमाको मृत्युपछि इन्द्रा मैतेसँग विवाह गर्छे । उनीहरूबीच एक छोराको जन्म हुन्छ । त्यसपछि पल्टन गएको मैते ३-४ वर्षमा घर फर्केर आउँदा छोरोको मृत्यु भइसकेको हुन्छ । दशैंको बेला मगन्ते आमाछोरालाई इन्द्राले मृत छोराका लागि बनाएका लुगा मगन्ते केटालाई दिन्छे । |

## ५.२.३ चरित्र चित्रण

कथा निर्माणको लागि अतिआवश्यक तत्त्व चरित्रचित्रण हो । कथामा कथाकरले मानवीय मानवेतर र अन्य आफू खुशीका पात्रको प्रयोग गर्दछन् । कथामा चरित्रहरू कथावस्तु तथा उद्देश्यसित गाँसिएका महत्वपूर्ण पक्ष हुन् । चरित्रहरू कथावस्तुसित सम्बद्ध विविध कथानक तथा उपकथानकहरूलाई गति दिने माध्यम हुन् । प्रायः गरेर कथाका पात्रहरू भन्नाले मानवपात्रहरू भन्ने बुझिन्छ तापनि कथा साहित्यमा मानवेतर पनि प्रयोग भएको पाइन्छ ।[२] **तिमी नगएकी भए** कथा सङ्ग्रहको चरित्र चित्रण तल क्रमिक रूपमा उल्लेख गरिएको छ ।

| क सं | कथाको शीर्षक | चरित्र चित्रण |
|---|---|---|
| १ | तिमीलाई | 'तिमीलाई' कथामा 'म' र 'तिमी' जम्मा दुई पात्र मात्र रहेका छन् । |

[२] ऋषिराज बाराल र कृष्णप्रसाद घिमिरे **नेपाली कथा भाग -३**, (कठमाडौं : साझा प्रकाशन, २०६१), पृ. ११ ।

| | | |
|---|---|---|
| | | 'म' पात्रको केन्द्रीयतामा कथानक अगाडि बढेको छ । 'म' पात्र प्रमुख, स्त्री, आँटी र साहसी पात्र हो भने 'तिमी' सहायक, पुरुष पात्र हो । |
| २ | आमाको माया | 'आमाको माया' कथामा दुर्गा, अमर, कमल, दुर्गाको बुबा, आमा र बाबरी आदि पात्रहरू रहेका छन् । यस कथामा दुर्गा प्रमुख स्त्री र असल चरित्र भएकी पात्र हो । कमल र अमर सहायक, पुरुष असल चरित्र भएका पात्र हुन् । दुर्गाका बुबा, आमा र बाबरी प्रस्तुत कथाका गौण पात्र हुन् । |
| ३ | बधाइ-पत्र | प्रस्तुत कथामा गौरी, दीपा, भिनाजु, लख्खी आदि पात्रहरू रहेका छन् । गौरी, दिपा, लख्खी स्त्री पात्र हुन् । भिनाजु पुरुष पात्र हो । गौरी र दीपा यस कथाका प्रमुख पात्र हुन । भिनाजु सहायक र असल चरित्र भएको पात्र हो । लख्खी यस कथाकी गौण पात्र हो । |
| ४ | बहिनीलाई दक्षिण | प्रस्तुत कथामा मणि, प्रिया, बहिनी आमा, सरोज आदि पात्रहरू रहेका छन् । यस कथाको कथानक सुरुदेखि अन्त्यसम्म मणिकै सेरोफेरोमा अघि बढेको छ । मणि र सरोज पुरुष पात्र तथा प्रिया, बहिनी र आमा स्त्री पात्र हुन् । मणि यस कथाको प्रमुख र असल पात्र हो । प्रिया, बहिनी, आमा सहायक पात्र हुन् । सरोज यस कथाको गौण पात्र हो । |
| ५ | बाबुको रहर | 'बाबुको रहर' कथामा मैखु, मैखुको बुबा, आमा तीन पात्रहरू रहेका छन् । मैखु र आमा प्रस्तुत कथाका स्त्री पात्र हुन भने मैखुको बुबा पुरुष पात्र हो । मैखुको बुबाको केन्द्रीयतामा कथानक अघि बढेकाले मैखुको बुबा प्रमुख पात्र हो । मैखु सहायक, असल पात्र र मैखुकी आमा गौण पात्र हुन् । |
| ६ | जीवन कथा | 'जीवनको कथा' कथामा विजया र विजयाकी बहिनी दुई पात्र मात्र रहेका छन् । विजया यस कथाकी प्रमुख पात्र हो । उसकै केन्द्रीयतामा कथानक अगाडि बढेको छ । विजया र बहिनी दुबै स्त्री र असल पात्र हुन् । विजयाकी बहिनी सहायक पात्र हो । |
| ७ | परिचित आह्वान | 'परिचित आह्वन' कथामा 'म' र कृष्ण दुई पात्र मात्र रहेका छन् । 'म' पात्रको केन्द्रीयतामा कथानक अगाडि बढेको छ । 'म' पात्र स्त्री, प्रमुख र असल चरित्र भएकी पात्र हो भने कृष्ण पुरुष र सहायक पात्र हो । |
| ८ | दिदी | 'दिदी' कथामा दिदी र भाइ दुई मानवीय पात्र मात्र रहेका छन् । दिदीको केन्द्रीयतामा कथानक अघि बढेको छ । दिदी प्रमुख, स्त्री, |

| | | |
|---|---|---|
| | | परम्परावादी विचार भएकी पात्र हो भने भाइ सहायक, पुरुष र आधुनिक विचार भएको पात्र हो । |
| ९ | दीपको पत्र शशीलाई | ' दीपको पत्र शशीलाई' कथामा दीप, शशी र बूढीबज्यै गरी तीन पात्रहरू रहेका छन् । शशी र बूढीबज्यै स्त्री पात्र हुन् । दीपको केन्द्रीयतामा कथानक अगाडि बढेको छ । दीप प्रमुख, पुरुष र असल चरित्र भएको पात्र हो । शशी सहायक पात्र हो भने बूढीबज्यै गौण पत्र हो । |
| १० | तिमी नगएकी भए | 'तिमी नगएकी भए' कथामा विजया, सानु र सानुकी आमा पात्रहरू रहेका छन् । विजया पुरुष पात्र हो भने सानु र आमा स्त्री पात्र हुन् । सानुकी आमा यस कथाकी प्रमुख र असल चरित्र भएकी पात्र हो । सानु सहायक असल चरित्र भएकी पात्र  हो भने विजया गौण पात्र हो । |
| ११ | कस्तो अभिमान | 'कस्तो अभिमान' कथामा 'म' पात्र र  स्मृति दुई पात्र मात्र रहेका छन् । 'म' पात्रको केन्द्रीयतामा कथानक अगाडि बढेको छ । 'म' पात्र पुरुष, प्रमुख र घमण्डी चरित्र भएको पात्र हो । स्मृति बहिनी स्त्री, सहायक र असल चरित्र भएकी पात्र हो । |
| १२ | सम्झनामा | 'सम्झनामा' कथामा प्रताप, जुनू, सुन्दर, जुनूकी आमा आदि पात्रहरू रहेका छन् । प्रताप र सुन्दर पुरुष पात्र हुन भने जुनू र जुनूकी आमा स्त्री पात्र हुन् । प्रस्तुत कथामा प्रताप प्रमुख र असल चरित्र भएको पात्र हो । सुन्दर र जुनू सहायक असल चरित्र भएका पात्र हुन् भने जुनूकी आमा गौण पात्र हो । |
| १३ | टीकाको दिन | 'टिकाको दिन' कथामा सुवास, जया, जयाको प्रेमी, जयाको बुबा, जयाकी आमा र भाइ सुवास आदि पात्रहरू रहेका छन् । यस कथामा जयाको बुबा, भाइ जयाको प्रेमी पुरुष पात्र हुन् भने जया र जयाकी आमा स्त्री पात्र हुन् । जयाको केन्द्रीयतामा कथानक  अगाडि बढेको छ । यस कथामा जया प्रमुख पात्र तथा जयाको प्रेमी र जयाको बुबा सहायक पात्र हुन् । जयाको भाइ सुवास र आमा गौण पात्र हुन् । |
| १४ | दशैंको लुगा | 'दशैंको लुगा' कथामा इन्द्रा, मैते छोरो, माग्ने आमा-छोरा आदि पात्रहरू रहेका छन् । इन्द्रा स्त्री, प्रमुख मानवीय भावना भएकी पात्र हो । मैते र छोरो सहायक पुरुष पात्र हुन् । माग्नेआमा-छोरा गौण असहाय पात्र हुन् । |

### ५.२.४ परिवेश

परिवेश भनेको देशकाल परिस्थिति हो । त्यसर्थ परिवेशको छाप कथाकारमा पर्दछ र कथामा पनि यो छाप आउने गर्दछ । सङ्घर्षका गतिलाई कथामा अझै तिख्खर बनाउने उपकरण परिवेश हो । पात्र, दृश्य, वातावरण शैली र ध्वनिको सम्भूति कल्पनाका आधारमा सम्मूर्त भए तापनि कथाका पात्र यथार्थ जीवनका नै हुन्छन् । कथालाई सम्भाव्य बनाउने मुख्य वस्तुमध्ये स्थानीय दृश्य र वातावरण हुन् ।[३] **उनी गएको गोरेटो** कथा सङ्ग्रहको परिवेश पूर्वी नेपालका विभिन्न ठाउँ लगायत विदेशका विभिन्न ठाउँको लिएको पाइन्छ । यस कथा सङ्ग्रहभित्रका कथाहरूको परिवेश क्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

| क सं | कथाको शीर्षक | परिवेश |
|---|---|---|
| १ | तिमीलाई | 'तिमीलाई' कथामा नेपालको ग्रामीण क्षेत्रका सामान्य परिवारको जनजीवनलाई प्रस्तुत गरिएको छ । यसमा आर्थिक समस्याले विदेसिनु पर्ने बाध्यतालाई राम्रोसँग चित्रण गरिएको छ । |
| २ | आमाको माया | 'आमाको माया' कथामा भारतको शिलाङ, कालेम्पोङ, दार्जिलिङ हुँदै नेपालको मधेश परिवेशका रूपमा आएको छ । |
| ३ | बधाइ-पत्र | 'बधाइ-पत्र' कथामा भारतीय सहरिया परिवेशसँग सम्बन्धित घटना बढी देखिएको छ । कलकत्ता पढ्न जानु, फिल्म हेर्न जानु जस्ता प्रसङ्गबाट सहरिया परिवेशको चित्रण स्पष्ट देखिन्छ । |
| ४ | बहिनीलाई दक्षिण | यस कथामा दार्जिलिङको नजिक रहेको गाउँमा सामान्य जीवन गुजारा गरेको परिवारमा घटेको घटना रहेको छ; जुन नेपाली ग्रामीण परिवेशसँग मिल्दोजुल्दो छ । |
| ५ | बाबुको रहर | प्रस्तुत कथामा नेपालको पहाडी परिवेशको चित्रण गर्दै पल्टनमा लाहुरे जीवन बिताएका नेपालीहरूमा घटेका दुःखद घटनाहरूको चित्रण गरिएको छ । |
| ६ | जीवन कथा | प्रस्तुत कथामा अस्पतालको एक कोठाभित्रको परिवेशलाई लिएको छ । |
| ७ | परिचित आह्वान | प्रस्तुत कथामा दार्जिलिङको प्राकृति सौन्दयको वर्णन र हङकङको मौसमको वर्णन गरेको पाइन्छ । यस कथामा दार्जिलिङदेखि हङकङसम्मको परिवेश लिइएको छ । |
| ८ | दिदी | दिदीले खेतीपाती र गाईवस्तु पालेर जीवन निर्वाह गरेबाट ग्रामीण क्षेत्रको परिवेशसँग सम्बन्धित घटनाहरू बढी देखिए पनि भाइ सहरमा पढ्ने भएकाले यसमा शहरिया परिवेश पनि आएको छ । |

[३] ईश्वर बराल, (सम्पा), **झ्यालबाट**, (काठमाडौं : साझा प्रकाशन, २०४८), पृ. ३९ ।

| | | |
|---|---|---|
| ९ | दीपको पत्र शशीलाई | अस्पतालको शैय्यामा रहेको दीपले आफ्नी प्रेमीकालाई लेखेको पत्रबाट यसको घटना अगाडि बढेको छ । यस कथामा सहरिया परिवेशको झल्को पाइन्छ । |
| १० | तिमी नगएकी भए | नेपालको पहाडी गाँउको परिवेशसँग सम्बन्धित घटनाहरू बढी देखिए पनि विजया सानु पल्टनमा रहेकाले अन्तराष्ट्रिय परिवेश पनि यस कथामा सरल रूपमा आएको छ । |
| ११ | कस्तो अभिमान | प्रस्तुत कथाको सम्पूर्ण परिवेश दार्जिलिङको घुमपहाडस्थित सामान्य परिवारमा घटित घटनासँग सम्बन्धित छ । |
| १२ | सम्झनामा | 'सम्झनामा' कथाको सम्पूर्ण घटना तेह्रथुममा लाग्ने रामनवमी बजारमा घटित छ । यसले पूर्वी नेपालको परिवेशको झल्को दिएको छ । |
| १३ | टीकाको दिन | प्रस्तुत कथाको परिवेश गाउँमा टीकाको दिन घटेको घटनासँग सम्बन्धित छ । निम्न वर्गीय परिवारको आर्थिक अवस्थालाई पनि यसमा चित्रण गरिएको छ । |
| १४ | दशैंको लुगा | इन्द्राको छोराको उपचार गर्न नपाएर मृत्यु भएको प्रसङ्गबाट यस कथामा ग्रामीण परिवेशको चित्रण सरल रूपमा आएको छ । |

## ५.२.४ भाषाशैली

कथालाई कस्ता शब्द, पदावली र वाक्यका ढाँचामा प्रस्तुत गर्ने भन्ने कुरा नै भाषाशैली हो । कथाको विषयवस्तुलाई कलात्मक रूपमा प्रस्तुत गर्न भाषाशैलीको आवश्यकता पर्दछ । कथामा पात्रको स्तर र विषयवस्तु अनुकूल भाषाशैलीको प्रयोग गरिन्छ ।[४] यस कथा सङ्ग्रह भित्रका कथाहरूको भाषाशैली सरल र सुबोध्य रहेको छ । यसमा रहेका कथाहरूको भाषाशैली क्रमिक रूपमा तल प्रस्तुत गरिएको छ ।

| क. स | कथाको शीर्षक | भाषाशैली |
|---|---|---|
| १ | तिमीलाई | 'तिमीलाई' कथा बर्तुलित ढाँचामा लेखिएको छ । यसमा तत्सम, तत्भव र हिन्दी मOलका आगन्तुक शब्दहरू रहेका छन् । यसमा बुँद, अश्रु, झंकार जस्ता शब्दको आवृति रहेको छ । यसमा रे, तरै जस्ता कथ्य भाषाको बढी प्रयोग पाइन्छ । यस कथामा पद विचलन पनि अधिक रहेको छ । प्रस्तुत कथा वर्णनात्मक शैलीमा लेखिएको छ । |
| २ | आमाको माया | सरल र सुबोध्य किसिमका भाषाको प्रयोग यस कथामा पाइन्छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको प्रस्तुत कथामा कथ्य भाषाको प्रयोग हुनका साथै शब्दको आवृति रहेको छ । रैखिक ढाँचा र संवादात्मक शैलीको प्रयोग गरिएर लेखिएको यस कथाको भाषाशैली सरल, प्रभावकारी र आकर्षक रहेको छ । |
| ३ | बधाइ-पत्र | रैखिक ढाँचामा लेखिएको यो कथामा तत्सम र तद्भव शब्दको प्रयोगका साथै कलेज, स्कुल जस्ता अङ्ग्रेजीका आगन्तुक शब्दहरूको पनि प्रयोग गरिएको छ । पदमा विचलन देखिए पनि यस कथाको भाषाशैली सरल, सहज र प्रभावकारी रहेको छ । |
| ४ | बहिनीलाई दक्षिण | प्रस्तुत कथा संवादात्मक शैली र रैखिक ढाँचामा लेखिएको छ । शब्दहरूको आवृत्तिका साथै आगन्तुक शब्दको बढी प्रयोग यस कथामा गरिएको छ । कथाको भाषाशैली सरल, सहज र आकर्षक रहेको छ । |
| ५ | बाबुको रहर | 'बाबुको रहर' कथामा भावको प्रचुरता भए तापनि सरल शब्दहरूको प्रयोगले कथा सजिलै बुझ्न सकिन्छ । यो कथामा तद्भव, तत्सम शब्दहरूको प्रयोगका साथै विल्डिङ, स्कूल आदि अङ्ग्रेजी शब्दहरूको प्रयोग गरिएको छ । रैखिक ढाँचामा लेखिएको यो कथाको भाषाशैली सरल, सुबोध्य र प्रभावकरी रहेको छ । |
| ६ | जीवन कथा | रैखिक ढाँचामा लेखिएका यस कथामा तत्सम, तद्भव शब्दहरूको |

[४] दयाराम श्रेष्ठ, **पूर्ववत**, दो. सं., ललितपुर : साझा प्रकाशन, २०५७ ।

| | | |
|---|---|---|
| | | प्रयोग पाइन्छ । अटोग्राफ, अप्रेल, कलेज आदि अङ्ग्रेजी शब्दको प्रयोग गरे पनि यसको भाषाशैली सरल, सहज र सुबोध्य रहेको छ । यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । |
| ७ | परिचित आह्वन | प्रस्तुत कथामा तत्सम र तद्भव शब्दहरूको प्रयोग गरिएको छ । यो कथा रैखिक ढाँचामा र वर्णनात्मक शैलीमा लेखिएको छ । अङ्ग्रेजी शब्दहरूको अधिक प्रयोग गरिए तापनि कथाको भाषाशैली सरल, सहज, सुबोध्य र प्रभावकारी रहेको छ । |
| ८ | दिदी | तत्सम्, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरी लेखिएको यस कथामा आँसु, नेत्र, टलपल आदि शब्दहरूको आवृत्ति रहेको छ । रैखिक ढाँचामा लेखिएको यस कथाको भाषाशैली सरल, सहज र प्रभावकारी रहेको छ । |
| ९ | दीपको पत्र शशीलाई | प्रस्तुत कथा रैखिक ढाँचामा लेखिएको छ । यो कथा पत्रात्मक शैली जस्तो भए पनि पत्रात्मक छैन । इम्प्लोइमेन्ट, पेन, अफिस, डाक्टर, लेडी आदि अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग भए तापनि यसमा प्रयुक्त भाषाशैली सरल, सहज र आकर्षक रहेको छ । |
| १० | तिमी नगएकी भए | 'तिमी नगएकी भए' कथामा तद्भव, तत्सम र आगन्तुक शब्दहरूको प्रयोगका साथै छोटा वाक्यहरूको प्रयोग रहेको छ ।यो कथा रैखिक ढाँचामा र वर्णनात्मक शैलीमा लेखिएको छ । प्रस्तुत कथाको भाषाशैली सरल, सहज र सुबोध्य रहेको छ । |
| ११ | कस्तो अभिमान | 'कस्तो अभिमान' कथामा तत्सम र आगन्तुक शब्दहरूको प्रयोग रहेको छ । कथामा पद विचलन र लामा-लामा वाक्यहरू प्रयोग गरिएको छ । आत्मकथनात्मक शैलीमा लेखिएको यस कथाको भाषाशैली सरल, सहज र प्रभावकारी रहेको छ । |
| १२ | सम्झनामा | 'सम्झनामा' कथामा रैखिक ढाँचा र संवादात्मक शैलीको प्रयोग गरिएको छ । यसमा तत्सम र तद्भव शब्दहरूको प्रयोगका साथै हिन्दी शब्दको प्रयोग रहेको छ । कथामा केही शब्दको आवृत्ति देखिए पनि भाषाशैली सरल, सहज, सुबोध्य रहेको छ । |
| १३ | टीकाको दिन | प्रस्तुत कथामा तद्भव र आगन्तुक शब्दको प्रयोग गरिएको छ । यो कथा रैखिक ढाँचामा लेखिएको छ । भाषाशैली सरल, सुबोध्य र प्रभावकारी रहेको छ । |
| १४ | दशैंको लुगा | रैखिक ढाँचामा लेखिएको यस कथामा बालबालिकाले बोल्ने भाषाको बढी प्रयोग गरिएको छ । तद्भव, तत्सम र आगन्तुक शब्दको प्रयोग |

| | | |
|---|---|---|
| | | गरी लेखिएको यो कथाको भाषाशैली सरल, सहज, सुबोध्य र आकर्षक रहेको छ । |

## ५.२.५ उद्देश्य

कथाकारले कथाका माध्यमबाट पाठकका सामु प्रस्तुत गर्न खोजेको सन्देश नै उद्देश्य हो । कथामा उद्देश्यको निर्धारण गर्दा युगसापेक्ष पाठकीय प्रवृत्तिलाई समेत ध्यान पुऱ्याउनु पर्दछ । कथाकारले सत्यको उद्घाटन गर्ने, अनुभूतिलाई देखाउने चरित्रको चित्रण गर्ने र समयसापेक्ष विचार प्रस्तुत गर्ने आदिजस्ता उद्देश्यहरू मध्ये कुनै उद्देश्य छनौट गरीसकेपछि कथा सिर्जना गर्दछ ।[५] **तिमी नगएकी भए** कथा सङ्ग्रहको उद्देश्य तल क्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

| क्र. सं | कथाको शीर्षक | उद्देश्य |
|---|---|---|
| १ | तिमीलाई | 'तिमीलाई' कथामा लोग्नेबाट टाढा रहेका स्वास्नीले जहिल्यै पनि आफ्नो लोग्नेको सफलता चाहन्छन् भन्ने कुरालाई देखाउन खोजिएको छ । |
| २ | आमाको माया | प्रस्तुत कथामा छोराछोरीप्रति आमाको माया अपार हुन्छ र छोराछोरीबाट टाढा रहेर आमा कहिल्यै खुशी हुन सक्दैनन् भन्ने कुरा देखाउन खोजिएको छ । |
| ३ | बधाइ-पत्र | 'बधाइ-पत्र' ले हाम्रो समाजमा नारी जहिले पनि शोषित हुनु पर्ने, र नारीको विरोध नारीले नै गर्ने र अनावश्यक शङ्का गर्ने प्रवृत्तिलाई छर्लङ्ग पार्न खोजेको छ । |
| ४ | बहिनीलाई दक्षिण | प्रस्तुत कथामा नेपाली सभ्यता, संस्कृति चाडपर्व आदिप्रति अपार मोह प्रकट गर्दै नेपाली रीतिरिवाज, संस्कारलाई बचाएर राख्नु पर्छ भन्ने सन्देश दिइएको छ । |
| ५ | बाबुको रहर | 'बाबुको रहर' मा आर्थिक विपन्न भएका परिवारले आफ्ना छोराछोरीप्रति राम्रो शिक्षादीक्षा दिन नसक्ने पीडालाई देखाउन खोजिएको छ । |
| ६ | जीवन कथा | 'जीवन कथा' कथामा युवा अवस्थाको माया प्रेमलाई देखाउँदै एउटी प्रेमिका आफ्नो प्रेमीको अभावमा बाँच्न सक्दिन भन्ने कुरा देखाइएको छ । |
| ७ | परिचित आह्वान | 'परिचित आह्वान' कथामा हामीले आफ्नो देश, जाती र आफ्नो माटोलाई जोगाएर राख्नुपर्छ भन्ने सन्देश दिइएको छ । |

[५] दयाराम श्रेष्ठ, **पूर्ववत**, दो. सं., ललितपुर : साझा प्रकाशन, २०५७ ।

| | | |
|---|---|---|
| ८ | दिदी | 'दिदी' कथामा नयाँ पुस्ता र पुरानो पुस्ताबीचको द्वन्द्व देखाउँदै पुरानो पुस्ताको जीत गरेको छ । परम्पराको निर्वाहमा नै कल्याण हुने सन्देश दिएको छ । |
| ९ | दीपको पत्र शशीलाई | प्रस्तुत कथामा एकातिर आमाबुबाको मृत्युपछि छोराछोरीले गर्नु पर्ने सङ्घर्ष देखाइएको छ भन्ने अर्कातिर रोगी भएपछि विवाह गरेर अरूको जीवन बर्बाद पार्नु हुँदैन भन्ने सन्देश दिएको छ । |
| १० | तिमी नगएकी भए | नेपालीहरूको महान् चाड दशैंप्रति मोह व्यक्त गर्दै चाडपर्वमा परिवारका सबै सदस्य भेला नहुँदा खल्लोपन हुन्छ भन्ने कुरा प्रस्तुत गरिएको छ । |
| ११ | कस्तो अभिमान | प्रस्तुत कथाले एकातिर सामाजिक र साहित्यिक सुधारको सन्देश दिन खोजेको छ भने अर्कातिर व्यक्तिमा रहने अनावश्यक अहम् र भ्रमले मानिसलाई दिग्भ्रमित बनाउने आशय व्यक्त गरिएको छ । |
| १२ | सम्झनामा | 'सम्झनामा' कथामा पूर्वी नेपालको तेह्रथुममा रहेको संस्कृतिको झलक देखाउन खोज्नु नै मुख्य उद्देश्य हो । |
| १३ | टीकाको दिन | प्रस्तुत कथाले मानिसमा हुने अधुरो इच्छा र आकाङ्क्षालाई देखाउँदै  नारीले मसिना त्यान्द्रे आशामा जीवन बिताएको हुन्छ भन्ने कुरा प्रकाश पारेको छ । |
| १४ | दशैंको लुगा | प्रस्तुत कथामा बालवियोगले आमाको मनमा पर्न गएको पीडालाई देखाउनुका साथै मानवीय भावना पनि देखाइएको छ । |

### ५.२.७ निष्कर्ष

**तिमी नगएकी भए** कथा सङ्ग्रह राधिका रायाको पहिलो कथा सङ्ग्रह हो । यो कथा लेखनमा दार्जिलिङको साहित्यिक प्रभाव पारेको देखिन्छ । उनका कथाहरूमा सामाजिक यथार्थता, जीवनका कोमल तथा कठोर पक्ष, दुःखसुख भावुकता, प्रेम-विछोड, आर्थिक खोजिमा विदेसिएका नेपालीहरूको पीडा, नारीहरूको दुरवस्था, निराशा, तनाव आदिलाई विषयवस्तु बनाएको पाइन्छ । रायाका यी कथाहरूमा काल्पनिक उडान भए तापनि यथार्थ चरित्र चित्रण पाइन्छ ।

## ५.३ उनी गएको गोरेटो कथा सङ्ग्रहको अध्ययन

### ५.३.१ कृति परिचय

राधिका रायको प्रकाशनका दृष्टिले दोस्रो कथा सङ्ग्रहको रूपमा रहेको **उनी गएको गोरेटो** कथा सङ्ग्रह २०६० सालमा **जुही** प्रकाशनद्वारा १०१ पेजको फर्मामा प्रकाशित भएको छ । यस कथा सङ्ग्रहमा जम्मा २० ओटा कथा 'सानु', 'आमा', 'विजय कसको?', 'बा ! बा !',  ' उनी गएको गोरेटो,' 'सुमन', 'सम्झनाहरू सम्मालेर', 'छिमेकीको सम्झना', 'उनी',

'अन्तिम दर्शन', 'भदौरे झरीले', 'राखी-त्यौहारको दिन', 'म के भनूँ', 'नारीमा समस्या', 'त्यस दिनको प्रतिक्षा', 'एउटी नारीको कथा', 'मेरी सखी', 'माफ गरिदेउ मलाई', 'धरती माताको न्यानो काखमा', 'आफ्नो मायालु सागरी', सङ्ग्रहित छन् । काल्पनिक उडान भए पनि यथार्थ चरित्रको चित्रणमा आधारित उनका कथाहरूले मूलत : सामाजिक जनजीवन, लाहुरे जीवनमा घटेका घटना, त्यागमय प्रेमको चर्चा, नारी चेतना, नारी जीवन र नारी हक, अधिकार आदि कुरालाई कथाको विषवस्तु अबलम्बन गरिएको छ । **उनी गएको गोरेटो** कथा सङ्ग्रहभित्रका कथाहरूमा कथाकार रायाले देश विदेशमा रहँदा जीवनमा घटेका घटना निम्नवर्गीय परिवारको आर्थिक समस्या, नारीचेतना, हक, अधिकार आदि विषयवस्तु बनाएकी छन् । यस सङ्ग्रहभित्रका कथाहरूको मूलकथानक तल क्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

## ५.३.२ कथानक

| क. सं | कथाको शीर्षक | मूल कथानक |
|---|---|---|
| १ | सानु | 'सानु' कथामा सानुको केन्द्रीयतामा कथानक अघि बढेको छ । सानुलाई रत्नेसँग विवाह नगर्ने सल्लाह दाजुले दिदा-दिदैं पनि ऊ जबर्जस्ती बिहे गर्छे । रत्नेले धोका दिएपछि सानु समाजसेवी कपिलादेवी हन्छे । यतिखेर रत्नेले सानुसँग फर्केर आई माफ माग्छ । अन्त्यमा उनीहरूबीच मेलमिलाप हुन्छ । |
| २ | आमा | कृष्णाको परिवार बुबासँग पल्टनमा मलाया गएका हुन्छन् । पल्टनमा नै कृष्णाको आमा र बहिनीको मृत्यु हुन्छ । त्यसपछि कृष्णा र कृष्णको बुबा पहाड हजुरआमाको घरमा फर्कन्छन् । |
| ३ | विजय कसको | 'विजय कसको' कथामा पल्टनमा सुष्मा र भास्करसँगको भेटबाट कथानक अनि बढेको छ । उनीहरू एकअर्कामा प्रेम गर्न थाल्छन् । सुष्माले घरपरिवारको जिम्मेवारी बहन गर्नु पर्ने भएकाले भास्करसँगको प्रेमलाई अस्वीकार गर्न पुग्छे । आमाको मृत्युपछि बहिनीको घर गएकी सुष्मालाई भास्करले भेट्छ । उसले विवाह गरिसकेको हुन्छ ।ऊ सुष्मालाई हेरी यो जीत कस्को हो? भनी प्रश्न गर्छ यतिकैमा कथानकको अन्त्य हुन्छ । |
| ४ | बा ! बा ! | 'बा ! बा !' कथामा एक दिन साइँला दाइले रानीलाई धनकुटा डाँडा गाउँको वनमा भेट्छ । उसले विवाह गरेर रानीलाई पल्टनमा लिएर जान्छ । उनीहरूको एक छोराको जन्म भएपछि साइँला दाइको मृत्यु हुन्छ । त्यसपछि रानीले नाबालक छोरालाई लिएर जलपहाड फर्किन्छे । रानीले विलाप गरिरहेका बेलामा छोराले बा ! बा ! भन्छ । |

| | | |
|---|---|---|
| | | यतिकैमा कथानक अन्त्य हुन्छ । |
| ५ | उनी गएको गोरेटो | प्रस्तुत कथामा 'म' पात्रले आफ्नो लोग्नेलाई 'उनी' भनी सम्बोधन गरेकी छ । 'म' पात्र र 'उनी' बीच कलकत्ताको पल्टनमा भेट हुन्छ । छोरीको जन्मपछि 'उनी' श्रीमान् अर्को पल्टनमा गएको हुन्छ । ऊ दशैं तिहारमा पनि घर फर्केर आउँदैन । अन्त्यमा 'म' पात्र विलाप गरी श्रीमान् गएको गोरेटो हेरिरहन्छे । |
| ६ | सुमन | 'सुमन' कथामा 'म' पात्र र सुमन घुमपहाडको एउटै कलेजमा पढ्छन् । सुमन विवाहित नारी हो । उसलाई दुई छोराछोरीको जन्मपछि लोग्नेले छोड्छ । छोराछोरीप्रतिको जिम्मेवारी सबै उसमा पर्छ । छोराछोरीको भविष्यका लागि पैसा कमाउन विदेश जान खोज्दा उसलाई बुबाले विदेश जान नदिएपछि सुमन दोधारमा भई डाको छोडेर रुनथाल्छे । यतिकैमा कथानकको अन्त्य हुन्छ |
| ७ | सम्झनाहरू सम्मालेर | 'म' पात्रले छोरीलाई देहरादुन पढ्न पठाउन लाग्छे । उसले छोरीलाई मेचीपारि गलगले पुऱ्याई रेल चढाएर घर फर्कन्छे । 'म' पात्र घरमा एक्लो महसुस गरी छोरीको पर्खाइमा सम्झनाहरू सम्हालेर बस्छे । |
| ८ | छिमेकीको सम्झना | 'छिमेकीको सम्झना' कथामा शैला पल्टनको पाठशालाको शिक्षिका हुन्छे । उसकी साथी रेणु पनि त्यही पढाउँछे । वीरुकी आमा शैलाकी छिमेकी हो । उसले शैला सिङ्गापुर गएको बेला आफ्नो लोग्नेसँग पोइल गएको आरोप लागाउँछे । रेणुले पठाएको यो खबर सुनी शैला दु:खित हुन्छे र मेजर साहेबले स्कुल आउनु भनेपछि मात्र शैला फर्किन्छे । |
| ९ | उनी | प्रस्तुत कथामा पृथ्वी 'म' पात्रको रूपमा रहेको छ भने हुरीबतास 'उनी' पात्रका रूपमा रहेको छ । 'म' पात्रले प्रकृतिको सबै विनाश हुरीबतास 'उनी' ले गरेकोमा खेद प्रकट गरेको छ । प्रकृति नाङगो, उजाड, देखेर 'उनी' लाई पछुतो लाग्नेछ र यस पछि प्रकृति हरियाली हुनेछ भन्ने कुरा 'म' ले व्यक्त गरेको छ । पशुपंक्षी, प्राणीहरूले बास पाउने छन् भनी विलाप गरिएको छ । |
| १० | अन्तिम दर्शन | 'अन्तिम दर्शन' कथामा एउटी सुन्दरी, सुशील, मिलनसार युवतीको रोगको कारण असामयिक निधन भएको छ । युवती (मृतक पात्र) को अन्तिम दर्शन गर्न उपस्थित भएकी 'म' पात्रको तत्कालीनको सोचाइ नै यस कथाको कथानक हो । |
| ११ | भदौरे झरीले | प्रस्तुत कथामा 'म' पात्रको एक छोरीको जन्मपछि उसको लोग्नेको |

| | | |
|---|---|---|
| | | पहिरोबाट मृत्यु हुन्छ । 'म' पात्रले छोरीको पालन पोषण गरेर बसेकी हुन्छे । एक दिन 'म' पात्रले भदौरे झरी परेको बेला छोरी बिरामी भई अस्पतालमा लगेकी हुन्छे । भोलिपल्ट बिहान छोरी सन्चो हुन्छे र बोल्न थाल्छे । उसले नजिकैकी बालिकाले बुबा भनेको सुनेर आमा हाम्रो बुबा खोई भनी सोध्छे तर यसको उत्तर आमाले दिन सक्दिन । यतिकैमा कथानकको अन्त्य हुन्छ । |
| १२ | राखी त्यौहारको दिन | प्रस्तुत कथामा राखी पूर्णिमाको दिन घटेको घटनालाई लिएर कथानक अघि बढेको छ । 'म' पात्रले पल्टनमा एक य¬वकलाई दाजु मानेर राखी लगाई दिन्छे ।उनिहरू एक आपसमा आशीर्वाद साटासाट गर्छन । दाजुको मृत्युपछि 'म' पात्रले प्रत्येक राखी त्यौहारको दिन दाजुको सम्झना गरी तस्वीरमा फूल चढाउँछे । |
| १३ | म के भनूँ | 'म के भनुँ' कथामा पुष्पिताको केन्द्रीयतामा कथानक अघि बढेको छ । लोग्ने रोगी भएपछि पुष्पिताले अर्को युवकसँग यौन सम्पर्क गर्छे । यसपछि युवक गाउँ छोडेर भाग्छ । उसले छोरो जन्माउछे । केही समयपछि फेरि पुष्पिता परिवार छोडेर अर्को विवाह गर्न पुग्छे । दश वर्षपछि छोरो प्रभातको मृत्युको खबर सुनेर ऊ हेर्न जान्छे । त्यतिखेर अर्को छोरा संयोगले उसलाई देख्छ र आमा भनूँ कि वेश्या भनूँ भनी प्रश्न गर्छ । यतिकैमा कथानको अन्त्य हुन्छ । |
| १४ | नारीमा समस्या | 'नारीमा समस्या' कथामा 'म' पात्रले साहित्यिक कार्यक्रमबाट फर्कदा भेटेकी अपरिचित महिलाको घरयासी समस्या र बिहान घर नजिकै अफिसमा काम गर्ने नम्रता बहिनीको समस्या सम्झदै 'म' पात्र बसमा घरतिर फर्कन्छे । 'म' पात्र मनमा यिनै नारीका पीडा, व्यथा, वेदना दोहोरिरहन्छन् । यतिकैमा बस स्टेसन आइपुग्छ । 'म' पात्र घरतिर लाग्छे । |
| १५ | त्यस दिनको प्रतिक्षा | प्रस्तुत कथामा दार्जिलिङबाट जागिरका खोजिमा विदेसिएका दुई युवा पात्र मीरा र देवबीच एक छोटो भेटघाटमा अङ्कुरित भएर गाढा हुन पुगेको प्रेम पुनर्मिलन सुखकर क्षण भोग्न नपाउँदै प्रतिक्षाका रूपमा सीमित हुन्छ । यसमा प्रेमको नासो आफ्नो बहिनी गीताको छोरो जिम्मा लिएर नायिका मीरा त्यसैलाई हुर्काई-बढाई कर्तव्य पालन गर्ने आशाको दीप जलाई त्यस दिनको प्रतिक्षामा रहन्छे । |
| १६ | एउटी नारीको कथा | प्रस्तुत कथामा राजकुमारले आफ्नो विवाहका लागि रातो गुलाफ लैजान नपाएपछि बेहोस भई लड्छ । राजकुमारको यस्तो अवस्थादेखि |

| | | |
|---|---|---|
| | | कोयली चरीले रातो गुलाब फुलाउँछे । राजकुमार होसमा आएपछि रातो गुलाब लिएर राजकुमारीलाई विवाह गर्न जान्छ । यता भोलिपल्ट मालीले बगैचामा कोयलीको मृत शरीर र बचेरहरू रोइरहेको देख्छे । यतिकैमा कथानकको अन्त्य हुन्छ । |
| १७ | मेरी साथी | 'मेरी सखी' कथामा 'म' पात्र र उसकी साथी सानैदेखि दार्जिलिङको एउटै स्कुलमा पढ्छन् । म्याट्रिक पास गरेपछि 'म' पात्र जागिरका लागि विदेश जान्छे । साथी चाहिँ दार्जिलिङमा नै शिक्षक हुन्छे । छुट्टिमा साथी भेट्न गएकी 'म' पात्र साथीलाई पागल अवस्थामा देखेर मर्माहित हुन्छे । केही दिनपछि ऊ पल्टनमा जान्छे । एकदिन विहान 'म' पात्रले पल्टनमा साथीको मृत्यु भएका खबर पाई विलाप गरी रुन थाल्छे । |
| १८ | माफ गरिदेउ | प्रस्तुत कथामा मेजर साहेबले एक्ली छोरी मधुलाई सानैमा किरणसँग विवाह गरिदिन्छ । किरण विवाहपछि मधु र आमालाई छोडेर उच्च शिक्षा हासिल गर्न विदेश जान्छ । छोरी पाँच वर्षकी हुइन्जेलसम्म पनि किरण घर फर्केर आउँदैन । छ वर्षपछि घर पर्केर आएको किरणलाई मधुले माफ नदिई छोरी लिएर बुबाको घर जान्छे । |
| १९ | धरती माताको न्यानो काखमा | प्रस्तुत कथामा 'म' पात्रको केन्द्रीयतामा कथानक अघि बढेको छ । 'म' पात्रको छिमेकमा इमान्दार, अनुशासित, प्रगतिशील भावना भएकी स्मिताको मृत्यु भएको छ । 'म' पात्र पनि उसको मृत शरीर हेरी अन्तिम संस्कार सकी घर फर्कन्छे । बेलुकातिर 'म' पात्र विवाहको पार्टीमा निम्ता मान्न जान्छे । त्यहाँ उसलाई केटीहरूको नाङ्गो नाच मन पर्दैन । ऊ ठूलो भाउजूको घरमा गई बस्छे । 'म' पात्रलाई रातभरि नै स्मिताको सम्झनाले सताइरहन्छ यतिकैमा कथानक अन्त्य हुन्छ । |
| २० | आफ्नो मायालु सागरी | प्रस्तुत कथामा सागरी सानै हुँदा उसको बुबाको मृत्य हुन्छ । समीराले छोरी सागरीलाई राम्रो शिक्षा दिनलाई मेचीपारि लगेर राखेकी हुन्छे । एकदिन सागरी मेचीपारिबाट हराएको खबर पाउछे तर उसले छोरीलाई काहीँ पनि भेटाउँदिन । आज पनि समीरा आफ्नी छोरी सागरीको प्रतिक्षामा रहिरहेकी छ । |

### ५.३.३ चरित्र चित्रण

**उनी गएको गोरेटो** कथा सङ्ग्रहभित्रका कथाहरूमा धेरै मानवीय पात्रको प्रयोग गरिएका छन् भने केही मानवेतर पात्र पनि रहेका छन् । यस कथा सङ्ग्रहमा रहेका कथाहरूमा प्रय¬क्त चरित्रको  चित्रण तल क्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

| क. सं | कथाको शीर्षक | चरित्र चित्रण |
|---|---|---|
| १ | सानु | प्रस्तुत कथामा थोरै पात्रहरू रहेका छन् ।यसमा सानु, रत्ने र सानुको दाजु आदि पात्रहरू रहेका छन् । सानुको केन्द्रीयतामा कथानक अघि बढेको छ । सानु प्रमुख, स्त्री पात्र हो भने रत्ने सहायक पुरुष पात्र हो । सानुको दाजु यस कथाको गौण पात्र हो । |
| २ | आमा | 'आमा' कथामा कृष्णा, कृष्णाको बुबा, बहिनी, आमा, आदि पात्रहरू रहेका छन् ; जसमध्ये कृष्णा प्रमुख, स्त्री, बद्ध पात्र र बुबा र कृष्णाकी बहिनी सहायक बद्ध पात्र हुन् । कृष्णाकी आमा यस कथाकी गौण पात्र हुन् । |
| ३ | विजय कसको | प्रस्तुत कथामा सुष्मा, भास्कर, पूर्णिमा, सुष्माकी आमा, बहिनी आदि पात्रहरू रहेका छन् । सुष्मा प्रमुख स्त्री पात्र हो भने भास्कर सहायक पुरुष पात्र हो । पूर्णिमा यस कथाकी सहायक स्त्री पात्र हो भने सुष्माकी आमा र बहिनी गौण पात्र हुन् । |
| ४ | बा ! बा ! | 'बा ! बा !' कथामा थोरै पात्रहरू रहेका छन् । रानी, साइँला दाइ रानाकी आमा, रानीको छोरो आदि पात्रहरू यसमा आएका  छन् । रानीको केन्द्रीयतामा यसको कथानक अघि बढेको छ । त्यसैले रानी प्रमुख, स्त्री पात्र र साइँला दाइ सहायक, पुरुष पात्र हो । यहाँका रानीका आमा र छोरो गौण पात्र हुन् । |
| ५ | उनी गएको गोरेटो | 'उनी गएको गोरेटो' कथामा 'म', 'उनी' 'म' पात्रकी छोरी, पुनम दिदी, रवि, रविको बुबा आदि पात्रहरू रहेका छन् । यिनीह्रूमध्ये 'म' पात्र प्रमुख स्त्री पात्र हो । 'म' पात्रको केन्द्रीयतामा कथानक अघि बढेको छ । 'उनी' सहायक, पुरुष पात्र र पुनम दिदी, रवि, रविको बुबा आदि गौण पात्र हुन् । |
| ६ | सुमन | प्रस्तुत कथामा 'म' पात्र र सुमन प्रमुख स्त्री पात्रका रूपमा रहेका छन् । सुमनको लोग्ने सहायक पुरुष पात्र र सुमनको बुबा, छोराछोरी, गौण पात्र हुन् । |
| ७ | सम्झनाहरू | यस कथामा आमा, छोरी, हजुरमुमा, हरिकला, कान्छी दिदी आदि |

| | | |
|---|---|---|
| | सम्मालेर | पात्रहरू छन् । आमाको केन्द्रीयतामा कथानक अघि बढेकाले आमा प्रमुख स्त्री पात्र हो । छोरी सहायक स्त्री पात्र र हजुरमुमा, कान्छी दिदी, हरिकला आदि गौण पात्र हुन् । |
| ८ | छिमेकीको सम्झना | शैला र रेणु यस कथामा प्रमुख स्त्री पात्र हुन् । वीरुकी आमा सहायक, स्त्रीपात्र र वीरुको बुबा, हीमा, विरुका छोराछोरी आदि गौण पात्र हुन् । |
| ९ | उनी | प्रस्तुत कथामा थोरै पात्रको प्रयोग रहेको छ । 'म' पात्रको केन्द्रीयतामा यसको कथानक अघि बढेको छ । 'म' पात्र प्रमुख पात्र र उनी सहायक पात्र हुन् । |
| १० | अन्तिम दर्शन | प्रस्तुत कथामा थोरै पात्रको प्रयोग रहेको छ । 'म' पात्रको केन्द्रीयतामा कथानक अघि बढेको छ । 'म' पात्र प्रमुख, स्त्री पात्र र बालिका सहायक, स्त्री पात्र हो । |
| ११ | भदौरे झरीले | प्रस्तुत कथामा 'म' पात्र प्रमुख स्त्री पात्र हो । छोरी सहायक स्त्री र उनी गौण पात्र हुन् । |
| १२ | राखी त्यौहारको दिन | 'म' पात्र, दाजु, गोविन्द, टिटन्, कृष्णा, बहिनी, पुष्पाको छोरो आदि यस कथाका पात्रहरू हुन् । बहिनी,'म' पात्र प्रमुख, स्त्री पात्र र दाजु सहायक, पुरुष पात्र हो । गोविन्द टिटु, कृष्णा बहिनी, पुष्पाको छोरो आदि गौण पात्रहरू हुन् । |
| १३ | म के भनूँ | प्रस्तुत कथामा पुष्पिता, उपसाना, प्रभात, संयोग पुष्पिताको लोग्ने, युवक पात्रहरू छन् । यस कथामाका पुष्पिता प्रमुख स्त्री पात्र र उपासना, संयोग, प्रभात सहायक पात्र हुन् भने पुष्पिताको लोग्ने, युवक गौण पात्र हुन् । |
| १४ | नारीमा समस्या | 'नारीमा समस्या' कथामा 'म' पात्रको केन्द्रीयतामा कथानक अघि बढेको छ । 'म' पात्र यस कथाको प्रमुख स्त्री पात्र र नम्रता बहिनी, अपरिचित महिला, सहायक र स्त्री पात्र हुन् । नरेन्द्र दाइ र नम्रता बहिनीको लोग्ने यसका गौण पात्र हुन् । |
| १५ | त्यस दिनको प्रतिक्षा | प्रस्तुत कथामा मीरा, देव, शान्ति, देवकी श्रीमती, विकास चन्द्र, दीपा, गीता आदि पात्रहरू छन् । मीरा र शान्ति प्रमुख स्त्री पात्र हुन् । देव, विकास, चन्द्र सहायक, पुरुष पात्र र दीप, गीता, देवकी श्रीमती आदि गौण पात्र हुन् । |
| १६ | एउटी नारीको कथा | 'एउटी नारीको कथा' कथामा मानवीय र मानवेतर पात्रहरू रहेका छन् ।यसका राजकुमार, राजुकमारी, माली आदि मानवीय |

| | | |
|---|---|---|
| | | पात्र र कोयली, बचेराहरू मानवेतर पात्र हुन् ।यहाँका राजकुमार मानवीय प्रमुख पात्र र कोयली मानवेतर प्रमुख पात्र हुन्न् । राजकुमारी मानवीय सहायक पात्र र बचेराहरू, माली गौण पात्र हुन् । |
| १७ | मेरी साथी | प्रस्तुत कथामा 'म' पात्रको केन्द्रीयतामा कथानक अघि बढेको छ । यसमा रहेका 'म' पात्र प्रमुख स्त्री पात्र र सखी सहायक स्त्री पात्र छन् भने मातवरसिंह र सिस्टर भाउजू गौण पात्र हुन् । |
| १८ | माफ गरिदेउ | प्रस्तुत कथामा मधु, किरण, मेजर साहेब, गुलाब, किरणकी आमा आदि पात्रहरू छन् । यहाँका मधु प्रमुख स्त्री पात्र हो भने किरण र मेजर साहेब सहायक पुरुष पात्र हुन । यसैगरी यस कथामा आएका मधुकी छोरी, गुलाफ र किरणकी आमा गौण पात्रका रूपमा आएका छन् । |
| १९ | धरती माताको न्यानो काखमा | 'धरती माताको न्यानो काखमा' कथामा 'म' पात्रको केन्द्रीयतामा कथानक अघि बढेको छ । 'म' पात्र यस कथाको प्रमुख स्त्री पात्र र स्मिता सहायक स्त्री पात्र हो । 'म' पात्रकी भाउजू, भाउजूको छोरो र उज्वल गौण पात्रका रूपमा यस कथामा आएका छन् । |
| २० | आफ्नो मायालु सागरी | 'आफ्नो मायालु सागरी' कथामा समीरा, सागरी, समीराको लोग्ने गरी थोरै पात्रको प्रयोग रहेको छ । समीरा यस कथाकी प्रमुख स्त्री पात्र र समीराको लोग्ने, सागरी सहायक पात्रका रूपमा आएका छन् । |

### ५.३.३ परिवेश

**उनी गएको गोरेटो** कथा सङ्ग्रहमा रहेका कथाहरूमा पूर्वी नेपालका विभिन्न ठाउँ लगायत, दार्जिलिङ, हङ्कङ्, सिङ्गापुर, कलकत्ता, मलेसिया आदि अन्तराष्ट्रिय परिवेश आएका छन् । यस सङ्ग्रहमा रहेका कथाहरूको परिवेश तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र. सं | कथाको शीर्षक | परिवेश |
|---|---|---|
| १ | सानु | 'सानु' कथामा दार्जिलिङको ग्रामीण क्षेत्रको परिवेश रहेको छ । धीरधाम भालेको डाको आदि प्रसङ्गबाट यसको पुष्टि हुन्छ । लोग्ने स्वास्नीबीचको झगडाले तत्कालीन नेपालको परिवेशको झल्को दिन्छ । |
| २ | आमा | 'आमा' कथामा धेरै घटना मलायामा घटेको हुनाले अन्तर्राष्ट्रिय परिवेशको चित्रण पाइनुका साथै कृष्णा पहाड फर्केकाले पूर्वी |

| | | |
|---|---|---|
| | | नेपालको धनकुटातिरको परिवेश पनि आएको छ । तमोर खोलाको किनार र धरानमा नून लिन गएको वर्णनबाट पहाडी जनजीवनलाई यसमा देखाइएको स्पष्ट हुन्छ । |
| ३ | विजय कस्को | 'विजय कस्को' कथामा क्लुवांगको अस्पताल र पल्टनको पाठशालाको वर्णन गरेकाले यो कथा अन्तर्राष्ट्रिय परिवेशमा केन्द्रित छ भन्न सकिन्छ । त्यस्तैगरी धीरधाम, शिवालयको प्रसङ्ग पनि आएको हुँदा दार्जिलिङको परिवेशको  झल्को पनि यसले दिन्छ । |
| ४ | बा ! बा ! | प्रस्तुत कथामा पूर्वी नेपालको धनकुटादेखि लिएर सिङ्गापुर क्लुवांग स्टेशन, ट्रन्जिट क्याम्पसम्मको अन्तर्राष्ट्रिय परिवेश पाइन्छ । |
| ५ | उनी गएको गोरेटो | कलकत्ताको व्यारेकपुरको ट्रान्जिट क्याम्पमा नेपालीहरूले मनाएका चाडपर्वहरूका साथै गङ्गाको किनारको परिवेश पनि यस कथामा आएको छ । |
| ६ | सुमन | 'सुमन' कथामा दार्जिलिङको घुमपहाडको सामान्य परिवारमा घटेको घटनाबाट ग्रामीण परिवेशको चित्रण पाइन्छ । निम्नवर्गको आर्थिक समस्याको चित्रण पनि यसले गरेको छ । |
| ७ | सम्झनाहरू सम्मालेर | यस कथामा पूर्वी नेपालको भद्रपुर मेची किनार हुँदै भारतका गलगले र देहरादूनको परिवेश आएको छ । छोरीलाई विदेश पढ्न पठाएको प्रसङगबाट सहरी शिक्षित परिवारको चित्रण पनि यसमा पाइन्छ । |
| ८ | छिमेकीको सम्झना | प्रस्तुत कथा कलकत्ताको व्यारेकपुरको पल्टनमा घटेको घटनासँग सम्बन्धित भएकाले यसमा अन्तर्राष्ट्रिय परिवेश पाइन्छ । यसका साथै वीरुले तरकारी मागेको, वीरुकी आमाले गरेका झै-झगडाबाट ग्रामीण परिवेशको चित्रण पाइन्छ । निम्नवर्गको आर्थिक समस्या र अशिक्षाको चित्रण पनि यस कथामा पाइन्छ । |
| ९ | उनी | 'उनी' कथामा बाह्य परिवेशभन्दा पनि आन्तरिक परिवेशको प्रधानता रहेको देखिन्छ । यसमा म पात्रको अवचेतन मनमा रहको ख¬ल्द¬लीलाई प्रकट गरिएको छ । |
| १० | अन्तिम दर्शन | कथाको परिवेश पूर्वी नेपालमा रहेको भद्रपुरको आसपासमा रहेका घरमा घटेका घटनासँग सम्बन्धित छ । यस कथामा मेची नदीको परिवेश पनि आएको छ । |

| | | |
|---|---|---|
| ११ | भदौरे झरीले | प्रस्तुत कथामा दार्जिलिङको आसपासमा रहेका वर्षा याममा भोग्नु परेको समस्या परिवेशको रूपमा देखा परेको छ ।यसमा निम्नवर्गीय परिवारको आर्थिक समस्यालाई पनि चित्रण गरिएको छ । |
| १२ | राखी त्यौहारको दिन | प्रस्तुत कथाको परिवेश कलकत्ताको ब्यारेकपुरमा पल्टनभित्र घटेका घटनासँग सम्बन्धित हुनका साथै यसमा भारतीय समाजमा मनाउने पर्वको झल्को पाइन्छ । |
| १३ | म के भनूँ | नेपालको पहाडी गाउँको परिवेशसँग सम्बन्धित घटना बढी देखिए तापनि पुष्पिताले तेस्रो विवाह गरी मधेश गएबाट तराइको परिवेश पनि यस कथामा आएको छ । |
| १४ | नारीमा समस्या | नेपालको पूर्वमा पर्ने बिर्तामोड र भद्रपुरको परिवेशसँग सम्बन्धित घटना यस कथामा सरल रूपमा आएको छ । पार्टीको नाङ्गो नाचबाट सहरिया परिवेश स्पष्ट हुन्छ । |
| १५ | त्यस दिनको प्रतिक्षा | दार्जिलिङको परिवेशमा हुर्की बढेका यस कथाका पात्रहरू कामको सिलसिलामा विदेसिएको देखिन्छन् । कथाको बढी घटना हङकङ, सिङ्गापुरमा घटेको हुनाले अन्तर्राष्ट्रिय परिवेशको चित्रण पनि पाइन्छ । |
| १६ | एउटी नारीको कथा | ग्रामीण परिवेशमा कथाको बढी घटना घटे पनि राजकुमारी सहरमा बस्ने भएकाले सहरिया परिवेशको पनि चित्रण यस कथामा आएको छ । |
| १७ | मेरी साथी | 'मेरी सखी' कथामा दार्जिलिङदेखि लिएर सिङ्गापुरसम्मको सहरिया परिवेशको चित्रण रहेको छ । निम्नवर्गको आर्थिक समस्याको जीवन्त चित्रण पनि यसले गरेको छ । |
| १८ | माफ गरिदेउ | 'माफ गरिदेउ' कथा सहरिया परिवेशमा रचना भएको छ । कथामा प्रस्तुत वातावरण, रीतिरिवाज, आदिले यसको पुष्टि गर्छन् । यसका साथै कथामा किरण विदेश पढ्न गएबाट अन्तर्राष्ट्रिय परिवेशको पनि चित्रण रहेको देखिन्छ । |
| १९ | धरती माताको न्यानो काखमा | 'धरती माताको न्यानो काखमा' कथामा पूर्वी नेपालमा रहेको मेची नदीको किनारका साथै भद्रपुर, बिर्तामोडको सहरिया परिवेशको चित्रण गरिएको छ । |
| २० | आफ्नो मायालु सागरी | 'आफ्नो मायालु सागरी' कथामा झापाको भद्रपुरदेखि लिएर मेची नदीपारिको अन्तर्राष्ट्रिय परिवेश पाइन्छ । यस कथामा सागरी |

| | | |
|---|---|---|
| | | जस्ता कति बालिका भारतबाट घर नफर्किएको यथार्थतालाई सरल तथा मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । |

### ५.३.४ भाषाशैली

**उनी गएको गोरेटो** कथा सङ्ग्रहभित्रका कथाहरूमा संस्कृतका तत्सम शब्द तद्भव शब्द र अङ्ग्रेजी तथा हिन्दीका आगन्तुक शब्दहरूको बढी प्रयोग रहेको छ । यी कथाहरूमा भाषाशैली सरल, सहज र सुबोध्य रहेका छ । यस सङ्ग्रहमा भाषाशैली सरल, सहज र सुबोध्य रहेको छ । यस सङ्ग्रहभित्रका कथाहरूको भाषाशैली तल क्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

| क. सं | कथाको शीर्षक | भाषाशैली |
|---|---|---|
| १ | सानु | 'सानु' कथामा सरल, सहज र पात्रानुकूल बोलचालको भाषाको प्रयोग भएको छ । माता, पिता, पुत्र आदि संस्कृत शब्दहरूको प्रयोग गर्नुका साथै औ हिन्दी शब्दको आवृत्ति यसमा पाइन्छ । तद्भव र तत्सम शब्दहरूको प्रयोग गरी लेखिएको यो कथा सम्प्रेषणीय रहेको छ । वर्णनात्मक शैलीको प्रयोग यस कथामा रहेको छ । |
| २ | आमा | 'आमा' कथा रैखिक ढाँचामा लेखिएको छ । तत्सम तद्भव शब्दहरूको प्रयोग गर्नुका साथै यसमा दार्जिलिङे कथ्य भाषको प्रयो पाइन्छ । संस्कृत र अङ्ग्रेजीका शब्दहरूको प्रयोग गरे पनि यस कथाको भाषाशैली सरल, सहज, प्रभावकारी र रोचक रहेको छ ।यो कथा संवादात्मक शैलीको प्रयोग गरेर लेखिएको छ । |
| ३ | विजय कसको | प्रस्तुत कथा सरल, सरस भाषामा लेखिएको छ । तद्भव, तत्सम शब्दहरूका साथै हिन्दी मूलका आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ । रैखिक ढाँचा र संवादात्मक शैलीमा लेखिएको छ । पात्रानुकूल भाषा प्रयोगद्वारा कथालाई जीवन्त बनाइएको छ । |
| ४ | बा ! बा ! | प्रस्तुत कथाको भाषाशैली सरल र सुबोध्य छ । वर्णनात्मक शैली र संवादात्मक शैलीको यसमा राम्रो समन्वय पाइन्छ । तत्सम, तद्भव शब्दहरूको प्रयोगका साथै स्टेशन, प्लेटफार्म, रबर, मिलेटरी, ट्याक्सी, रेल आदि अङ्ग्रेजीका शब्दहरूको प्रयोग पनि |

| | | |
|---|---|---|
| | | यस कथामा पाइन्छ । यस कथाको भाषाशैली सरल, सहज र सुबोध्य रहेको छ । |
| ५ | उनी गएको गोरेटो | रैखिक ढाँचामा लेखिएको यो कथा पत्रात्मक शैली जस्तो देखिए पनि पत्रात्मक नभई एकालापीय वर्णनात्मक शैलीको प्रयोग पाइन्छ । तत्सम र आगन्तुक शब्दहरूका साथै पÒर्वेली कथ्य भाषाको प्रभाव देखिन्छ । विभिन्न भावको तरङ्गित प्रयोग भए तापनि यसको भाषाशैली रोचक सरल र सुबोध्य रहेको छ । |
| ६ | सुमन | वर्णनात्मक शैली र रैखिक ढाँचामा लेखिएको यस कथामा पात्र अनुकूलको भाषाको प्रयोग पाइन्छ । यसमा विभिन्न शब्दहरूको आवृत्ति र लामा वाक्यको प्रयोग पाइन्छ । तत्सम र आगन्तुक शब्दहरूको प्रयोग गरी लेखिएको यस कथाको भाषाशैली सरल, प्रभावकारी र आकर्षक बनेको छ । |
| ७ | सम्झनाहरू सम्मालेर | वर्णनात्मक शैली र संवादात्मक शैलीको समन्वय रहेको यस कथामा वाक्य गठनगत त्रुटि देखिएका छन् । कथ्य भाषाको प्रयोगका साथै यसमा शब्दहरूको आवृत्ति पाइन्छ । तत्सम र आगन्तुक शब्दहरूको प्रयोग गरिएको यस कथाको भाषाशैली सरल, सहज र स्वाभाविक रहेको छ । |
| ८ | छिमेकीको सम्झना | रैखिक ढाँचामा लेखिएको प्रस्तुत कथामा लामा लामा वाक्यको प्रयोग पाइन्छ । यस कथामा तत्सम, तद्भव शब्दहरूको प्रयोगका साथै अङ्ग्रेजीका केही आगन्तुक शब्दहरूको पनि प्रयोग पाइन्छ । प्रस्तुत कथाको भाषाशैली सरल, सहज र रोचक रहेको छ । |
| ९ | उनी | काल्पनिक उडान बढी भएकाले प्रस्तुत कथाको भाषा सरल सहज नभएर घुमाउरो छ । व्यञ्जनात्मक प्रस्तुति यस कथामा पाइन्छ । वर्णनात्मक शैलीको प्रयोग गरी लेखिएको यस कथामा तत्सम र आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ । |
| १० | अन्तिम दर्शन | प्रस्तुत कथाको भाषाशैली सरल, सहज र सुबोध्य रहेको छ । वर्णनात्मक शैलीमा लेखिएको यस कथामा तत्सम र आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ । 'कताकता सोचि पठाएँ' जस्ता कथ्य भाषाका वाक्य पनि यसमा रहेका छन् । |
| ११ | भदौरे झरीले | प्रस्तुत कथाको भाषा सरल, सहज नभई अलि घुमाउरो रहेको छ । वर्णनात्मक शैलीमा लेखिएको यस कथामा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ । |

| | | |
|---|---|---|
| १२ | राखी त्यौहारको दिन | वर्तुलित ढाँचामा लेखिएको यो कथा वर्णनात्मक शैलीमा लेखिएको छ । तत्सम र आगन्तुक शब्दहरू प्रयोग गरी लेखिएको यस कथाको भाषाशैली सरल, सहज र आकर्षक रहेको छ । |
| १३ | नारीमा समस्या | रैखिक ढाँचामा लेखिएको यस कथामा छोटाछोटा वाक्य गठन रहेका छन् । वर्णनात्मक र संवादात्मक दुबै शैलीको प्रयोगले भाषाशैली अत्यन्तै रोचक, सरल र सुबोध्य रहेको छ । |
| १४ | त्यस दिनको प्रतिक्षा | रैखिक ढाँचामा लेखिएको प्रस्तुत कथामा लामालामा वाक्यको प्रयोग पाइन्छ । तत्सम र आगन्तुक शब्दको प्रयोगका साथै यसमा अनुकरणात्मक शब्दको प्रयोग पाइन्छ । शब्दहरूको आवृति र जनजिब्राको कथ्य भाषले भाषाशैली सरल, सहज र प्रभावकारी रहेको छ । |
| १५ | एउटी नारीको कथा | पात्रअनुसारको कथ्य भाषाको प्रयोग यस कथामा पाइन्छ ।यसमा रैखिक ढाँचा र संवादात्मक शैलीको प्रयोग छ । यस कथामा सरल ग्रामीण भाषाको र सहरी सुसभ्य भाषाको प्रयोग स्वाभाविक किसिमले गरिएको छ । यस कथाको भाषाशैली सरल, रोचक र आकर्षक रहेको छ । |
| १६ | मेरी साथी | रैखिक ढाँचा र वर्णनात्मक शैलीमा लेखिएको यस कथामा शब्दहरूको आवृत्ति रहेको छ । तद्भव, तत्सम शब्दको प्रयोगका साथै अङ्ग्रेजी शब्दको धेरै प्रयोग यसमा पाइन्छ ।कथ्य भाषको एकोहोरो प्रयोग भए पनि प्रस्तुत कथाको भाषाशैली सरल, सहज र आकर्षक रहेको छ । |
| १७ | माफ गरिदेऊ मलाई | प्रस्त¬त कथामा पात्रअनुसारको कथ्य भाषाको प्रयोगका साथै लामा लामा वाक्यको प्रयोग पाइन्छ । यसमा तत्सम र आगन्तुक शब्दहरूको प्रयोग रहेको छ । रैखिक ढाँचामा लेखिएको यस कथाको भाषाशैली सरल, सहज र प्रभावकारी रहेको छ । |
| १८ | धरती माताको न्यानो काखमा | यस कथाको भाषाशैली सरल, सहज र प्रभावकारी रहेको छ । रेडक्रस, स्टेज, होटल आदि अङ्ग्रेजी शब्दको प्रयोगका साथै लामा लामा वाक्यको प्रयोग यस कथामा पाइन्छ । यसमा तत्सम, तद्भव शब्दहरूको प्रयोग पाइन्छ । |
| १९ | आफ्नो मायालु सागरी | रैखिक ढाँचामा लेखिएको यो कथामा तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । काव्यात्मक शैलीको प्रयोगले |

| | | |
|---|---|---|
| | | कथा अत्यन्तै रोचक बनेको छ । भावको प्रचुरता भए पनि सरल शब्दको प्रयोगले भाषाशैली सरल, सहज र प्रभावकारी रहेको छ । |

## ५.३.५ उद्देश्य

**उनी गएको गोरेटो** कथा सङ्ग्रहभित्रका कथाहरूमा तत्कालीन नेपाली समाजमा भोग्नु परेका मान्छेका आर्थिक, सामाजिक समस्याका साथै युवा युवतीमा हुने माया प्रेम आदिलाई देखाउन खोजिएको छ । यस सङ्ग्रहमा रहेका कथाहरूको उद्देश्य तल क्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

| क्र. सं | कथाको शीर्षक | उद्देश्य |
|---|---|---|
| १ | सानु | 'सानु' कथामा लोग्ने स्वास्नीको झगडाले समाजमा विकराल रूप लिन हुँदैन , एक आपसमा मेलमिलाप गर्नुपर्छ भनी तत्कालीन समाजको वस्तुस्थितिलाई देखाउन कोसिस गरिएको छ । |
| २ | आमा | 'आमा' कथामा छोराछोरीका लागि आमाको माया अपार हुन्छ भन्ने देखाइएको छ । आमाको मृत्युपछि छोराछोरीको भविष्य नै अन्धकारमय बन्छ भन्ने कुरा यस कथाले देखाउन खोजेको छ । |
| ३ | विजय कस्को | जीवन कर्तव्यमा मात्र सीमित नभई कर्तव्यअघि विभिन्न इच्छाको पनि स्थान हुन्छ भन्ने कुरा देखाउन खोज्नु नै यस कथाको मूल उद्देश्य हो । |
| ४ | बा ! बा ! | 'बा ! बा !' कथामा कतिपय नेपालीहरूको पल्टनमा नै मृत्यु हुने गरेको उनीहरूको मृत्युपछि स्वास्नी र बालबच्चाले भोग्नु परेका पीडालाई देखाउन खोजिएको छ । |
| ५ | उनी गएको गोरेटो | नेपालीहरू आर्थिक विपन्नताका कारण परिवार छोडेर लाहुरमा जानु पर्ने, चाडपर्वमा पनि घर परिवारसँग भेट गर्न नपाउने बाध्यता र विवशतालाई यस कथाले देखाउन खोजेको छ । |
| ६ | सुमन | प्रस्त¬त कथामा पुरुष समान शिक्षित भए पनि नारीले पुरुषको दमन सहनु पर्ने हाम्रो समाजको चित्रण पाइन्छ । स्वतन्त्र जीवन जिउन नपाउने नारीको समस्यालाई यस कथाले देखाएको छ । |
| ७ | सम्झनाहरू सम्मालेर | प्रस्तुत कथामा मातृहृदय देखाउँदै छोराछोरीप्रतिको कर्तव्य वहन गर्न आमा जहिल्यै पनि तत्पर हुने कुरा देखाउन खोजिएको छ । |
| ८ | छिमेकीको सम्झना | हाम्रो समाजमा एउटी अविवाहित नारीले आफ्नो इज्जत बचाएर बस्न धेरै गाऱ्हो हुन्छ भन्ने कुरा यस कथामा देखाउन खोजिएको छ । |
| ९ | उनी | उनी कथामा हुरी बतासले प्रकृतिलाई विनास गरेको कुरा |

| | | |
|---|---|---|
| | | देखाउन खोजिएको छ । |
| १० | अन्तिम दर्शन | नेपाली परम्परा र संस्कारलाई झल्काउँदै यस कथामा मृत्युले बुढो, बालक, युवा कोही भन्दैन ; जोसुकै पनि लान सक्छ भन्ने कुरा स्पष्ट पार्न खोजिएको छ । |
| ११ | भदौरे झरीले | वर्षाको पानीले पहाडमा पहिरो गई जनजीवनमा परेको प्रभावलाई यस कथामा देखाउन खोजिएको छ । |
| १२ | म के भनूँ | प्रस्तुत कथामा एउटा लोग्नेसँग यौन सम्पर्क राख्दा सन्तुष्टि नभई छोराछोरी छोडी पोइल हिँड्ने हाम्रो समाजका नारीहरूका अस्तित्ववादी निर्णयलाई  देखाउन खोजिएको छ । |
| १३ | नारीमा समस्या | प्रस्त¬त कथामा विवाहपछि एउटी नारीले भोग्नु परेको समस्यालाई देखाइएको छ । यसका साथै नारीले परिवारप्रति धेरै जिम्मेवारी बहन गर्नुपर्ने र पुरुषले हैकम चलाउने परम्परालाई देखाउन खोजिएको छ । |
| १४ | त्यस दिनको प्रतिक्षा | यो कथा युवा अवस्थाको माया प्रेम देखाउनुका साथै दुःख परेका बेला आफन्तहरूको अभाव हुन्छ र आफ्ना प्रियजन र आफ्नो भूमिको आवश्यकता पर्ने हुँदा स्वदेश फर्कनुपर्छ भन्ने भावना र सन्देश दिन सफल भएको छ । |
| १५ | एउटी नारीको कथा | एउटी नारीभित्र हुने निश्चल प्रेम, कर्तव्यबोध, निःस्वर्थीपन मानवेतर प्राणीद्वारा देखाउन खोजिएको छ । |
| १६ | मेरी साथी | प्रस्त¬त कथामा एक असल साथीले आफ्नो साथीमा घटेका घटना सुन्दा अत्यन्तै दुखित हुने कुरा देखाइएको छ । त्यस्तैगरी जागिरका सिलसिलामा साथी र परिवारजनबाट अलग भएर बस्नुपर्ने बाध्यता पनि यस कथामा देखाउन खोजिएको छ । |
| १७ | माफ गरिदेउ | बुबा आमाले छोरीलाई शिक्षादीक्षा नदिई सानैमा विवाह गरेर आफू कर्तव्यबाट पन्छिन खोज्ने परम्परालाई देखाउन खोजिएको छ । |
| १८ | धरती माताको न्यानो काखमा | आजको सहरिया परिवेशले ल्याएको विकृति देखाउनुको साथै समाजमा इमान्दार, सभ्य, प्रगतिशील भावना भएकी नारीको अभाव छ भन्ने आह्वान गरिएको छ । |
| १९ | आफ्नो मायालु सागरी | प्रस्त¬त कथामा हाम्रो समाजमा छोराछोरीलाई राम्रो पढाउन विदेश पठाउने परम्परालाई देखाउन खोजिएको छ । |

**५.३.७ निष्कर्ष**

**उनी गएको गोरेटो** कथा सङ्ग्रह रायाको सामाजिक, विषयवस्तुमा आधारित दोस्रो कथा सङ्ग्रह हो । यसमा रहेका कथाहरूमा नेपालीहरूको महान चाडपर्व मायाप्रेम, समाजमा देखिएका निम्न, मध्यम वर्गीय समस्या, पारिवारिक तनाव, नारी चेतना, नारी जीवनको हक, अधिकार आदि कुरालाई विषयवस्तु बनाएको पाइन्छ । उनको कथा लेखनमा दार्जिलिङको साहित्यिक परिवेश र सामाजिक परिवेशले प्रभाव पारेको देखिन्छ ।

## ५.४ जीवनको इच्छा एकाङ्की सङ्ग्रहको अध्ययन

### ५.४.१ कृति परिचय

**जीवनको इच्छा** राधिका रायाको एक मात्र प्रकाशित एकाङ्की सङ्ग्रह हो । यो सङ्ग्रह २०५९ सालमा **जुही** प्रकाशनद्वारा प्रकाशित भएको छ । यसमा ८ ओटा एकाङ्कीहरू ९८ पृष्ठमा संरचित छन् । यस सङ्ग्रहमा 'जीवनको इच्छा,' 'प्रेमको प्रतीक', 'प्रतिशोध', 'अधुरो कहानी', 'मुरली', 'म फर्केर आएँ', 'आदर्श प्रेम', मैले भूल गरें' एकाङ्कीहरू सङ्ग्रहित छन्। उनले तत्कालीन समाजमा घटेका घटनाहरूलाई समेटेर एकाङ्कीको विषयवस्तु बनाएकी छन् । उनका एकाङ्कीहरूको केन्द्रीय स्वर देशभक्ति, समाजसुधारको आग्रह र जीवनमा सत्मार्ग प्रति लाग्ने आग्रह रहेको छ ।

### ५.४.२ जीवनको इच्छा एकाङ्की

प्रस्तुत एकाङकी रायाको **जीवनको इच्छा** एकाङ्की सङ्ग्रहभित्रको पहिलो एकाङ्की हो । यो एकाङ्की एक दृश्यमा मात्र आबद्ध भएको छ । यसमा थोरै पात्रको प्रयोग गरिएको छ । प्रस्तुत एकाङ्कीमा जीवन नामक व्यक्तिले सुरुमा आफ्नो इच्छा अनुसारको अध्ययन गर्न नपाएको कुरालाई देखाइएको छ ।

#### ५.४.२.१ कथावस्तु

जीवन बुबा हर्कमानसँग दार्जिलिङमा पढ्न बसेको हुन्छ । जीवन र लता सँगै पढ्ने साथी हुन्छन् । उनीहरू दुबै जनाले म्याट्रिक पास गर्छन् । जीवन र लताबीच प्रेम हुन्छ । उनीहरू एउटै कलेज पढ्ने सल्लाह गर्छन् तर हर्कमानले जीवनलाई पढ्न नदिई पहाडको घरमा बस्ने सल्लाह दिएपछि ऊ पहाड जान्छ । हर्कमान साह्रै बिरामी परेको खबर पाई जीवन बुबा हर्कमानलाई हेर्न आउँछ । हर्कमानले जीवनलाई देख्ने वित्तिकै छोरोलाई कलेजमा भर्ना गर भन्छ । यतिकैमा हर्कमानको मृत्यु हुन्छ । त्यसपछि जीवनले पढेर डाक्टर बन्ने र गाउँमा सेवा गर्ने निर्णय गर्छ । यसरी कथावस्तुको अन्त्य हुन्छ ।

#### ५.४.२.२ पात्र/चरित्र

एकाङ्कीको मुख्य तत्त्व पात्र पनि एक हो । **जीवनको इच्छा** एकाङ्कीमा मुख्य पात्र जीवन र लता रहेका छन् । जीवन यस एकाङ्कीको नायक, अनुकूल पात्र र लता नायिका, अनुकूल पात्र हो । हर्कमान यस एकाङ्कीको सहायक पात्र हो । ऊ सुरुमा प्रतिकूल पात्र भए पनि पछि अनुकूल पात्र भएको छ ।

### ५.४.२.३ संवाद

संवाद एकाङ्कीको महत्वपूर्ण तत्त्व हो । छोटो, छरितो, गद्य भाषाको संवादको प्रयोग यस एकाङ्कीमा रहेको छ । यस एकाङ्कीमा प्रत्यक्ष संवादको प्रस्तुति पाइन्छ । लता र जीवनबीचको संवादबाट अघि बढेको कथावस्तु जीवन र हर्कमानबीचको संवादबाट अन्त्य हुन्छ । जीवन र लताबीचको संवाद यस प्रकार छ :-

लता - यसो भए जीवन, बासँग आजै सोध्नुहोस् ल ?

जीवन - यही विचार छ । सायद अहिले बा बाहिर पाल्नुहुन्छ होला बाहिर जानु भन्दा अघि नै बाबुसँग भेट गर्नु पऱ्यो ।

### ५.४.२.४ परिवेश

**जीवनको इच्छा** एकाङ्की मुख्य रुपमा दार्जिलिङको सहरी परिवेश रहेको छ । जीवनले पढ्ने इच्छा गर्दा पनि हर्कमानले पढ्न नदिएबाट परम्परागत धारणाको चित्रण पाइन्छ । समाजमा परम्परागत सोचाइ, अन्धविश्वास हटिनसककेको परिवेशको चित्रण यस एकाङ्कीमा  गरिएको छ ।

### ५.४.२.५ भाषाशैली

**जीवनको इच्छा** एकाङ्की सरल भाषामा लेखिएको छ । यसमा उखान टुक्काको प्रशस्त प्रयोग भएको छ : कालो अक्षर भैंसी बराबर । अङ्ग्रेजीका शब्दहरूको बढी प्रयोग हुनका साथै शब्दहरूको आवृत्ति भएको छ । कथ्य भाषाको प्रयोगका साथै व्याकरणिक विचलन पाइन्छ । प्रस्तुत एङ्काकीमा सरल र स्वाभाविक भाषाशैली रहेको छ ।

### ५.४.२.६ उद्देश्य

एकाङ्कीमा एउटैमात्र उद्देश्य रहेको हुन्छ । यस एकाङ्कीको उद्देश्य नयाँ पुस्ता र पुरानो पुस्ताबीच द्वन्द्व देखाई अन्त्यमा नयाँ पुस्ताको जीत देखाउनु हो ।

### ५.४.२.७ अभिनेयात्मकता

अभिनेयता एकाङ्कीको महत्वपूर्ण तत्त्व हो । रचनाको सम्पूर्ण आयोजना त्यसको मञ्चमा प्रस्तुति अभिनेयताको सन्दर्भमा हुनुपर्दछ । यो एकाङ्की पनि थोरै पात्र र दृश्यका कारण जुनसुकै ठाउँमा पनि प्रस्तुत गर्न योग्य देखिन्छ । छोटो संवाद, सरल भाषाशैली, पारिवारिक परिवेश, छोराछोरीको पढ्ने इच्छा विपरीतको कथा भएकाले सजिलै प्रस्तुत गर्न सकिन्छ यो एकाङ्की अभिनयका दृष्टिले सफल छ ।

## ५.४.३ 'प्रेमको प्रतीक' एकाङ्की

'प्रेमको प्रतीक' एकाङ्की **जीवनको इच्छा** एकाङ्की सङ्ग्रहको दोस्रो एकाङ्की हो । यस एकाङ्कीमा एक दृश्यमात्र रहेको छ । प्रस्तुत एकाङ्कीमा आफ्नी श्रीमतीले

दिएको प्रेमको प्रतीक खदालाई राजेन्द्रले श्रीमती अर्को युवकसँग पोइल गएपछि फिर्ता दिएको छ ।

**५.४.३.१ कथावस्तु**

तारा र राजेन्द्र लोग्ने स्वास्नी हुन्छन् । उनीहरूको साथमा राजेन्द्रका भाइ बहिनी लतु र चन्द्रु हुन्छन् । उनीहरूको आर्थिक अवस्था कमजोर हुन्छ । कसैको पनि सहयोग नपाएकाले राजेन्द्र अत्यन्तै दुःखित हुन्छ । राजेन्द्र पैसा कमाउन महेशसँग विदेश जान्छ । उसले ताराले दिएको प्रेमको प्रतीक खदा लिएर जान्छ । तीन वर्षपछि महेश घर फर्कदा राजेन्द्रको घरमा ढोका बन्द हुन्छ । तारा पोइल गइसकेकी हुन्छे । लतु र चन्द्रुलाई महेशकी आमाले पालेकी हुन्छे । यो खबर सुनेर राजेन्द्र घर फर्कन्छ । ताराको घरमा गई प्रेमको प्रतीक खादा फिर्ता दिन्छ । राजेन्द्र आफ्नो कर्तव्यबाट कति पनि विचलित नभई लतु र चन्द्रुप्रतिको जिम्मेवारी बहन गर्ने निर्णय गर्छ ।

**५.४.३.२ पात्र/चरित्र**

'प्रेमको प्रतीक' एकाङ्कीको नायक राजेन्द्र हो । ऊ पुरुष र अनुकूल पात्र हो । यस एकाङ्कीकी नायिका तारा हो । ऊ स्त्री, प्रमुख र सुरुमा अनुकूल तर पछि प्रतिकूल पात्र र महेश प्रमुख, पुरुष पात्र हो ।यसमा आएका चन्द्रु, लतु र महेशकी आमा मञ्चीय गौण पात्र हुन् ।

**५.४.३.३ संवाद**

लामा र छोटा दुबै किसिमको संवादको मिश्रण यस एकाङ्कीमा पाइन्छ । यसमा गद्यात्मक भाषिक संवादको प्रयोग रहेको छ । प्रस्तुत एकाङ्कीमा तर्कयुक्त संवादको प्रयोग छ ।

**५.४.३.४ परिवेश**

'प्रेमको प्रतीक' एकाङ्कीमा दार्जिलिङको आपसमा रहेको घुमस्टेशन र घुमपहाडको परिवेश आएको छ । यसमा आर्थिक समस्याले घर परिवार छोडी विदेश जानुपर्ने निम्न वर्गको समस्यालाई राम्रोसँग चित्रण गरिएको छ ।

**५.४.३.५ भाषाशैली**

**प्रेमको प्रतीक** एकाङ्कीमा सरल गद्य भाषाको प्रयोग पाइन्छ । पात्र अनुकूलको भाषाशैलीको प्रयोग यसमा पाइन्छ । अङ्ग्रेजीका शब्दहरूको प्रयोगका साथै तद्भव, तत्सम शब्दहरूको प्रयोग पनि यसमा रहेको छ । यस एकाङ्कीमा शब्दहरूको

आवृत्तिका साथै अनुकरणात्मक शब्दहरूको प्रयोग पाइन्छ । बीचबीचमा पत्रात्मक शैलीको प्रयोगले एकाङ्कीको भाषाशैली रोचक बनेको छ ।

### ५.४.३.६ उद्देश्य

आर्थिक समस्याले गर्दा परिवार छोडी विदेसिनु पर्ने बाध्यता देखाउँदै लोग्ने विदेश गएपछि स्वास्नी पोइल हिड्ने गरेको विकृतिलाई यस एकाङ्कीमा उद्देश्यका रूपमा प्रस्त¬त गरिएको छ ।

### ५.४.३.७ अभिनेयात्मकता

प्रस्तुत एकाङ्कीको साज सज्जा सरल छ । सानो कथानकमा आधारित न्यून पात्र सोही अनुसारको द्वन्द्व, भाषाशैलीगत स्वाभाविकता भएकाले रङ्मञ्चीय दृष्टिले उपयुक्त छ ।

### ५.४.४ 'प्रतिशोध' एकाङकीको अध्ययन

'प्रतिशोध' राधिका रायाको **जीवनको इच्छा** एकाङ्की सङ्ग्रहको तेस्रो एकाङ्की हो । प्रस्तुत एकाङ्की चारओटा दृश्यमा विभाजित छ । सबै दृश्य समान आयमका छन् । 'प्रतिशोध' एकाङ्कीमा जातपातको विरोध गर्नेहरूप्रति बदला लिन खोजिएको छ ।

### ५.४.४.१ कथावस्तु

चन्दा र समीर दुई प्रेमी हुन्छन् । चन्दा दलित (तल्लो) जातकी हुन्छे भने समीर उच्च जातको हुन्छ । समीरको बुबा मानवीरले समीरलाई चन्दासँग विवाह गर्न दिँदैन । उता चन्दाको पनि धनी व्यक्तिसँग विवाह हुन्छ । चन्दाको बिहेको खबर सुनेर समीर दुःखित हुन्छ । एक महिनापछि चन्दा लोग्नेलाई छोडेर माइत आउँछे । एक दिन प्रेमिकाको वियोगमा बसेको समीरलाई चन्दाले भेट्छे । ऊ अब विवाह गरेको लोग्नेसँग नजाने र समीरसँगै बस्ने निर्णय गर्छे । मानवीरले समीरको विवाह कूलघरानकी छोरी रमासँग गरिदिने कुरा सुनेपछि चन्दा आत्महत्या गरेर मर्छे । चन्दाको दाजु लोचनबाट यो खबर सुनेर समीर चन्दाको मृतशरीर भएको ठाउँमा पुगी घोप्टेर विलाप गर्न थाल्छ । यसपछि समीरले यसको प्रतिशोध स्वरूप रमासँगको विवाहका दिन विहानै तल्लो जातकी सानीलाई विवाह गेरेर ल्याउँछ । बाबु मानवीरले उसलाई घरभित्र पस्न दिँदैन र ऊ सानीलाई लिएर घर छोडेर हिड्छ ।

### ५.४.४.२ पात्र/चरित्र

प्रस्तुत एकाङ्कीमा समीर, चन्दा, लोचन, मानवीर आदि पात्रहरू रहेका छन् । समीर लोचन, मानवीर पुरुष पात्र र चन्दा स्त्री पात्र हो । यस एकाङ्कीमा समीर र चन्दा, नायक, नायिका, हुन् । सानी तल्लो जातकी शिक्षित असल पात्र हो । मानवीर प्रमुख परम्परावादी सोच भएको प्रतिकूल पात्र र लोचन सहायक अनुकूल पात्र हो ।

### ५.४.४.३ परिवेश

'प्रतिशोध' एकाङ्कीमा गाउँले परिवेशमा घटेका घटनाको चित्रण पाइन्छ । हाम्रो समाजमा जातीय भेदभाव अझै पनि हट्न नसकेको परिवेशको चित्रण प्रस्तुत एकाङ्कीमा पाइन्छ । त्यस्तैगरी धनी र गरिबबीचको वर्गीय भेदभाव पनि यस एकाङ्कीमा प्रस्तुत गरिएको छ ।

### ५.४.४.४ उद्देश्य

'प्रतिशोध' एकाङ्कीमा जातीय भेदभाव गरी छोराछारीको इच्छा विपरीतको विवाह गरिदिनु हुँदैन भन्ने कन्रा व्यक्त गरिएको छ । यसले दन्र्घटना निम्त्याउन सक्छ , छोरीछारीले आफ्नो इच्छा अनुसारको विवाह गरेमा उनीहरूको भविष्य राम्रो हुन जान्छ भन्दै सामाजिक कुरीतिलाई हटाउँदै लैजानु पर्छ भन्ने सन्देश दिएको छ ।

### ५.४.४.५ भाषाशैली

'प्रतिशोध' एकाङ्कीमा पात्रहरूको आफ्नो स्तर अनुसारको सहज र स्वाभाविक भाषाको प्रयोग पाइन्छ । रे, समाज, कहाँ, झझल्को आदि शब्दहरूको आवृति यस एकाङ्कीमा पाइन्छ । प्रस्तुत एकाङ्कीमा कतै उखान टुक्का र कतै गीतको प्रयोग पाइन्छ । तद्भव, तत्सम र आगन्तुक शब्दहरूको प्रयोग यस एकाङ्कीमा रहेको छ । मौलीक भाषाको बढी प्रयोग भएको यस एकाङ्कीको भाषाशैलीमा सरलता र सहजता पाइन्छ ।

### ५.४.४.६ अभिनेयात्मकता

'प्रतिशोध' एकाङ्की अभिनयका लागि सबल छ । कथावस्तु सीमित र पात्रहरूको न्यूनताले एकाङ्की छोटो समयमा मञ्चन गर्न सकिन्छ । केही संवाद लामा भए पनि छोटा वाक्यहरू भएकाले पात्रहरूले सहजै तयार संवाद गर्न सक्छन् । प्रस्तुत एकाङ्की अभिनेयात्मकताका दृष्टिले सफल रहेको छ ।

### ५.४.५ 'अधुरो कहानी' एकाङ्कीको अध्ययन

'अधुरो कहानी' एकाङ्की रायाको **जीवनको इच्छा** एकाङ्कीभित्र सङ्ग्रहित तेस्रो एकाङ्की हो । यस एकाङ्कीमा तीनओटा दृश्यहरू रहेको पाइन्छ । यस एकाङ्कीमा जीवन एउटा नाटकमात्र हो ; यहाँ अधुरा आशा, कल्पना र भावना रहिरहेको हुन्छ भन्दै क्षणिक सुखको छाया मात्र हुन्छ फेरि असहाय दुःख र अशान्ति हुन्छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ ।

### ५.४.५.१ कथावस्तु

'अधुरो कहानी' कथाको विषयवस्तु सामाजिक पक्षसँग सम्बन्धित रहेको छ । शशी र प्रकाश एक आपसमा प्रेम गर्छन् । शशी एक दिन प्रकाशको कोठामा जान्छे । उनीहरूको पढाइका बारेमा गफ गर्छन् । प्रकाशले शशीलाई स्कूल गएर राम्रो पढ्ने सल्लाह दिन्छ । प्रकाश शशीलाई विदा मागी पछि भेट्न आउँला भन्दै विदेश जान्छ । ऊ तीन महिनापछि

शशीले पठाएको पत्रमा बुबाको मृत्यु भएको र आफूले म्याट्रिक पास गरेको खबर पाउँछ । यसपछि प्रकाश घर फर्किन्छ । भोलिपल्ट प्रकाशको किरणसँग भेट हुन्छ । उनीहरू शशीको कुरा गर्दै हुन्छन् । त्यही समयमा शशी पनि आइपुग्छे । शशी र प्रकाश माया प्रेमका कुरा गर्दै चार बजेसम्म बस्छन् । यसपछि उनीहरू आ-आफ्नो बाटो लाग्छन् । प्रकाश केही समयका लागि फेरि विदेश जान्छ । समय बित्दै जान्छ शशीले आफूसँग पढाउने शिक्षकको पेट बोक्छे र छोरालाई जन्म दिन्छे । त्यसपछि शशी समाजबाट अपहेलित भएर बसेको खबर पत्र मार्फत प्रकाशलाई पठाउँछे । यो खबर सुनेर प्रकाश सारै दुःखित हुन्छ र किरणलाई आफू घर फर्कने कुरा बताउँछ ।

### ५.४.५.२ पात्र/चरित्र

'अधुरो कहानी' एकाङ्कीमा किरण, प्रकाश, शशी, शशीकी आमा, बुबा, किरणकी आमा आदि पात्रहरू रहेका छन् । प्रस्तुत एकाङ्कीको नायक प्रकाश हो । ऊ असल चरित्र भएको प्रमुख, अनुकूल पात्र हो । यस एकाङ्कीकी नायिका शशी हो । शशी सुरुमा असल भए पनि पछि चरित्रहीन देखिएकी प्रमुख, स्त्री पात्र हो । किरण प्रमुख, असल, अनुकूल चरित्र भएको पात्र हो । अन्य मञ्चीय गौण पात्रहरू हुन् ।

### ५.४.५.३ संवाद

'अधुरो कहानी' एकाङ्कीमा सर्वसाधारणले बुझ्ने गद्य भाषाको संवाद प्रयोग गरिएको छ । एकाङ्कीमा पात्रको स्तर अनुसारको प्रयोग भएको छ । छोटा लामा दुबै किसिमको संवादको प्रयोग एकाङ्कीमा रहेको छ ।

### ५.४.५.४ परिवेश

दार्जिलिङको आसपासमा पर्ने गाउँको परिवेश यस एकाङ्कीमा प्रस्तुत गरिएको छ । निम्नवर्गीय परिवारका छोराछारीले आर्थिक सङ्कटका कारण पढ्न नपाउने यथार्थको चित्रण राम्रोसँग गरिएको छ । आफ्नी श्रीमती हुँदाहुँदै पनि अरू स्त्रीसँग यौन सम्पर्क राख्ने समाजको विकृतिलाई  पनि यहाँ चित्रण गरिएको छ ।

### ५.४.५.५ उद्देश्य

'अधुरो कहानी' एकाङ्की सामाजिक विषयवस्तुमा आधारित एकाङ्की हो । यसमा युवा अवस्थामा हुने प्रेमलाई देखाउन खोजिएको छ ।

### ५.४.५.६ भाषाशैली

'अधुरो कहानी' एकाङ्कीमा सरल गद्यभाषाको प्रयोग गरिएको छ । यसमा आलङ्कारिक र काव्यात्मक भाषाको प्रयोग गरिएको छैन । पात्रहरूले समान भाषाको प्रयोग नगरेर आ-आफ्नो मानसिक धरातल अनुसारको भाषा प्रयोग गरेका छन् । प्रस्तुत एकाङ्कीमा 'क्वाटर', 'क्याम्पस', 'ट्रेनिङ्', 'प्राभेट्ली' आदि अङ्ग्रेजी शब्दको बढी प्रयोग पाइन्छ । यसमा कथ्य भाषा 'रे' को आवृत्ति रहेको छ । यस एकाङ्कीमा बीचबीचमा पत्रात्मक शैलीको प्रयोग पनि रहेको छ । तद्भव, तत्सम, आगन्तुक शब्दहरू प्रयोग गरी लेखिएको यो एकाङ्कीको भाषाशैली सरल र सुबोध्य रहेको छ ।

### ५.४.५.७ अभिनेयात्मकता

'अधुरो कहानी' एकाङ्की अभिनय गर्नका लागि नै लेखिएको हुनाले मञ्चीय दृष्टिकोणले उपयुक्त छ । प्रस्तुत एकाङ्कीमा मञ्चलाई चाहिने सज्जागत पक्ष सरल छ । यसमा पात्रहरूको सङ्ख्या न्यून छ । एकाङ्कीको कथानक, पात्र, संवाद आदि पनि सहज भएकाले एकाङ्की मञ्चीय दृष्टिकोणले सफल छ ।

## ५.४.६ 'म फर्केर आएँ 'एकाङ्कीको अध्ययन

'म फर्केर आएँ' राधिका रायाको **इच्छा एकाङ्की**मा सङ्ग्रहित चौथो एकाङ्की हो । यो दुई दृश्यमा आबद्ध भएको एकाङ्की हो । प्रस्तुत एकाङ्कीमा जातीय भेदभाव गरी छोरीको इच्छा विपरीत विवाह गरिदिनाले उसको जीवनमा पर्न गएको दुर्घटनालाई देखाएको छ ।

### ५.४.६.१ कथावस्तु

'म फर्केर आएँ' एकाङ्की सामाजिक एकाङ्की हो । बुबाको मृत्यु पछि आमा र छोरी राधा एक परिवारमा रहेका छन् । राधा पढ्न विद्यालय जान थाल्छे । विद्यालयमा हुने विभिन्न साहित्यिक कार्यक्रममा पनि भाग लिने गर्छे । छोरी स्वतन्त्र भएर हिँडेको देखेर आमाले जातको केटा देवसँग विवह गरिदिने विचार गर्छे ; तर राधा मान्दिन । ऊ धेरै पढेर बुबाको इच्छा पूरा गर्न खोज्छे । एकदिन विद्यालयको कार्यक्रममा नराको दाजु मोहनसँग राधाको परिचय हुन्छ । मोहन तल्लो जातको केटो हुन्छ । उनीहरू एक आपसमा प्रेम गर्न थाल्छन् । यो कुरा राधाले घरमा आमालाई भन्न सक्दिन । उसले मोहन कलकत्ता पढ्न जाने बेलामा भेट्छे । मोहन पढेर आएपछि विवाह गर्ने सहमतिमा विदेश जान्छ । यता राधा गर्भवती भएकी हुन्छे । आमाले जबर्जस्ती देवसँग उसको विवाह गरिदिन्छे । राधा रोग र शोकले पीडित भएकी हुन्छे । उसले मोहनको नासो नव शिशु देवलाई सुम्पिन्छे , यतिकैमा मोहन राधाका घरमा आइपुग्छ तर राधा मृत्युशैय्यामा पगिसकेकी हुन्छे । मोहन राधाका नजिकै गएर 'राधा म फर्केर आएँ' भन्दै रुन थाल्छ ।

### ५.४.६.२ पात्र/चरित्र

'म फर्केर आएँ' एकाङ्कीमा देव, राधा, नरा, मोहन, किरणकी आमा आदि पात्रहरू रहेका छन् । राधा, आमा, नरा स्त्री पात्र र देव, मोहन, किरण पुरुष पात्र हुन् । देव प्रमुख पात्र हो र ऊ राधाकी आमाले चाहेकी आफ्नो जातको ज्वाइँ पनि हो । मोहन यस एकाङ्कीको नायक हो । ऊ उच्च विचार भएको शिक्षित पात्र हो । आमा प्रमुख र पुरानो सोचाइ भएकी पात्र हो । नरा र किरण मञ्चीय गौण पात्र हुन् ।

### ५.४.६.३ संवाद

'म फर्केर आएँ' एकाङ्कीमा रायाले पात्रहरूको आफ्नो स्तर अनुरूपको संवाद प्रयोग गरेकी छन् । आमाको संवादमा ग्राम्य भाषाको झल्को देखिन्छ । राधाको संवादमा अलि सभ्य किसिमको संवाद पाइन्छ । यहाँ प्रश्न र उत्तरात्मक संवादको प्रयोग रहेको छ । छोटा-लामा दुवै किसिमका संवादको समन्वय यस एकाङ्की रहेको छ ।

### ५.४.६.४ परिवेश

'म फर्केर आएँ' एकाङ्कीमा गाउँले परिवेशको चित्रण रहेको छ । छोराछोरीका इच्छा विपरीत विवाह गरिदिने परम्पराको चित्रण गरिएको छ । हाम्रो समाजमा जातीय भेदभाव अझै पनि रहिरहेको कुरा प्रस्तत् गरिएको छ ।

### ५.४.६.५ उद्देश्य

'म फर्केर आएँ' एकाङ्कीमा पुरानो पुस्ताको परम्परावादी धारणालाई देखाउँदै जबर जस्ती जातको केटासँग विवाह गरी दिने परम्परालाई देखाउन खोजिएको छ ।

### ५.४.६.६ भाषाशैली

'म फर्केर आएँ' एकाङ्कीमा सरल गद्य भाषाको प्रयोग भएको छ । पात्रहरूले आफ्नो शैक्षिक र सामाजिक धरातल अनुरूप भाषा प्रयोग गरेका छन् । यसमा 'अँ' शब्दको आवृत्तिका साथै निपातको प्रयोग रहेको छ । यस एकाङ्कीमा बीचबीचमा गीतको प्रयोगले भाषाशैली रोचक बनेको छ । भाषा ग्राम्य रहे पनि शैलीमा सरलता र सहजता रहेको छ ।

### ५.४.६.७ अभिनेयात्मकता

'म फर्केर आएँ' एकाङ्कीको अभिनय पक्ष सबल रहेको छ । दिन र रातको दृश्य भएकाले मञ्च सजावटमा केही कठिनाइ भए पनि मञ्चीय पक्ष सरल रहेको छ । पात्रहरूको सङ्ख्या न्यून र घटनावली पनि सानो भएकाले यो एकाङ्की रङ्गमञ्चीय दृष्टिले उपयुक्त छ ।

### ५.४.७ 'आदर्श प्रेम' एकाङ्की

'आदर्श प्रेम' एकाङ्की राधिका रायाको **जीवनको इच्छा** एकाङ्की सङ्ग्रहमा सङ्ग्रहित छ । यस सङ्ग्रहका अन्य एकाङ्कीभन्दा यो अलि छोटो एकाङ्की रहेको छ । यो एकाङ्की एउटै मात्र दृश्यमा आवद्ध भएको छ । प्रस्तुत एकाङ्कीमा भौतिक प्रेमलाई होइन आर्दश प्रेमलाई देखाउन खोजिएको छ ।

### ५.३.७.१ कथावस्तु

एक साहित्यकार र समालोचक अरुणको मृत्युको प्रसङ्गमा शकील, पारु, शङ्कर, मधु बीच कुराकानी गर्दै कलेजबाट घर फर्किन्छन् । उनहरूले अरुणको साहित्यप्रतिको त्यागलाई कहिल्यै भुल्न नसक्ने बताउँछन् । भोलिपल्ट शङ्कर र पारु बगैंचामा गफ गर्छन् । पारु अरुणजीको मृत्युले साऱ्है दुःखित भएको बताउँछे । शङ्करले उसलाई सम्भ्काउँछ र शङ्करले विदेश पढ्न जाने कुरा गर्छ । पारुले स्वास्थ्यको ख्याल राखेर पढ्ने सल्लाह दिन्छे । पढेर आएपछि विवाह गर्ने भन्दै शङ्करले आफू प्रथम वर्षमा उत्तीर्ण भएको खबर पत्र मार्फत पठाउँछ । त्यसै समय पारु बिरामी हुन्छे । यो खबर सुनेर शङ्करले पारुलाई निको पारेर मात्र पढ्ने भनी घर फर्केर आउँछु भन्छ तर पारुले जीवनमा सधैं सफलता प्राप्त गर्दै जानु भनी शुभकामना पठाउँछे । यो पत्र पाएको केही समयपछि मात्र शङ्कर घर फर्कन्छ र पारुको घरमा जान्छ । शङ्करलाई देखेर पारुले आफूप्रतिको माया, त्याग सबै साहित्य सिर्जनामा लगाउनु भन्ने प्रण गर्न लगाउँछे । शङ्करले पारुको इच्छा पूरा गर्न साहित्य सेवक बन्ने निर्णय गर्छ । यत्तिकैमा पारुको मृत्यु हुन्छ । शङ्कर पारुको मृत शरीर माथि घोप्टो परेर रुन थाल्छ र कथानकको अन्त्य हुन्छ ।

### ५.४.७.२ चरित्र चित्रण

'आदर्श प्रेम' एकाङ्कीमा शकील, पारु, मधु, शङ्कर आदि पात्रहरू रहेका छन् । पारु यस एकाङ्कीकी नायिका हो । ऊ आदर्श प्रेमिकाका रूपमा रहेकी छ । शङ्कर प्रस्तुत एकाङ्कीको नायक, पुरुष पात्र हो । ऊ असल चरित्र भएको शिक्षित युवक हो । अरुण साहित्यकार र समालोचक हो । मधु र शकील उनीहरूका कलेजका साथीहरू हुन् ।उनीहरू मञ्चीय सहायक पात्र हुन् ।

### ५.४.७.३ संवाद

'आदर्श प्रेम' एकाङ्कीमा गद्य भाषाको प्रयोग गरिएको छ । यस एकाङकीमा छोटा-छोटा संवादको प्रयोग गरिएको छ यस एकाङ्कीका सबै पात्रहरूले सभ्य भाषा संवादको प्रयोग गरेका छन् ।

### ५.४.७.४ परिवेश

'आदर्श प्रेम' एकाङ्कीमा दार्जिलिङको साहित्यिक सरोफेरोलाई परिवेश बनाइएको छ । कलेजबाट फर्केको, बगैंचामा गफ गरेको प्रसङ्गबाट सहरिया परिवेशको पनि चित्रण गरेको पाइन्छ ।

### ५.४.७.५ उद्देश्य

'आदर्श प्रेम' एकाङ्कीमा माया प्रेम व्यक्तिगत स्वार्थ पूरा गर्ने मात्र होइन भन्दै त्यसले समाज र साहित्यलाई पनि सहयोग पुऱ्याउन सक्नु पर्छ भन्ने सन्देश दिन खोजिएको छ ।

### ५.४.७.६ भाषाशैली

'आदर्श प्रेम' एकाङ्कीमा सरल गद्य भाषाको प्रयोग गरिएको छ । पात्रहरू शिक्षित भएकाले शैक्षिक र सामाजिक धरातल अनुरूप सभ्य भाषाको प्रयोग गरेका छन् । सायद शब्दको आवृत्ति पाइन्छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग भएको यस एकाङ्कीमा भाषाशैलीमा सरलता, सहजता पाइन्छ ।

### ५.४.७.७ अभिनेयात्मकता

'आदर्श प्रेम' एकाङ्की अभिनयको पक्षमा सबल रहेको छ । थोरै पात्र, छोटो विषयवस्तु रहेको यस एकाङ्कीमा साजसज्जा  पनि न्यून रहेको छ । पात्रगत संवाद पनि छोटो र सहज तरिकाले भएकोले यो एकाङ्की मञ्चीय दृष्टिले उपयुक्त छ ।

## ५.४.८ 'मैले भूल गरें' एकाङ्की

'मैले भूल गरें' एकाङ्की रायाको **जीवनको इच्छा** एकाङ्की सङ्ग्रहभित्रको अन्तिम एकाङ्की हो । यो एकाङ्की अरूभन्दा धेरै दृश्यमा विभाजित भएको छ । यो एकाङ्की सातओटा दृश्यमा आवद्ध भएको छ । प्रस्तुत एकाङ्कीमा आफ्नो मातृभूमि छोडेर प्रवासमा गई काम गरेकाले कमललाई आफूले भूल गरेको अनुभव गरी पश्चात्तापको भावनालाई अगाडि सारेर लेखिएको छ ।

### ५.४.८.१ कथावस्तु

यस एकाङ्कीको कथावस्तु सङ्क्षिप्त छ । आनन्द र कमल दुई जना प्रवासी नेपली युवाहरू हुन्; जो मलायामा भर्ती भएका छन् । आनन्द चार वर्ष सैनिक जीवन बिताइसकेको युवा हो । कमल चाहिं भर्खरै मात्र सैनिक भएको छ । यी दुबै छुट्टीमा घर आएका थिए; अब छुट्टी सकिएको हुँदा ड्यूटीमा फर्किदै छन् । यस बेला कमललाई कुनै पनि पीडाबोध भैरहेको छ भन्ने कुराको अनुमान आनन्दले लगाउँछ र उसलाई सामान्य तुल्याउने प्रयासमा  लाग्दछ । वास्तवमा आनन्दले लागाएको अनुमान सही ठहर्दछ किनकि कमल कुराकानीका सन्दर्भमा पिरोलिइरहन्छ । कमलको भावुकतालाई देखेर आनन्द उसलाई सम्झाउन थाल्छ । कमल, हामीले भावुक हुनुभन्दा व्यावहारिक हुनुपर्छ भन्दै सहनशील हुनपर्छ, आनन्द कमललाई जतिसक्दो छिटो भावुकताबाट सामान्यतर्फ ल्याउने चेष्टा गर्दछ । पुनः आनन्द कमललाई भन्दछ - मलायामा गएपछि ट्रेनिङमा व्यस्त हुनु परेपछि सबै कुरा बिर्सिन्छ । रेलको डिब्बामा यति कुराकानी भै सकेपछि उनीहरू अर्को डिब्बातिर सर्दछन् र  एकाङ्कीको कथावस्तु पनि सकिन्छ ।

### ५.४.८.२ चरित्र चित्रण

'मैले भूल गरें' एकाङ्कीमा आनन्द कमल, आमा, मुखेनी बडी, विद्या आदि पात्रहरू रहेका छन् । आनन्द र कमल पुरुष पात्र अनि आमा, मुखेनी बडी र विद्या स्त्री पात्र हुन् ।

आनन्द फौजमा भर्ना भएको एक भावुक राष्ट्रप्रेमी युवक हो । कमल असल फौजी हो । आमा  र विद्या मञ्चीय गौण पात्र हुन् ।

### ५.४.८.३ संवाद

'मैले भूल गरें' एकाङ्कीमा सरल गद्यभाषाको संवाद रहेको छ । यस एकाङ्कीमा छोटा-छरिता किसिमका संवादको प्रयोग भएको छ । यसमा पात्र अनुकूल स्वाभाविक भाषाको प्रयोग भएको पाइन्छ । सामान्यभन्दा सामान्य दर्शक वा पाठकले एकाङ्कीलाई राम्ररी बुझ्न सक्दछन् ।

### ५.४.८.४ परिवेश

'मैले भूल गरें' एकाङ्कीमा दार्जिलिङको परिवेशका साथै पैसा कमाउन गएको पल्टनको चित्रण पाइन्छ । घरमा एक्ली आमा, श्रीमतीलाई छोडेर पैसा कमाउन फौजीमा भर्ना भएको परिवेश पनि आएको छ ।

### ५.४.८.५ उद्देश्य

'मैले भूल गरें' एकाङ्कीमा राष्ट्रिय भावनालाई देखाउन खोजिएको छ । अर्को राष्ट्रमा गएर दुःख गर्नु भन्दा आफ्नै देशमा आफ्नै परिवारसँग बसेर केही गर्नु पर्छ भन्ने सन्देश दिइको छ ।

### ५.४.८.६ भाषाशैली

'मैले भूल गरें' एकाङ्कीमा सरल गद्य भाषाको प्रयोग गरिएको छ । यसमा आलङ्कारिक र काव्यात्मक भाषाको प्रयोग गरिएको छैन तथा सरल र मिश्रवाक्यहरू प्रयोग गरिएको छ । पात्रहरूले समान भाषाको प्रयोग नगरेर आ-आफ्नो मानसिक धरातल अनुसारको भाषाको प्रयोग गरेका छन् । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको यस एकाङ्कीमा  शिक्षित र अशिक्षित पात्रहरूले प्रयोगको गरेको भाषामा त्यही अनुरूपको भिन्नता सहजै अनुभव हुन्छ । यस एकाङ्कीको भाषाशैलीमा सरलता र सहजता पाइन्छ ।

### ५.४.८.७ अभिनेयात्मकता

प्रस्तुत एकाङ्की अभिनयको हिसाबले सरल छैन । एकाङ्कीका पात्रका वार्तालापलाई एउटा गतिशील अवस्थामा रहेको रेलगाडीको डिब्बामा केन्द्रित गरिएको छ । दर्शकले कसरी गतिशील अवस्थामा रहेको रेल गाडीका यात्रीहरूको संवाद सुन्नु अनि यस एकाङ्कीलाई रेलगाडी नै नदेख्नेहरूका अगाडि कस्तो कृतिम रेलगाडी बनाएर देखाउन¬ ? यिनै साजसज्जाको कठिनाइले गर्दा प्रस्तुत एकाङ्कीको मञ्चीय पक्ष त्यति सबल देखिँदैन ।

### निष्कर्ष

**जीवनको इच्छा** एकाङ्की सङ्ग्रह राधिका रायाको एक मात्र प्रकाशित एकाङ्की सङ्ग्रह हो । यो सङ्ग्रहभित्रका एकाङ्कीहरू तत्कालीन समयका सामाजिक विषयवस्तुमा आधारित रहेका छन् । यी एकाङ्कीहरूमा समाजसुधारको आग्रह, देश प्रेमको भाव, नयाँ पुस्ता र पुरानो पुस्ताबीचको द्वन्द्व, जातपातको विरोध आदि देखाउन खोजिएको छ । उनका यी एकाङ्कीहरूमा पात्र अनुरूपको स्थानीय भाषाशैलीको प्रयोग भएको छ ।

## ५.५ कला उपन्यासको अध्ययन

### ५.५.१ कृति परिचय

**कला** उपन्यास राधिका रायाको अन्तिम प्रकाशित कृति हो । उनको हालसम्म एक मात्र उपन्यास प्रकशनमा आएको छ । **कला** उपन्यास २०६६ सालमा **जुही** प्रकाशनद्वारा प्रकाशित भएको हो । यो उपन्यास बीस परिच्छेद र ९३ पृष्ठमा संरचित छ । लामा-छोटा बीस परिच्छेदमा संरचना गरिएको यो उपन्यासको परिच्छेद विभाजन एक, दुई तीन,.... जस्ता अङ्कद्वारा गरिएको छ । **कला** शीर्षक एउटै शब्दबाट बनेको छ ; जसको शाब्दिक अर्थ कुनै पनि काम गर्न सिपालु भन्ने हुन्छ । **कला** स्वच्छन्दतावादी उपन्यास  हो । यसमा प्रकृतिको राम्रो चित्रण गरिएको छ । यस उपन्यासमा कलाको जीवनमा घटेका घटनालाई विषयवस्तु बनाएर प्रस्तुत गरिएको छ । नेपाली समाजमा विधवा महिलाले गरेको सङ्घर्ष, साहास, बलिदान र त्यसपछिको आत्मसम्मान नै यस उपन्यासको मूल विषयवस्तु बनेको छ ।

### ५.५.२ कथानक

कथानक उपन्यासको महत्वपूर्ण तत्त्व हो । कथानक विभिन्न किसिमका सामान्य र जटिल घटनाहरूको योगबाट बनेको हुन्छ । घटनाहरूको शृङ्खलाबद्ध प्रस्तुति नै कथानक हो । कथानकमा घटनाका बीचमा कार्यकारण सम्बन्ध हुन्छ ।

**कला** उपन्यासको सुरुवात प्रमुख पात्र  कलाको जेल जीवनबाट उठान गरिएको छ । कला जेलभित्र अँधेरो रातमा घोसे मुन्टो लागाएर बसिरहेको अवस्थामा एक्कासी वकिल हिरकनारायणको आवाजले झस्किन्छे । हिरकनारायण सरकारी पक्षबाट कलाको

वकिल हुन्छ । कला धनकुटामा जन्मिएर दार्जिलिङको शरण शर्मासँग विवाह गरेकी हुन्छे । आफ्नो पति बिजुलीको करेन्ट लागेर दुर्घटनामा परेपछि उपचार हुन सक्दैन । ऊ पागल हुन्छ । एकरात आफैँ खुकुरीले आत्महत्या गर्न लागेको लोग्नेलाई देखेपछि कलामा होस हराउँछ । ऊ अचानक शरणको घाँटी अठ्याउन पुग्छे र शरणको मृत्यु भएको थाहै पाउँदिन । कला पतिको हत्या गरेको अभियोगमा जेल पर्छे । ऊ वकिल हिरकनारायणको सहयोगमा जेलबाट छुट्छे । यसपछि कला त्यही दिदीका घरमा बसेर चिया मजदुरीहरूसँग मजदुर काम गर्न थाल्छे । धनकुटामा बुबा विरामी भएको खबर पाएपछि दिदी सरिता र कला धनकुटा जान्छन् । उनीहरू घर पुगेपछि बुबाको मृत्यु हुन्छ । बुबाको काजक्रिया सकेर दिदी घर फर्कन्छे । कला त्यहीँ बुबाको व्यापार धन्दा सम्हालेर बस्छे । कलाको सौन्दर्य र मेहनत देखेर विवाहको कुरा आउँछ तर ऊ विवाह गर्नु पाप हो भन्छे र मान्दिन । कलाले लताको सहयोगमा टुहुरा दुई छोरा ल्याएर लालनपालन र शिक्षादीक्षा दिन्छे । राम डाक्टर हुन्छ भने लक्ष्मण पैसा कमाउन विदेश जान्छ । यसै बेलामा द्वन्द्वमा परेका परिवार विहीन दुई साना दाजु बहिनी कलाका घरमा आई पुग्छन् । तिनीहरूलाई पनि कलाले पीयुष र गुराँस नाम दिएर आफ्नै घरमा पालन पोषण गर्छे । ऊ त्यहीँ गाउँमा बसेर अनाथ बालबालिकालाई हुर्काउने बढाउने कार्यमा सदा सर्वदा लागिरहन्छे । ऊ त्यहाँका गन्यमान्य व्यक्ति तथा साहित्यकारको सहयोगमा एक अनाथालयको निर्माण गर्न पुग्छे । त्यस अनाथालयको नाम श्रणाश्रय विद्यामन्दिर हुन्छ । त्यही अनाथालयको उद्‌घाटन समारोह भव्य रूपमा मनाउने उद्देश्य उसमा जाग्रित हुन्छ । उद्‌घाटन समरोहको योजना गरेर कला यस समारोहको प्रमुख अतिथि आफूलाई जेल जीवनबाट छुट्टाउने वकिल हिरकनारायण सिंहलाई निम्ता दिन साहित्यकारहरूको समूहसहित दार्जिलिङ पुग्छे । उनीहरूले सिक्किम, दार्जिलिङका धेरै मनमोहक दृश्यावलोकन गरेर प्रमुख अतिथिसहित धनकुटा फर्किन्छन् । विद्यामन्दिरको उद्‌घाटन हुन्छ । अतिथिले कलाले गरेको समाज सेवाको प्रंशसा गर्दै कर्तव्यनिष्ठा साहसी र साहित्यप्रेमी नारीका रूपमा परिचित गराउँछ । कार्यक्रमको अन्त्यपछि साहित्यकार र कलाले हिरकनारायणलाई बिदा गर्दछन् । यतिकैमा कलाकी आमाजुदिदी शान्ति पनि आईपुग्छे । कला विगतका घटना सम्झेर शान्तिको काखमा घोप्टो परेर रुन्छे । रात धेरै बितिसकेको हुन्छ । लक्ष्मणले आफूले लेखेका केही कविताका हरफहरू वाचन गर्छ अनि सबै जना सुत्न जान्छन् । त्यतिकैमा उपन्यासको कथानक अन्त्य हुन्छ ।

### ५.५.३ चरित्र चित्रण

उपन्यासमा आएका घटनाहरूलाई व्यवस्थित रूपमा अगाडि बढाउनका लागि प्रयोग गरिने मानव, मानवेतर प्राणीलाई चरित्र भनिन्छ । चरित्रले कथानकलाई गतिशीलता प्रदान गर्दछ । यस उपन्यासमा विविध पात्रहरूको प्रयोग गरिएको छ । कलाको जीवन चरित्रलाई समेटेर उपन्यासको कथानक अन्त्य भएको छ । त्यसैले ऊ यस उपन्यासकी प्रमुख पात्र हो । ऊ एक सङ्घर्षशील, समाजसेवी, कर्तव्यनिष्ठ तथा साहसी चरित्रका रूपमा आएकी छ । यस उपन्यासमा कलाकी साथी लता, आनन्दज्यू, हिरकनारायण सिंह राम, लक्ष्मण, सरिता, शान्ति सहायक पात्रहरू हुन् । कलाको बुबा, मानवीर शर्मा, सविता, शरण, पुष्पा, प्रतिमा, हर्केदाइ, मानसिंह क्षेत्री, कुसुम, पीयुष, गुराँस, माधवचन्द्र शर्मा प्रेम दाजु, मेघनाथ, सानिमा आदि मञ्चीय, गौण पात्रका रूपमा आएका छन् भने राम लक्ष्मणको बुबा, प्रहरीहरू, लोचन आदि नेपथ्य गौण पात्रका रूपमा उपन्यासमा आएका छन् ।

### ५.५.४ परिवेश

उपन्यासमा परिवेशको आवश्यकता पर्दछ । पात्रहरूले कार्य गर्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई परिवेश भनिन्छ । परिवेश अन्तर्गत देश, काल र वातावरण पर्दछन् । उपन्यासकार राया यस उपन्यासमा राष्ट्र र अन्तर्राष्ट्रिय दुवै परिवेशलाई देखाउन सफल भएकी छन् । नेपालको पूर्वी पहाडी जिल्ला धनकुटा आसपासको सुन्दर पहाडी गाउँ हिले साथै कलाले भोगेको त्यसै गाउँको वातावरणलाई उपन्यासको परिवेशका रूपमा चित्रण गरिएको छ । अन्तर्राष्ट्रिय परिवेशका रूपमा भारतको सिक्किम, दार्जिलिङ र कलाले विद्या आश्रमको उद्घाटनका निम्ति आफन्तजनलाई निमन्त्रणा गर्न दार्जिलिङ जाँदा उसले साथीहरूसँग गरेका यात्राका क्रममा पार गरेका दार्जिलिङका अन्य पर्यटकीय स्थलहरू गिद्धे पहाड, सिपाहीधुरा, सुनादह, टाइगरहिल, सिन्चेल, चौरस्ता बजार, घूमपहाडको रेलस्टेसन, बतासेपुल, रकगार्डेन जस्ता ठाउँहरू उपन्यासमा आएका छन् ।

### ५.५.५ उद्देश्य

साहित्यकारले साहित्य सिर्जना गर्दा कुनै न कुनै उद्देश्य लिएर अगाडि बढेको हुन्छ । कला स्वच्छन्दतावादी उपन्यास भएकाले प्रकृतिको मनोरम वर्णन गरिनुका साथै पात्रहरूलाई कलाप्रेमी, मानवीय, चरित्र भएका, सङ्गीतप्रेमी, प्रकृतिप्रेमीका रूपमा चित्रण गरिएको छ । त्यस्तैगरी कला उपन्यासमा एउटी सङ्घर्षशील, ममतामयी, स्नेहालु र आदर्श नारीको जीवन सङ्घर्ष र सफलताको कथा देखाउन खोजिएको छ । यसमा व्यक्तिगत स्वार्थ भन्दा पनि सामाजिक भावनाको सन्देश दिन खोजिएको छ ।

### ५.५.६ भाषाशैली

उपन्यासलाई भाषाका माध्यमबाट मूर्त रूप दिइन्छ भने भाषाकै कारण उपन्यास शक्तिशाली बन्दछ । भाषिक प्रयोगको कलालाई नै शैली भनिन्छ । भाषाशैलीका माध्यमबाट उपन्यास आकर्षक, रोचक र कलात्मक बन्न पुग्दछ । **कला** उपन्यासमा तत्सम, तद्भव र क्यापिटल, स्टेशन, रेलवे स्टेशन, कलेज, गार्डन, प्रोग्राम, भिक्टोरिया, टाइगर हिलक्यान्सर, चिकित्सालय, डाक्टर आदि आङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ । टक्टक्, टलपल, हतपत, झरझर यत्रतत्र जस्ता चार अक्षरका शब्दहरूको अधिक प्रयोग रहेको छ । यस उपन्यासमा उखान टुक्काको पनि प्रयोग पाइन्छ 'वनको काँडालाई कहिल्यै तिखार्नू पर्दैन' । कला उपन्यासका पात्रहरू पूर्वी नेपालको धनकुटा र दार्जिलिङका भएको हुँदा पात्रअनुकूलको भाषिक प्रयोग पाइन्छ , संवादात्मक र वर्णनात्मक शैलीको प्रयोग गरेको पाइन्छ ।

### ५.५.८ निष्कर्ष

कला उपन्यास राधिका रायाको स्वच्छन्दतावादी उपन्यास हो । यस उपन्यासको लेखनशैलीमा रूपनारायण सिंहको प्रभाव परेको देखिन्छ । यस उपन्यासमा प्रकृतिको वर्णन पनि एक कारक तत्त्व बनेको छ । धनकुटादेखि लिएर पहाडहरूकी रानी भनेर चिनिने दार्जिलिङको मनोरम वर्णन यस उपन्यासभित्र गरिएको छ । यसका साथै एउटी नारीले कसरी आफ्नो सङ्घर्षपूर्ण जीवनयात्रा विश्रान्त रूपमा तय गरेर आफ्नो लक्ष्य सिद्ध गर्न सक्छे भन्ने कुरालाई यहाँ देखाउन खोजिएको छ ।

## ५.६ आत्मकथ्य : विविध कृतिको अध्ययन

### ५.६.१ कृति परिचय

राधिका रायाको **आत्मकथ्यः विविध** कृति २०६० सालमा **जुही** प्रकाशनद्वारा प्रकाशित भएको हो । यस कृतिमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका लेखरचनाहरू सङ्कलन गरिएको छ । ती लेखरचनाहरू विविध विधाका रहेका छन् । यो कृति १५८ पृष्ठमा संरचित रहेको छ । प्रस्तुत कृतिमा खण्ड क : विचार, खण्ड खः आत्मकथ्य, खण्ड ग : व्यक्ति-व्यक्तित्व, खण्ड घ : कृति समीक्षा रहेको छ । यस कृतिका खण्ड कः देखि खण्ड घ : सम्मको अध्ययन क्रमिक रूपमा गरिएको छ ।

### ५.६.२ विचार/लेख

राधिका रायाको **आत्मकथ्य : विविध** कृतिको पहिलो खण्डमा विचार वा लेख रहेका छन् । यस खण्डमा दुईओटा लेख रहेका छन् । यस कृतिभित्र रहेका लेखहरू ३ पृष्ठमा संरचित छन् । यी लेखहरू 'रेडक्रसप्रति बालिकाको जिज्ञासा' र 'कर्तव्यपथमा नेपाल स्काउट' हुन् ।

'रेडक्रसप्रति बालिकाको जिज्ञासा' शीर्षकको लेखमा रायाले आफ्नी छोरीले रेडक्रसप्रति राखेको जिज्ञासालाई समाधान गर्दै रेडक्रसको बारेमा आफ्नो विचार प्रस्तुत गरेकी छन् । रेडक्रसको संस्थापक हेनरी ड्युना हो । रेडक्रसले विश्वभरका दुःखी पीडित र असहाय मानिसहरूलाई सहयोग गर्छ । यसले आपदविपदमा परेका सबैलाई सहयोग गर्छ । यो शान्तिको पुजारी हो भनी रायाले रेडक्रसको बारेमा बालिकालाई प्रष्ट परिदिएकी छन् । उनले यस लेखमा आजको युगमा शिक्षित आमाको नितान्त आवश्यकता छ, जुनसुकै क्षेत्रमा पनि आमाले धेरै बुझेको र अन्धविश्वासबाट धेरै पर पन्छिएको हुनु पर्दछ भन्ने विचार प्रस्तुत गरेकी छन् ।

'कर्तव्य पथमा नेपाल स्काउट' शीर्षकको लेखमा रायाले स्काउटको बारेमा चर्चा गरेकी छन् । बालबालिकाहरूलाई स्काउटको बारेमा जानकारी दिनु आवश्यक छ । स्काउट भनेको निःस्वार्थ सेवा हो । उनले यो सेवा आफ्नो भलाइका निम्ति मात्र नसोचेर असहाय मित्र, अपरिचित व्यक्ति, असहाय, दुश्मनप्रति पनि गर्नु अनिवार्य हुन्छ भन्ने विचार यस लेखमा प्रस्तुत गरेकी छन् ।

### ५.६.३ आत्मकथ्य

राधिकारायको **आत्मकथ्य : विविध** कृतिको दोस्रो खण्ड (ख) मा आत्मकथ्य निबन्धहरू रहेका छन् । राधिका रायाले यस खण्डका निबन्धहरूलाई आत्मकथ्य भने तापनि कुनै सामाजिक निबन्ध रहेका छन् भने कुनै यात्रासंस्मरणात्मक निबन्ध रहेका छन् । यस कृतिभित्र रहेका निबन्धहरू 'आफ्नो विषयको चर्चा', (क), (ख), (ग), 'मेरो पहिलो समुन्द्र-यात्रा', 'भिखारी : विशेष झझल्को', 'यथार्थताको परिधिभित्र', 'सम्झनाका कोसेलीहरू', 'दुई

थोपा आँसु', 'कति काली हो?', 'आमाको पत्र छोरीलाई' र 'भूलभुलैयाभित्रको मौनता' हुन् । रायाका यी निबन्धहरूको विषयवस्तु आफ्नै जीवनको कथा, समाजमा घटेका घटना र विदेश भ्रमण गर्दाको यात्रा संस्मरण रहेका छन् । प्रस्तुत निबन्धहरूलाई निबन्धका तत्त्वका आधारमा सामान्य अध्ययन गरिएको छ ।

### ५.६.३.१ विषयवस्तु

निबन्धको मुख्य तत्त्व नै विषयवस्तु हो । निबन्ध जुनसुकै विषयमा लेखिन सक्छ । विषय वस्तुको सुव्यवस्थित र क्रमबद्ध प्रस्तुति निबन्धमा हुन¬पर्दछ ।

आफ्नो विषयको चर्चा (क), (ख), (ग) शीर्षकको आत्मकथ्य निबन्धमा रायाले आफ्नो जन्म, जन्मस्थान, आमा, बुबा, घरपरिवारदेखि आफूले अध्ययन गरेको दार्जिलिङको परिवेशको चर्चा गरेकी छन् । 'आफ्नो विषयको चर्चा' (ख) शीर्षकको निबन्धमा पनि आफूलाई नै विषयवस्तु बनाएर आफ्नै जीवनको कथा लेखिएको छ । यनले दार्जिलिङमा अध्ययन गर्दा भेट भएका साहित्यकारहरू र समकालीन साहित्यकार साथीहरूका बारेमा चर्चा गरेकी छन् । त्यस्तैगरी रायाले म्याट्रिक पास गरेपछि आर्थिक सङ्कट भई विदेश गएको, त्यहीँ विवाह र छोरीको जन्म भएको विषयवस्तुलाई यी निबन्धमा प्रस्तुत गरेकी छन् । पल्टनको जागिर सकिएपछि नेपाल आएर शिक्षण पेसा गरेको, सङ्घर्ष गरेर छोरीलाई डाक्टर बनाएको, लोग्नेको मृत्युपछि एक्लो जीवन बिताएको जस्ता आफ्नै विषयलाई रायाले कलात्मक ढङ्गले प्रस्तुत गरेकी छन् ।

'मेरो पहिलो समुन्द्र यात्रा' शीर्षकको निबन्ध रायाले यात्राको संस्मरण गरेर लेखेको हो । यस संस्मरणमा रायाले बाह्र दिनसम्म जहाजमा गरेको यात्रा वर्णनलाई कलात्मक ढङ्गले प्रस्तुत गरेकी छन् । प्रस्तुत संस्मरणमा रायाले भारतदेखि जहाजयात्रा सुरु गरी वर्मा, रङगून, पेनाङ् सिङ्गापुरसम्मको सुन्दर दृष्यहरूको वर्णन गरिएको छ ।

'भिखारी : विशेष झझल्को' शीर्षकको निबन्धमा रायाले एउटा माग्ने व्यक्तिले भोग्नु परेको दुःख र पीडालाई विषयवस्तु बनाएकी छन् । रायाले २०५६ सालमा दार्जिलिङमा दाइको विवाहमा गई घर फर्कदा पानी ट्याङ्कीमा एउटा बोरा ओडेर हात थाप्दै गरेको माग्नेलाई देख्दा आफ्ना मनमा उठेका भावहरूलाई कलात्मक ढङ्गले प्रस्तुत गरेकी छन् ।

'यथार्थताको परिधिभित्र' शीर्षकको निबन्धमा रायाले आफ्नी दिदी चन्द्रमायाको मृत्युको घटनालाई यथार्थको परिधिमा रहेर गरिएको वर्णनलाई मुख्य विषयका रूपमा प्रस्तुत गरेको पाइन्छ । यस निबन्धमा रायाले आफू पढेको सन्त जोसेफ र माउण्ड हरमन विद्यालयमा बस्ने आफ्नी दिदीसँग सम्बन्धित घटनालाई यथार्थ रूपमा वर्णन गर्दै दिदी चन्द्रमायाको जीवनका उतार-चढावहरूलाई निबन्धको मुख्य विषयको रूपमा चर्चा गरेको पाइन्छ ।

'सम्झनाका कोशेली' शीर्षकको निबन्धमा रायाले जागिरे जीवनमा दशैंको विदामा छोरी आमालाई भेट्न दार्जिलिङ गएको र बिदा सकिएपछि जागिरमा फर्केको विषयलाई कलात्मक रूपमा प्रस्तुत गरेकी छन् । प्रस्तुत निबन्धमा रायाले घर जाँदा जोस, र उमङ्गले घर पुगेको थाहा नै नहुने र जागिरमा फर्कदा अतीतका सम्झना कोशेली लिएर हिडेको अनुभव व्यक्त गरेकी छन् ।

'दुई थोपा आँसु' शीर्षकको निबन्धमा रायाले खरसाङमा लाग्ने मेलामा आमालाई भेट्न जाँदा बाटामा बसभित्र भेट भएका दुई अन्धाहरूको समस्यालाई विषयवस्तु बनाएकी छन् । यस निबन्धमा एएटा अन्धोले अर्को अन्धो भन्ने थाहा नपाई पैसा माग्दै गरेको दु:खद घटनालाई उनले प्रस्तुत गरेकी छन् ।

'कति काली हो?' शीर्षकको निबन्ध रायाले काला मानिसहरूले भोग्नु परेको दु:ख पीडालाई विषयवस्तु बनाएर प्रस्तुत गरेकी छन् । रायाले विश्वमा नै काला मानिसहरू हेपिएर बस्नु पर्ने बाध्यता देखाउँदै आफ्ना घरमा बस्ने एक काली केटीले आफूसँग पाहुना जाँदा पनि भाँडा माझ्नु पर्ने बाध्यता यस निबन्धमा प्रस्तुत गरेकी छन् ।

'आमाको पत्र छोरीलाई' शीर्षकको निबन्धमा रायाले स्काउटकी गुरु मालारानी मोक्तानको मृत्युको विषयलाई प्रस्तुत गरेकी छन् । रायाले आफ्नी छोरीलाई सानामा असाध्यै माया गर्ने गुरुमाको मृत्युको खबर पत्र मार्फत आफ्नी छारीलाई पठाएको विषयवस्तु यसमा रहेको छ ।

### ५.६.३.२ भाषाशैली

राधिका रायाले वयैक्तिक जीवन भोगाइ एवम् अनुभूतिलाई व्यक्त गरेको **आत्मकथ्य : विविध** कृतिभित्रका निबन्धहरूमा सरल र सुबोध्य भाषा रहेको छ । प्रस्तुत निबन्धहरूमा तद्भव, तत्सम, आगन्तुक शब्दहरू, नेपाली झर्रा शब्द र नेपालीका स्थानीय भाषाका शब्दको प्रयोग रहेको छ । बस, पेन्ट, बोर्डर, साउथ-प्वाइन्ट, जोसेफ, स्कूल, कलेज, ग्राउण्ड, हाउस, फूटबल, असिस्टेन्ट, फेयर एण्ड लभली, स्काउट, लेन्ड आदि अङ्ग्रेजी म"लका आगन्तुक शब्दहरू यी निबन्धहरूमा रहेका छन् । यसमा जल, पत्र, नैवेद्य, समी आदि संस्कृतका शब्दहरू प्रयोग रहेका छन् ।यसमा उकालो, ओरालो, ओहर दोहर, गहिरो, पहिरो, पाइला आदि तीन अक्षरका शब्दहरूको बढी प्रयोग रहेको छ । यी निबन्धहरूमा 'रे' थेगोको रूपमा दोहोरिरहेको पाइन्छ । फूलैफूल, रङ्गीविरङ्गी, देशविदेश, पानीझरी, रुखैरुख, छरछिमेक, ओह्रालोओह्रोलै, चियाचमेना, इष्टमित्र जस्ता द्विरुक्तिहरू, ढकमक्क, चिटिक्क, टक्टक् जस्ता अनुकरणात्मक शब्दहरू, आफ्ना-आफ्ना, हिक्क-हिक्क, पटि-पटि, समय-समय, सान-सानै, मिठा-मिठा जस्ता द्वित्वशब्दहरूको पनि प्रयोग पाइन्छ । प्रस्तुत निबन्धहरूमा विषयवस्तुले शीर्षकसँग तालमेल खेलेको पाइन्छ । यी निबन्धहरू निजात्मक शैलीमा

लेखिएका संस्मरणात्मक र आत्मअनुभवमा आधारित छन् । प्रस्तुत निबन्धमा भाषागत, शैलीगत, विधागत रूपमा केही कमजोरी केही सबल पक्ष रहेका छन् ।

### ५.६.३.३ उद्देश्य

राधिका रायाको **आत्मकथ्य : विविध** कृतिभित्रका निबन्धहरूको उद्देश्य आफूले जीवनमा भोगेका, देखेका र अनुभव गरेका कुराहरूलाई कलात्मक ढङ्गले प्रस्तुत गरी पाठक समक्ष पुऱ्याउनु हो । आफूले विभिन्न ठाउँको भ्रमण गर्दा देखेका सामाजिक घटनाहरूलाई देखाउन खोज्नुका साथै हाम्रो समाजमा अन्धा, अपाङ्गहरूले भोग्नु परेको समस्या, काला मानिसलाई गोराहरूले गरेको घृणा आदिलाई यी निबन्धहरूमा देखाउन खोजिएको छ । त्यस्तैगरी रायाले आफूलाई एउटी कर्ममा लीन नारीका रूपमा परिचय गराउन खोजेकी छन् ।

## ५.६.४ व्यक्ति-व्यक्तित्वको चर्चा

राधिका रायाको **आत्मकथ्य : विविध** कृतिको तेस्रो खण्डमा (ग) व्यक्ति-व्यक्तित्व चर्चा रहेको छ । यस खण्डमा रायाले विभिन्न साहित्यकारको व्यक्तित्वको चर्चा गरेकी छन् । यी व्यक्तिहरू 'टिकाराम शर्मा : अतितदेखि वर्तमानसम्मका सम्झना', 'धर्मशीला खड्का : मेरी बाल्यसखी', 'मेरा पूज्य गुरु धरणीधर शर्मा', 'कवि आगमसिंह गिरीलाई सम्झदा', 'पूज्य स्वामी प्रवुद्धानन्दमा अटुट श्रद्धाञ्जलि', 'केही स्मृति कवि घिमिरे ज्यूप्रति', 'श्यामप्रसाद शर्मा', 'दिदीहजुर देवकुमारी थापा : पुराना र नयाँ पानाभित्र' रहेका छन् । यी व्यक्ति-व्यक्तित्वहरूका बारेमा क्रमिक रूपमा समीक्षा गरिएको छ ।

'टिकाराम शर्मा : अतितदेखि वर्तमानसम्मका सम्झनाभित्र' रायाले साहित्यकार टीकाराम शर्माको व्यक्तित्वका साथै विगतदेखि वर्तमानसम्म आफूसँग भएको भेटको चर्चा गरेकी छन् । टीकाराम शर्मा एक असल एकाङ्कीकार हुन् । उनका एकाङ्कीहरू दार्जिलिङमा प्रकाशित भएको पाइन्छ । शर्मासँग दार्जिलिङदेखि भद्रपुरसम्म विभिन्न साहित्यिक कार्यक्रममा आफू पनि सहभागी हुन पाएको कुरा रायाले यस शीर्षकमा व्यक्त गरेकी छन् ।

'धर्मशीला खड्का : मेरी बाल्यसखी' शीर्षकमा रायाले आफ्नी बाल्यकालकी सखी धर्मशीला खड्काको व्यक्तित्वको प्रशंसा गरेकी छन् । रायाले धेरै समयपछि उनीसँगको भेटले बाल्यकालका घटनाहरूको मधुर संस्मरण भएको चर्चा गरेकी छन् । धर्मशीला इमान्दार, असल र एक शिक्षित नारी हुन् भनी उनले चर्चा गरेकी छन् ।

'मेरो पOज्य गुरु धरणीधर शर्मा' शीर्षकमा रायाले आफ्ना पूज्य गुरु धरणीधर शर्माको व्यक्तित्वको चर्चा गरेकी छन् । विभिन्न साहित्यिक कार्यक्रममा भेट हुने धरणीधर शर्माको मीठो आवाज, स्वदेशी पोसाकले सुसज्जित, रातो, पिरो, हाँसिलो मुहार कहिल्यै बिर्सन सकिँदैन भनी रायाले उनको व्यक्तित्वको प्रशंसा गरेकी छन् ।

'कवि अगमसिंह गिरीलाई सम्भदा' शीर्षकमा कवि अगमसिंह गिरीको कवि व्यक्तित्वका बारेमा रायाले चर्चा गरेकी छन् । कवि अगमसिंहका कवितामा नेपालीले पाएका दु:खलाई मार्मिक ढङ्गले प्रस्तुत गरिको छ । उनले 'युद्ध र योद्धा' खण्डकाव्यमा नेपाली माया, मोह भन्लेर वीरत्वको उपाधि पाउनलाई बली भएका नेपालीहरूलाई आफ्नै युद्ध लड्न आह्वान गरेका छन् । त्यसैले गिरी नेपाली मात्र होइन सभ्य नेपाली हुन् भनी रायाले उनको कवि व्यक्तित्वको प्रशंसा गरेकी छन् ।

'भानुका : सम्पादक भवानी घिमिरेको सम्भनामा दुई शब्द' शीर्षकमा रायाले भानु पत्रिकामा लामो समयदेखि महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका भवानी घिमिरेका बारेमा चर्चा गरेकी छन् । आज उनको मृत्यु भइसके पनि पाठकको मानसपटलमा रहरिहेका छन् भन्दै राया उनी प्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गरेकी छन् ।

'श्याम प्रसाद शर्मा' शीर्षकमा रायाले श्यामप्रसाद शर्माको जीवनमा घटेका घटनाका साथै उनको साहित्यिक व्यक्तित्वको चर्चा गरेकी छन् । बुबा आमाको मृत्युपछि शर्माले लामो समयसम्म गरेको सङ्घर्षका साथै साहित्यका फाँटमा पुऱ्याएको योगदानलाई उल्लेख गरेकी छन् । शर्माको प्रगतिवादी निबन्ध र प्रगतिवादी सैद्धान्तिक समालोचनाका क्षेत्रमा उल्लेखनीय योगदान रहेको कुरा रायाले प्रस्तुत गरेकी छन् ।

'दिदी हजुर देवकुमारी थापा : पुराना र नयाँ पानाभित्र' शीर्षकमा रायाले साहित्यकार देवकुमारी थापाको व्यक्तित्वको प्रशंसा गर्दै उनका कृतिहरूका बारेमा चर्चा गरेकी छन् । समाज सेवा, भाषा उत्थान र साहित्य आराधनामा व्यस्त रहने देवकुरमारी एक सत्य अन्वेषणका पक्षमा देखिएकी छन् भन्दै रायाले साहित्यिक पानाहरू पुराना र नयाँभित्र सम्भनासहित बधाई व्यक्त गरेकी छन् ।

राधिका रायाले **अत्मकथ्य : विविध** कृतिभित्र रहेका व्यक्ति व्यक्तित्व चर्चामा विभिन्न साहित्यकार लगायत अन्य व्यक्तिहरूको व्यक्तित्वका चर्चा गरेकी छन् । उनले सबै व्यक्तित्वको प्रशंसा गरेकी छन् ।

## ५.६.५ कृति समीक्षा

राधिका रायाको **आत्मकथ्य : विविध** कृतिको खण्ड (घ) मा : कृति समीक्षा रहेको छ । यस खण्डमा रायाले विभिन्न साहित्यकारका विविध विधाका कृतिहरूको समीक्षा गरेकी छन् । यस खण्डमा रहेका कृति समीक्षाहरू 'बालबालिकाका प्रिय लेखक श्यामप्रसाद', 'कमलप्रसाद पोखरेलको हाउडी पन्राण : एक परिचय', 'सरोज ओलीका कविता-सङ्ग्रह', 'तम्मरनदीको धून एक परिचय', भक्तबहादुर नेपालीको 'आजको चिन्तन' को परिचयात्मक समीक्षा, 'रोहिणी विलास लुइटेलको 'अपराजेय कटाक्ष' भित्र हेर्दा', 'बाल उपन्यासकार कपिल लामिछानेका दुई उपन्यासहरू, 'पूर्वाञ्चलका यात्रा-साहित्य', 'धराबासीको 'ब्रह्मपुत्रको पानी'

कथा एक दृष्टि' र 'तिब्बतमा दश दिनभित्र' हुन् । यी कृतिसमीक्षाको बारेमा क्रमिक रूपमा समीक्षा गरिएको छ ।

'बालबालिकाका प्रिय लेखक शयामप्रसाद शर्मा' शीर्षकमा रायाले बाल साहित्यिकार शयाम प्रसादको व्यक्तित्वका साथै उनले लेखेका बाल कथाहरूका बारेमा उल्लेख गरेकी छन् । शर्माका कृतिहरूमा बालबालिकाको चरित्र निर्माण गर्न आमाबुबाले गर्नुपर्ने कर्तव्यलाई देखाइएको छ । बालबालिकाको चरित्र निर्माणका लागि सँधै चिन्तित रहने श्यामप्रसादले बालसाहित्यका फाँटमा अझै प्रगति गर्दै जाउन् भन्दै रायाले शुभकामना व्यक्त गरेकी छन् ।

कोमलप्रसाद पोखरेलको 'हाउडी प¬राण' एक परिचय शीर्षकमा रायाले कोमलप्रसाद पोखरेलको हास्य-व्याङ्ग्य निबन्ध हाउडी प¬राणको बारेमा उल्लेख गरेकी छन् । रायाले 'हाउडी प¬राण' निबन्ध सङ्ग्रहभित्रको 'धुम्रपान' निबन्ध रमाइलो लागेको र यस निबन्धमा चुरोटको हानि र प्राप्ति पनि हाँस्य-व्याङ्ग्यमै प्रयोग गरिएको कुरा प्रष्ट पारेकी छन् । रायाले समाजका दोषहरू हटाउनलाई हाँस्यव्याङ्ग्यकार कोमलप्रसाद पोखरेल एक सफल व्यक्तित्व हुन् भनेकी छन् ।

सरोज ओलीको कविता सङ्ग्रह 'तम्मर नदीका धुन' एक परिचय शीर्षकमा सरोज ओलीको 'तम्मर नदीको धून' कविता सङ्ग्रहभित्रका केही कविताको उल्लेख गरेकी छन् । उनका कविताको लेखन शैलीमा सरलता, मिठासका साथै रोचकता पाइन्छ । उनका कवितामा प्रकृतिको वर्णन पनि रहेको कुरा प्रष्ट पारेकी छन् । रायाले ओलीको कवि व्यक्तित्व अझै फस्टाओस् भनी यहाँ शुभकामना व्यक्त गरेकी छन् ।

भक्तबहादुर नेपालीको 'आजको चिन्तन' को परिचयात्मक समीक्षण, शीर्षकमा साहित्यकार भक्तबहादुर नेपालीको 'आजको चिन्तनमा' कथा सङ्ग्रहभित्रका कथाहरूका बारेमा चर्चा गरेकी छन् । यस सङ्ग्रहभित्र पाँच ओटा कथाहरू रहेका छन् । यी सम्पूर्ण कथामा देश र समाजको विकासको कामना, धर्म र ईश्वरमा जनकल्याणको भावना रहेको कुरा उल्लेख गरेकी छन् । साथै उनका कथाहरूमा भाषामा सरलता र शैलीमा रोचकता रहेको प्रष्ट पारेकी छन् । उनको यस कृति मार्फत देखिएको देश भक्ति र समाजप्रतिको इमान्दारिताका लागि रायाले धन्यवाद व्यक्त गरेकी छन् ।

'रोहिणी विलास लुइटेलको 'अपराजेयकाटाक्ष' भित्र हेर्दा' शीर्षकमा लुइटेलको 'अपराजेय कटाक्ष' व्यङ्ग्यात्मक निबन्ध सङ्ग्रहभित्रका निबन्धहरूका बारेमा उल्लेख गरेकी छन् । यस सङ्ग्रहभित्र छयासी ओटा निबन्ध रहेका छन् । यी निबन्धहरूका माध्यमले लुइटेलले जुनसुकै क्षेत्रमा व्याङ्ग्य गरेको कुरा प्रष्ट पार्दै रायाले उनको उपस्थिति व्यङग्यक्षेत्रमा फस्टाउँदै जाओस् भनी शुभकामना व्यक्ति गरेकी छन् ।

' धराबासीको 'ब्रह्मपुत्रको पानी' कथा एक दृष्टि' शीर्षकमा रायाले आख्यानकार कृष्ण धराबासीको 'ब्रह्मपुत्रको पानी' कथाका बारेमा उल्लेख गरेकी छन् । यो कथामा दुई

प्रेमीहरूको असफल प्रेमगाथा छ । आफ्नी प्रियसीलाई बचाउन नसकेको काँतर भरत आँखा भरी रोदन लिई यही ब्रह्मपुत्रका किनारैकिनारमा सम्झना र झझल्को बोकेर बाँचिरहेको कुरा प्रष्ट पारेकी छन् । मार्मिक कथा लेखनमा सफल धराबासीलाई रायाले हार्दिक शुभकामना व्यक्त गरेकी छन् ।

'तिब्बतमा दश दिनभित्र' शीर्षकमा रायाले गङ्गाप्रसाद उप्रेतीको 'दश दिनभित्र' निबन्ध सङ्ग्रहको बारेमा उल्लेख गरेकी छन् । यस शीर्षकमा गङ्गाप्रसाद उप्रेती लगायत एक टोली तिब्बत गएको र त्यहाँ दश दिनसम्म गरेको यात्रा वर्णनलाई यस निबन्धमा उल्लेख गरिएको कुरा रायाले प्रष्ट पारेकी छन् । यस निबन्धमा तिब्बतको आर्थिक, राजनैतिक, सामाजिक विषयका बारेमा गरिएको वर्णनलाई रायाले व्यक्त गरेकी छन् ।

यसरी रायाले **आत्मकथ्य : विविध** कृतिभित्रको कृति समीक्षामा कुनै एउटा व्यक्तिको कृतिमा केन्द्रित नभई विभिन्न व्यक्ति र विभिन्न विधाका विविध कृतिहरूको व्याख्या विश्लेषणमा हात हालेकाले उनी एक असल समीक्षक बन्न सफल भएकी छन् ।

## ५.७ 'राधिका रायका रचना' कृतिको अध्ययन

### ५.७.१ कृति परिचय

राधिका रायाको यस कृतिमा विभिन्न विधाहरूका रचना सङ्कलन गरिएको छ । यो कृति २०६४ सालमा **जुही** प्रकाशनद्वारा प्रकाशित भएको हो । **राधिका रायाका रचना** कृतिभित्र सातओटा खण्डहरू रहेका छन् । प्रत्येक खण्डमा फरकफरक विधाहरू रहेका छन् । यसका खण्ड १ : निबन्ध, खण्ड २ : व्यक्तित्व चर्चा, खण्ड ३ : समीक्षा, खण्ड ४ : कविता, खण्ड ५ : कथा र खण्ड ६ : एकाङ्की रहेका छन् । राधिका रायाका रचना कृतिको खण्ड ५ : कथा 'उनी गएको गोरेटे' कथा सङ्ग्रहमा अध्ययन गरिएको छ । त्यस्तैगरी खण्ड ६ : एकाङ्की पनि **जीवनको इच्छा** एकाङ्की सङ्ग्रहमा अध्ययन गरिएको छ । यस कृतिका बाँकी भएका खण्ड १-४ सम्मको अध्ययन क्रमिक रूपमा गरिएको छ ।

### ५.७.२ राधिका रायाका रचना कृतिभित्रका निबन्धहरूको अध्ययन

**राधिका रायाका रचना** कृतिको पहिलो खण्डमा निबन्धहरू रहेका छन् । यस कृतिको पहिलो खण्डमा सातओटा निबन्धहरू रहेका छन् । यी निबन्धहरू २८ पृष्ठमा संरचित छन् । यस कृतिभित्र रहेका निबन्धहरू संस्करणात्मक र यात्रा संस्मरणात्मक रहेका छन् । यसमा 'प्रभातको सम्झनामा', 'वस¬न्धरालाई पत्र', 'तिम्रो सम्झना', 'भानु जयन्ति : विभिन्न प्रसङ्ग', 'चितवन यात्रा', 'इटहरी साहित्यिक सद्भाव यात्रा', 'दार्जिलिङको पुरानो साहित्यिक गतिविधि' निबन्धहरू रहेका छन् । रायाका यी निबन्धहरूमा प्रय¬क्त विषयवस्तु आफूले जीवनमा भोगेका, अनुभव गरेका र देखेका कुराहरू रहेका छन् । यसका साथै रायाले विभिन्न साहित्यिक कार्यक्रममा सहभागी हुन जाँदा गरेको यात्रालाई कलात्मक ढङ्गले प्रस्तुत

गरेकी छन् । उनका निबन्धहरूलाई  निबन्धका तत्त्व अनुसार यहाँ सामान्य चर्चा गरिएको छ ।

### ५.७.२.१ विषयवस्तु

निबन्धको अनिवार्य तत्त्व विषयवस्तु हो । निबन्ध जुनसुकै विषयमा लेखिन सक्छ । प्रकृति, समाज, इतिहास, प¬राण, धर्मसंस्कृति, शिक्षा, स्वास्थ्य, न्याय, मानव स्वभाव र मानव मनका विविध भावहरू निबन्धका विषयवस्तु हुन सक्छन् । विषयवस्तुको सुव्यवस्थित र क्रमबद्ध प्रस्तुति निबन्धमा हुनु पर्दछ । रायाका निबन्धमा विषयवस्तु आफूले जीवनमा भोगेका, अनुभव गरेका र देखेका कुराहरू रहेका छन् ।

'प्रभातको सम्झना' शीर्षकको निबन्धमा रायाले दार्जिलिङबाट प्रकाशित हुने पत्रिका र दार्जिलिङको साहित्यिक सेरोफेरोलाई विषयवस्तु बनाएकी छन् । प्रस्तुत निबन्धमा रायाले आफ्नो साहित्यिक लेखनको सुरुवात दार्जिलिङबाट भएको र पहिलो रचना 'प्रभातको सम्झना' पत्रिकामा प्रकाशित भएको कुरालाई मूल कथ्य बनाएकी छन् । प्रस्तुत निबन्धमा उनले दार्जिलिङका विशिष्ट साहित्यकारहरूको साहित्यिक व्यक्तित्वलाई पनि देखाउन खोजेकी छन् । 'प्रभातको सम्झना' शीर्षकको निबन्धमा रायाले प्रभात पत्रिकाको समपादन गर्ने लैनसिंह वाङ्देलको साहित्यकार व्यक्तित्वसँगै कलाकार व्यक्तित्व पनि अविस्मरणीय छ भन्ने कुरा देखाउन खोजेकी छन् ।

'वसुन्धरालाई पत्र' शीर्षकको निबन्धमा रायाले आफ्नो जीवनमा देखेका सुनेका र अनुभव गरेका विषयलाई कलात्मक ढङ्गले प्रस्तुत गरेकी छन् । यस निबन्धमा धेरै वर्ष अगाडिदेखि भेट नभएकी आफ्नी साथी विरामी रहेको खबर सुनेर रोगदेखि नडराऊ भन्दै पत्र मार्फत खबर पठाएको विषयवस्तु प्रस्तुत गरिएको छ । रायाले पुरणको घरमा घटेको घटनालाई देखाउँदै जीवनदेखि विचलित हुनु हुँदैन अनि मात्र हाम्रो विजय हुन्छ भन्ने कुरा यस निबन्धमा व्यक्त गरेकी छन् ।

'तिम्रो सम्झना' शीर्षकको निबन्ध रायाको आफ्नो जीवनमा घटेको घटनामा आधारित छ । उनले आफ्नी प्यारी साथीको असामयिक निधनपछि पर्न गएको दुःख पीडालाई मार्मिक ढङ्गले यस निबन्धमा प्रस्तुत गरेकी छन् । प्रस्तुत निबन्धमा साथीको मृत्यु भएपछि आफू एक्लो र शून्य अनुभव गरी साथीको खोजी गरिरहेको कारुणिक अवस्थालाई मुख्य कथ्य बनाइएको छ ।

'भानु जयन्ती : विभिन्न प्रसङ्ग' शीर्षकको निबन्धमा रायाले आफ्नो जीवन कालमा भानु जयन्तीमा विभिन्न साहित्यिक कार्यक्रमहरू गर्दै आएको विषयलाई प्रस्तुत गरेकी छन् । दार्जिलिङमा भानु जयन्तीलाई पर्वका रूपमा मनाइने गरेको पाइन्छ । २०१५ सालमा दार्जिलिङमा भव्य कार्यक्रम गरेर भानुजयन्ती मनाएको, त्यस्तैगरी खरसाङमा विभिन्न कार्यक्रम गरेको विषयलाई उनले प्रस्तुत गरेकी छन् । रायाले यस निबन्धमा लक्ष्मीप्रसाद

देवकोटा, कमल दीक्षित, रूपनारायण सिंह आदि साहित्यकारहरूले भानुभक्त नेपाली साहित्यका सुरुवातकर्ता  हुन् भन्दै उनको रामायण नेपाली साहित्यको उत्कृष्ट किताब हो भन्ने कुरा व्यक्त गरेकी छन् ।

'चितवन यात्रा' शीर्षकको निबन्धमा २०६१ सालमा नेपालको चितवनमा भएको साहित्य सम्मेलनलाई मूल विषय बनाइएको छ । यस निबन्धमा रायाले आफू सहित झापाबाट चितवन गएको साहित्यिक समूहका बारेमा र यात्राका क्रममा घटेका घटनालाई कलात्मक ढङ्गले प्रस्तुत गरेकी छन् । यस निबन्धमा साहित्यकार हरिहर खनालको उनान्साठ्ठी वर्षको जन्म दिनमा दम्पतीलाई अभिनन्दन र **यथार्थ कुरा** अङ्क ४४ पत्रिकाको विमोचनका लागि झापाबाट चूOडामणि रेग्मीको नेतृत्वमा गएको साहित्यिक कार्यक्रममा सहभागिता जनाएको कुरालाई व्यक्त गरिएको छ । त्यहाँ भएको कार्यक्रमका सम्पूर्ण घटनालाई यस निबन्धमा प्रस्तुत गरिएको छ ।

'इटहरी साहित्यिक सद्भाव-यात्रा' शीर्षकको निबन्धमा २०६२ सालमा नेपालको इटहरीमा भएको साहित्यिक सम्मेलनलाई मूल विषय बनाइएको छ । यस निबन्धमा झापाबाट गएको साहित्यिक समूहको यात्राको वर्णन गरिएको छ । इटहरीमा गई झापाली साहित्यकारहरूले कार्यक्रम सञ्चालन गरेको, कार्यक्रममा विभिन्न साहित्यकारहरूलाई सम्मान गरेको विषयलाई यसमा प्रस्तुत गरिएको छ । उनले कार्यक्रमको अन्त्यपछि सम्पूर्ण साहित्यकारको टोली झापा फर्केको कुरा व्यक्त गरेकी छन् ।

'दार्जिलिङको पुरानो साहित्यिक गतिविधि' शीर्षकको निबन्धमा रायाले ५० वर्षअघिको आफूले दार्जिलिङमा गरेको साहित्यिक कार्यक्रमको सेरोफेरोलाई मूल विषयवस्तु बनाएकी छन् । प्रस्तुत निबन्धमा रायाले दार्जिलिङको साहित्यिक कार्यक्रममा आफू सक्रिय भएर लाग्ने गरेको, समकालीन साहित्यकारहरू र त्यहाँको साहित्यका बारेमा वर्णन गरेकी छन् । उनले आफू जागिरका लागि परिवार छाडेर विदेश गए पनि विदेशमा विभिन्न पत्रपत्रिका प्रकाशित गरेको कुराको वर्णन गरेकी छन् । आफू आर्थिक समस्याले विदेसिएको र त्यहाँ गएर पनि साहित्य र संस्कृतिको सेवा गरेको कुरालाई रायाले यस निबन्धको विषय बनाएकी छन् । आफू मलायमा हुँदा धनहाङ सुब्बाको दोस्रो पुस्तक 'सलमात जलान' पढेको र त्यस पुस्तकमा मलेहरूको संस्कारको वर्णन गरेको कुरा यस निबन्धमा प्रस्तुत गरेकी छन् ।

## ५.७.२.२ भाषाशैली

राधिका रायाका वैयक्तिक जीवन भोगाइ एवम् अनुभूतिलाई व्यक्त गरिएका **राधिका रायाका रचना** कृतिभित्रका निबन्धहरूमा सरल र सुबोध्य भाषाको प्रयोग पाइन्छ । प्रस्तुत निबन्धहरूमा नेपाली भाषामा प्रचलित तत्सम, तद्भव, आगन्तुक, झर्रा नेपाली शब्दहरूको प्रयोग भएको छ । प्रस्तुत निबन्धहरूमा कथ्यभाषाको प्रयोग गरिएको छ । भाषालाई

कलात्मक र आकर्षक बनाउन कर्मारम्भ, क्रियारम्भ, निपात आरम्भ वाक्य ढाँचाको प्रयोग गरिएको छ । उकाली, ओराली, भक्कानो आदि नेपाली झर्रा शब्दहरूको प्रयोग यी निबन्धमा गरिएको छ । ट्राफिक, क्याम्प, ट्रे, स्वीटर, बस, ट्रेनिङ, कलेज, होटेल , क्याम्पस, कफी, आदि अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग पनि यसमा गरिएको छ । झलझल, चिटचिट, भुकभुक, ढकमक जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले निबन्धहरूलाई आकर्षक बनाएको छ । पुरण आफ्नी दुलहीलाई खुबै माया गर्छ (पृ. ६), अहिले नै मेरी छोरी मसित बात मार्छे (पृ. ७), पोल्दै छ तरै पनि आफूलाई स्थिर तुल्याई शान्त धैर्य भई (पृ ९), हिडेर घर पुग्नु भयो रे (पृ. २१) जस्ता कथ्य भाषिकाको पनि प्रयोग यी निबधहरूमा रहेको छ । प्रस्तुत निबन्धहरूमा विषयवस्तुले शीर्षकसँग तालमेल खाएको देखिन्छ । प्रस्तुत निबन्धहरूमा भाषागत, शैलीगत र विधागत केही कमजोर केही सबल पक्षहरू रहेका छन् । उनका निबन्धहरू निजात्मक शैलीमा लेखिएका संस्मरणात्मक र आत्मअनुभवमा आधारित छन् । यी निबन्धहरूमा पत्रात्मक शैलीको प्रयोग र संबोधनात्मक शैलीको प्रयोग पनि पाइन्छ ।

### ५.७.२.३ उद्देश्य

राधिका रायाद्वारा लिखित **राधिका रायाका रचना** कृतिभित्रका निबन्धहरू आफूले देश, विदेशको भ्रमण गर्दा देखेका, भोगेका, अनुभव गरेका घटनाहरूलाई कलात्मक ढङ्गले प्रस्तुत गरी पाठकमा त्यसको जानकारी गराउन¬ मूल उद्देश्य हो । नेपाली साहित्यलाई बचाएर राख्न विभिन्न साहित्यिक कार्यक्रमहरू गर्ने गरेको कुरा देखाउन खोजिएको छ । नेपाली साहित्य नेपालमा भन्दा पनि दार्जिलिङमा फस्टाएको र त्यहाँबाट नै नेपाली साहित्यका विभिन्न आन्दोलन हुने गरेको कुरालाई पनि यसमा देखाउन खोजिएको छ । हाम्रो समाजमा निम्नवर्गीय परिवारका मानिसहरूले भोग्नु परेको दुःख पीडालाई पनि यहाँ देखाउन खोजिएको छ ।

**राधिका रायाका रचना** कृतिभित्रको पहिलो खण्डका निबन्धहरू निजात्मक शैलीमा लेखिएका छन् । यस खण्डका निबन्धहरूमा रायाले विगतमा आफूले भोगेका, अनुभव गरेका अनुभूतिहरूलाई समेटिएको छ । साहित्यिक कार्यक्रममा यात्रा गर्दा घटेका घटनाहरूलाई पनि कलात्मक ढङ्गले प्रस्तुत गरेकी छन् ।

## ५.७.३ व्यक्तित्व चर्चा

**राधिका रायाका रचना** कृतिको दोस्रो खण्डमा व्यक्तित्व चर्चा रहेको छ । उनले यस खण्डमा विशिष्ट साहित्यकारहरूको व्यक्तित्वका बारेमा चर्चा गरेकी छन् । ती व्यक्तित्वहरू 'मेरो आँखामा राम्रो रचना रच्ने कृष्णप्रसाद पराजुली', 'मैले चिनेका कवि उपेन्द्र पागल',

'मेरो पूज्य गुरु पारसमणि प्रधानको सम्झना', 'मेरो पूज्य परिचित दाजु एस. एल. शर्मा', 'जयकला आचार्यको सम्झना' रहेका छन् । यी व्यक्तित्वहरूको क्रमिक रूपमा समीक्षा यहाँ गरिएको छ ।

'मेरो आँखामा राम्रो रचना कृष्णप्रसाद पराजुली' शीर्षकको लेखमा रायाले साहित्यकार कृष्णप्रसाद पराजुलीको जन्म, जन्मस्थान र उनको साहित्यिक व्यक्तित्वको प्रशंसा गरेकी छन् । कृष्णप्रसाद पराजुली नेपाली साहित्यका विविध विधामा कलम चलाउने साहित्यकार हुन् । उनको 'पूर्व एक नम्बर' कृति काभ्रे र सिन्धुको परिचयात्मक कृति हो । उनका दुईओटा कथा सङ्ग्रह पनि प्रकाशित भएको कुरा उनले व्यक्त गरेकी छन् । रायाले पराजुलीका साहित्यिक कृतिहरूको भाषाशैली अत्यन्त सरल, राम्रो र उत्कृष्ट रहेको उल्लेख गरेकी छन् ।

मैले चिनेका कवि उपेन्द्र पागल' शीर्षकमा रायाले उपेन्द्र पागलको साहित्यिक र चित्रकार व्यक्तित्वका बारेमा चार्चा गरेकी छन् । उपेन्द्र पागल कविका रूपमा परिचित भएका छन् । उनले तीनओटा कविता सङ्ग्रह प्रकाशित गरेका छन् । ती कृतिहरूका बारेमा रायाले यसमा चर्चा गरेकी छन् । उपेन्द्र पागलको छोराको असामयिक निधन भएपछि छोराको सम्झनामा 'यात्रा अलमलिरहेछ' कविता सङ्ग्रह प्रकाशित गरेको कुरा रायाले चर्चा गरेकी छन् । जीवनमा जस्तोसुकै घटना घट्दा पनि विचलित नभई साहित्य सिर्जना गरी रहने पागललाई रायाले शुभकामना दिएकी छन् ।

'मेरो पूज्य गुरु पारसमणि प्रधानको सम्झना' शीर्षकमा रायाले आफू विद्यार्थी हुँदा साहित्यतर्फ अगाडि बढ्न सहयोग पुऱ्याउने गुरु पारसमणि प्रधानले नेपाली साहित्यप्रति गरेको योगादानलाई चर्चा गरेकी छन् । **चन्द्रिका** पत्रिकाको सम्पादन गर्नुका साथै नेपाली साहित्य बचाउनका लागि प्रधानले भारतको दार्जिलिङ, खरसाङ र बनारसमा गरेको आन्दोलनलाई रायाले व्यक्त गरेकी छन् । नेपाली समाजका प्रतिभाशाली भाषाविद् र साहित्यकार आज यो जगत्मा नभए पनि उनी अमर छन् भनी रायाले चर्चा गरेकी छन् ।

'मेरा पूज्य परिचित दाजु एस. एल. शर्मा' शीर्षकको व्यक्तित्व चर्चामा रायाले एस. एल. शर्मा एक साहित्यिक अन्वेषक, पत्रकार र समाजसेवी रहेको कुरा प्रष्ट पारेकी छन् । रायाले दार्जिलिङमा साहित्यिक कार्यक्रममा भेट भएका एस. एल. शर्मालाई धेरै वर्षपछि नेपालको भद्रपुरमा भेट भएको कुरालाई चर्चा गरेकी छन् , प्रस्तुत शीर्षकमा रायाले मनोबल भएका, बुद्धिविवेक र मानप्रतिष्ठा भएका प्रतिभाशाली व्यक्ति एस. एल. शर्मा हुन् भनेकी छन् ।

'जयकला आचार्यको सम्झनामा' शीर्षकमा रायाले साहित्यकार कमल जङ्गली आचार्यकी श्रीमती जयकलाको व्यक्तित्वको प्रशंसा गरेकी छन् । जयकलाको असामयिक मृत्युले रायालाई परेको पीडा, दुःखको चर्चा गरेकी छन् । रायाले यस शीर्षकमा जयकलाको

पहिरन, हँसिलो मुहार, साहित्यिक समारोहमा कविता पाठ गरिरहेका बारेमा चर्चा गरेकी छन् ।

## ५.७.४ समीक्षा

**राधिका रायका रचना** कृतिको तेस्रो खण्डमा समीक्षा रहेको छ । रायाले यस खण्डमा विभिन्न व्यक्तिहरूका विभिन्न विधाका कृतिको समीक्षा गरेकी छन् । यस खण्डमा रहेका समीक्षाहरू 'डा. नरेन्द्र चापागाईका रचनामा एक दृष्टि', 'कथाकार हरिहर खानलको 'देशभित्र देश खोज्दै कथाबारे एक दृष्टि', 'प्रगतिशील साहित्यकार के.पी. ढकालको 'सत्य अन्वेषक एक सफल साधनाको रूपमा विश्व शाक्य', निबन्धकार उपेन्द्र पागल ज्यूका 'दुई धमिल छायाँमा : 'एक अध्ययन', 'मैले चिनेका रामलाल अधिकारी', मेरो विचारमा 'आँखा र मनका पाइलाहरू', 'झर्रा सुरेली र झटाराहरूबारे एक विचार' र 'उजेली-उजेलीहरू' कथा सङ्ग्रहभित्र' हुन् । उनका माथि उल्लिखित शीर्षकहरूको क्रमिक रूपमा यहाँ समीक्षा गरिएको छ ।

'डा. नरेन्द्र चापागाईका रचनामा एक दृष्टि' शीर्षकको समीक्षामा रायाले नरेन्द्र चापागाईको जन्म स्थानका बारेमा चर्चा गरेकी छन् । उनको समालोचक एवम् लेखक व्यक्तित्वको प्रशंसा पनि उनले गरेकी छन् । रायाले डा. नरेन्द्र चापागाईका विभिन्न समालोचनात्मक कृतिहरूको समीक्षा गर्दै नरेन्द्र चापागाईको लेखन शैलीमा समीक्षात्मक विश्लेषण अनि विश्लेषणात्मक समीक्षा दुबै रहेको र हरेक रचनाको विषयवस्तु अनुसारको शैली खिच्ने काम गरेको रायाले चर्चा गरेकी छन् ।

'कथाकार हरिहर खनालको' 'देशभित्र देश खोज्दै' कथाबारे एक दृष्टि शीर्षकको समीक्षा रायाले कथाकार हरिहर खनालको 'देशभित्र देश खोज्दै' कथा सङ्ग्रहमा चर्चा गरेकी छन् । यस सङ्ग्रहमा सातओटा कथाहरू रहेका छन् । रायाले यस सङ्ग्रहभित्र 'देशभित्र देश खोज्दै' कथाको समीक्षा गरेकी छन् यस कथामा खनालले बालबालिकालाई धेरै माया दिएर बिगार्नु हुँदैन परिश्रमी बन्न सिकाउनु पर्छ । उनीहरूलाई देशका लागि केही दिने बनाउनु पर्छ भन्ने उपदेश दिनु भएको छ भनी रायाले यो कथाको प्रशंसा गरेकी छन् ।

'प्रगतिशील साहित्यकार के. पी. ढकाल' शीर्षकको समीक्षामा रायाले प्रगतिशील साहित्यकार के. पी ढकालका कृतिहरूमा भेटिएको प्रगतिशील लेखन भरिलो, खँदिलो भएको छ भन्दै प्रशंसा गरेकी छन् ।

'निबन्धकार उपेन्द्र पागल ज्यूका दुई धुमिल छायाँमा' एक अध्ययन शीर्षकको समीक्षामा उनले निबन्धकार उपेन्द्र पागलका दुईओटा निबन्धहरूको चर्चा गरेकी छन् । दुई धुमिल छायाँ निबन्धमा उपेन्द्र पागलको बाल्यकालभित्र रहिरहेका सम्झनाहरू उल्लेख भएका छन् । यी दुबै निबन्ध शिक्षाप्रद रहेको कुरा उनले बताएकी छन् । रायाले उनका निबन्धहरू अत्यन्तै कलात्मक ढङ्गले लेखिएका छन् भनी चर्चा गरेकी छन् ।

'मैले चिनेका रामलाल अधिकारी' शीर्षकमा रायाले रामलाल अधिकारी निबन्धकार समालोचक, कथाकार, एकाङ्कीकारका रूपमा चिनिन्छन् भनेकी छन् । उनले अधिकारीका कविता प्रेम र प्रणय विषयका, आफ्नै विषयका, व्यङ्ग्यात्मक विषयका हुन्छन् भनेकी छन् । अधिकारीका निबन्ध हास्य-व्यङ्ग्य र शिक्षाप्रद रहेका र एकाङ्कीमा समाज सुधारको चेतना ल्याउने विचार भएका छन् भनी उनले कृतिको विश्लेषण गरेकी छन् ।

'मेरो विचारमा आँखा र मनका पाइलाहरू', शीर्षकमा रायाले नेपाली साहित्यको भण्डारका रूपमा रहेका चÒडामणि रेग्मीको 'आँखा र मनका पाइलाहरू' निबन्धको चर्चा गरेकी छन् । यो निबन्ध भावना प्रधान भई यथार्थतामा रहेकाले अत्यन्त मनमोहक हुन गएको कुरा उनले प्रष्ट पारेकी छन् । रायाले रेग्मीका यी निबन्धहरूले निबन्ध साहित्यको विकासमा थप योगदान दिने छन् भनी चर्चा गरेकी छन् ।

'झर्रा सुरेली र झटाराहरू' बारे एक विचार शीर्षकमा रायाले चÒडामणि रेग्मीको सम्पादकत्वमा प्रकाशित हुँदै आएको **युगज्ञान** बन्द भएपछि पुनः २०४६ सालपछि 'झर्रा सुरेली र झटाराहरू' शीर्षकमा प्रकाशित हुन थालेको प्रष्ट पारेकी छन् । यो कृति युगज्ञानमा प्रकाशित निबन्धको सङ्गालोका रूपमा आएको छ । 'झर्रा सुरेली र झटाराहरू' सङ्गालो भर्रोवादको निम्ति र झर्रो पढ्नेहरूका निम्ति गौरवको विषय हो भनी यस कृतिको चर्चा गरेकी छन् ।

'उजेली-उजेलीहरू कथा सङ्ग्रहभित्र' शीर्षकको समीक्षामा रायाले कथाकार भवानी क्षेत्रीद्वारा लिखित उजेलीहरू कथा सङ्ग्रहभित्रको 'उजेली' शीर्षकको कथाको बारेमा चर्चा गरेकी छन् । प्रस्तुत कथामा समाजले गरेको अत्याचारमा काँतर भएर बाँच्नु भन्दा, त्यसको सामना गरी वास्तविकताको खोजी गर्नु पर्छ; नत्र उजेली जस्ती टुहुरीहरूको जीवन समाजमा हेपिएर अत्याचारमा विलीन हुन्छ भनी चर्चा गरेकी छन् ।

यसरी रायाले विभिन्न साहित्यकारहरूको व्यक्तित्वको प्रभावपरक समीक्षा गरेकी छन् भने विभिन्न साहित्यकारका विभिन्न विधाका कृतिको विश्लेषणात्मक समीक्षा गरेकी छन् । प्रस्तुत समीक्षाहरूमा उनले सबै साहित्यकारको खण्डन मण्डन नगरी प्रशंसा मात्र गरेकी छन् ।

## ५.७.५ कविता

**राधिका रायाका रचना** कृतिको खण्ड : ४ कविताहरू रहेका छन् । यस खण्डमा रहेका कविताहरू 'शशी', 'वर्ष', 'याद तिमीहरूको', 'तिम्रो पुकार', 'अन्धकार', 'हुरी' र 'शुभकामना' छन् । यस खण्डमा रहेका कविताहरूको अध्ययन तथा सामान्य विश्लेषण यस प्रकार गर्न सकिन्छ ।

### ५.७.५.१ शीर्षक

कुनै पनि कविताको शीर्षकले अभिधात्मक, व्यङ्ग्यात्मक वा प्रतीकात्मक अर्थ समेटेको हुन्छ । यहाँका केही कविताहरूको शीर्षकले प्रतीकात्मक अर्थ वहन गरेका छन् । ती कविताहरू 'शशी', 'वर्ष', 'याद तिमीहरूको', 'तिम्रो पुकार' आदि हुन् । अन्य कविताहरूले अभिधात्मक अर्थ वहन गरेका छन् । 'अन्धकार', 'हुरी', 'शुभकामना' आदि कविताका शीर्षक अभिधात्मक छन् । अन्धकार' र 'हुरी' बालकविता हुन् । यी कविताहरूमा प्रकृतिलाई मनवीकरण गरेर लेखिएका छन् । यस कृतिमा रहेका कविताका शीर्षक प्रतीकात्मक, अभिधात्मक हुनाका साथै छोटा भएकाले बढी आकर्षक छन् ।

### ५.७.५.२ संरचना

कविताको संरचना भन्नाले यसको बनोट भन्ने बुझिन्छ । यस कृतिभित्रको खण्ड ४ मा रहेका कविताहरू पृ. १३० देखि १३९ सम्म फौलीएका छन् भने सन्दर्भ पृष्ठहरू गद्य र मुक्तक जस्ता कविताहरूले भरिएका छन् । छोटा-छोटा संरचनामा रहेका कविताहरूमा शीर्षकहरू पनि शब्दात्मक र शब्दावलीगत रहेका छन् । यो रायाको छुट्टै संरचनागत विशेषता हो ।

### ५.७.५.३ भावविधान

राधिका राया मूलतः स्वच्छन्दतावादी कवि भए पनि केही कविता प्रगतिवादी रहेका छन् । उनले यस खण्डका केही कविताहरूको विषयवस्तु प्रकृतिलाई बनाएर प्रकृतिको मनोरम वर्णन गरेकी छन् । उनका कविताहरूमा प्रगतिवादी स्वर पनि रहेका छन् । यी कविताहरूमा उनले सामाजिक विकृति, विसङ्गतिलाई प्रकट गरेकी छन् । समाजका दुःख-सुखको अनुभव गुर्नका साथै उनले मानवीय भावनाका पक्षमा क्रान्ति गरेकी छन् । प्राकृतिक दृश्यको चित्रण गरी त्यस दृश्यले आफ्ना मनमा सञ्चार गरेका भावुकता, आह्लाद र सौन्दर्यरागको अभिव्यक्ति यी कविताहरूमा गरिएको छ । रायाका बालकविता बालबालिकाका लागि उपयोगी छन् । उनले बालकवितामा दिन र रात प्रकृतिको गति हो; त्यसैले गर्दा शिशुले रातको अध्याँरोदेखि डराउनु पर्दैन भन्ने कुराको भाव प्रकट गरेकी छन् । त्यसैगरी चैत बैशाखको हुरीले जाडो महिनाको समापन गरी गर्मी, महिनाको सुरु गरेको भाव पनि यी कविताहरूमा पाइन्छ । उनका कवितामा मानवमानवमा भएका प्रेम र एकता देखाई मानवीयताको झल्को पनि प्रस्तुत भएको पाइन्छ ।

### ५.७.५.४ लय र छन्द विधान

लयविधान भनेको कविताको अस्तित्व निर्माण गर्ने र अन्य विधाबाट छुट्याउने माध्यम हो । लय कविताको आत्मा हो; जसले कवितालाई गेयात्मक, सङ्गीतात्मक र श्रुतिमाधुर्य प्रदान गर्दछ । कवि राधिका रायाका कविताहरूभित्र मिठो लयात्मकता पाउन सकिन्छ । प्रतीकात्मक र विम्बात्मक संरचना भएको भए तापनि साङ्गीतिकताका हिसाबले कविताहरू सफल रहेका छन् । यसरी मुक्तलयमा संरचित उनका किवतामा सहज रूपमा भाव र भाषाका बीच तादात्मय पाइन्छ । साङ्गीतिक र सुन्दर भाषाको प्रयोगले कविता सुमधुर हुनाका साथै ध्वन्यात्मक अर्थाभावले आह्लादित तुल्याउँछन् । गद्य कविता भए पनि सुललित र छरिता शब्दहरूको प्रयोगले कवितामा अन्त्यानुप्रास प्रयोग भएको छ । शब्द, वर्ण र ध्वनिमा रहेका अन्तर्सम्बन्धले कविताहरू गेयात्मक बन्न सफल भएका छन् ।

राधिका रायाले केही कवितामा अनुष्टुप र मात्रा छन्दको प्रयोग गरेकी छन् । उनी स्वछन्दतावादी कवि भएकाले केही कवितामा मुक्त लयको प्रयोग गरेकी छन् । छन्दबद्धताको सीमामा रहेर शाब्दिक क्लिष्टता र जटिल संरचना बनाउनुभन्दा स्वच्छन्द तरिकाले सरल, सहज सम्प्रेषणीय कविता निर्माणमा उनले जोड दिएकी छन् ।

### ५.७.५.५ भाषाशैली

कविताको बाह्य तत्त्वका रूपमा भाषाशैलीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । भाषाशैलीले कविताको कलापक्षको र कविको पहिचान दिने काम गर्दछ । राधिका रायाका कविताको भाषा क्लिष्ट नभई सम्प्रेषणीय बनेको छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग, अनुप्रासीय, आलङ्कारिक भाषाको प्रयोग यिनमा रहेको छ । गेयात्मकता र लयात्मकता  सुकोमलताले कविता सुललित, श्रुतिरमणीय बनेका छन् । यी कविताहरूलाई कविले आलङ्कारिताले सम्पन्न बनाउनका साथै सरल, सरस गद्यात्मक भाषामा वर्णनात्मक शैलीको प्रयोग गरेकी छन् ।

### ५.७.५.७ विम्बविधान, प्रतीक र अलङ्कार

सशक्त विम्ब-प्रतिकको प्रयोग गरेर कविताको भावलाई गहकिलो बनाउन सफल रायाका हरेक कवितामा सहज विम्ब प्रयोग पाइन्छ । रायाका कविताहरूमा धेरै प्राकृतिक विम्बहरूको प्रयोग पाइन्छ भने कहीँ सामाजिक-सांस्कृतिक सन्दर्भबाट पनि विम्बालङ्कार लिएको पाइन्छ । रायाका कवितामा उपमा र रूपक अलङ्कारको प्रयोग गरिएको छ । यी कविताहरूमा रायाले प्राकृतिक, जीवन र सामाजिक र विसङ्गतिलाई विविध विम्बको प्रयोग गरेर प्रस्तुत गर्नका साथै स्वनिर्मित नवीनतम् विम्बको पनि सफल प्रयोग गरेकी छन् ।

निष्कर्षमा के भन्न सकिन्छ भने रायाका यी कविताहरूमा स्वच्छन्दतावादी भाव, मानवता र प्रगतिवादी स्वर पाइन्छ । प्रकृति र जीवन जगत्को चित्रण, तत्कालीन समाजको विसङ्गति र विकृतिलाई कविताको विषयवस्तु बनाएको पाइन्छ ।

# छैटौं परिच्छेद
# उपसंहार

**प्रस्तुत परिच्छेद**मा राधिका रायाको शोधपत्रको सामान्य रूपरेखादेखि उनका जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा गरिएको अध्ययनको निष्कर्षका साथै यस शोधपत्रको सार उल्लेख गरिएको छ । प्रत्येक परिच्छेदलाई एक-एक अनुच्छेदमा क्रमिक रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

**पहिलो परिच्छेद** अर्न्तगत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा विषय परिचय समस्याकथन, शोधको उद्देश्य पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमा, शोधविधि, शोधपत्रको रूपरेखासम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद** अन्तर्गत राधिका रायाको जीवनीको पक्षबारे चर्चा गरिएको छ । राधिका रायाको जन्म १९८८ पुस १४ गते झापाको अनारमनी-६ मा भएको हो । रायाले बाबुको जागिर दार्जिलिङमा भएकाले सानैदेखि दार्जिलिङमा हुर्कने मौका पाएकी थिइन् । उनले ५ वर्षको उमेरदेखि औपचारिक रूपमा शिक्षा ग्रहण गरेकी थिइन् । उनले प्रारम्भिक शिक्षा नेपाली उच्च कन्या विद्यालय दार्जिलिङबाट सुरु गरी कक्षा नौ र दश दार्जिलिङको शारदेश्वरी कन्या विद्यालयमा अधययन गरेकी छन् । आफ्नी आमा र विद्यालयका गुरुहरूको प्रेरणाले साहित्यमा लागेकी रायाले विद्यार्थी जीवनमा नै विभिनन साहित्यिक कार्यक्रममा सक्रिय भई भाग लिएको पाइन्छ । इन्टरमिडियट तहसम्मको अध्ययनपछि रायाले २००६ सालदेखि नै जागिरे जीवन सुरुवात गरेको देखिन्छ । रायाले जागिरका सिलसिलामा नेपालको धनकुटा, भद्रपुर लगायत विदेशका विभिन्न ठाउँमा शिक्षण पेसा गरेकी छन् । जीवनको लामो समयसम्म जागिरे जीवन बिताएकी राया २०५० सालदेखि सेवारत छैनन् । राया बाल्यकालदेखि नै गम्भीर, धेरै नबोल्ने परिश्रमी र इमान्दार स्वभावकी छन् । साहित्य लेख्न र पढ्न सानै उमेरदेखि मन पराउने रायाले देश विदेशका विभिन्न ठाउँहरू पनि भ्रमण गरेकी छन् । विभिन्न साहित्यि सङ्घ-संस्थामा संलग्न रहेकी रायाले सम्मान र पुरस्कार पनि प्राप्त गरेकी छन् । उनी साहित्यकारका साथै जागिरे, समाजसेवक, व्यवस्थापक, अभिभावकका रूपमा पनि परिचित बन्न पुगेकी छन् । धर्ममा सामान्य विश्वास गर्ने राया समाजसेवा नै ठूलो धर्म हो भन्दछिन् । जीवनभरि सङ्घर्ष गरेकी रायामा सादा जीवन उच्च विचार रहेको छ । उनी मानव-मानवका बीचमा सह-अस्तित्व कायम गरी सच्चा मानव भएर बाँच्नु नै जीवनको सही प्रयोजन रहेको ठान्छिन् ।

**तेस्रो परिच्छेद** अन्तर्गत राधिका रायको व्यक्तित्वको चर्चा गरिएको छ । रायाको व्यक्तित्वलाई शरीरिक, साहित्यिक र साहित्येतर गरी तीन भागमा विभाजन गरिएको छ । स्वाभाविक उचाइ, गहुँगोरो वर्ण, हँसिलो अनुहारका साथै शान्त र स्वाभिमानी स्वाभावको

शारीरिक व्यक्तित्व रायामा रहेको छ । उनको साहित्यिक व्यक्तित्वलाई स्रष्टा र द्रष्टा गरी दुई भागमा विभाजन गरिएको छ । स्रष्टा व्यक्तित्व अर्न्तगत कथाकार, कवि, एकाङ्कीकार, उपन्यासकार आदिको रूपमा पहिचान गरिएको छ । द्रष्टा अर्न्तगत समीक्षक र लेखक व्यक्तित्व रहेको छ । त्यसैगरी साहित्येतर व्यक्तित्व अन्तर्गत सामाजिक राजनैतिक, जागिरे, व्यवस्थापक, अभिभावक, बहुभाषी आदिका रूपमा उनी चर्चित रहेकी छन् ।

**चौथो परिच्छेद** अन्तर्गत राधिका रायाको साहित्यिक यात्रा र प्रवृतिहरूको चर्चा गरिएको छ । बुहमुखी प्रतिभाकी धनी रायाको साहित्यिक यात्रालाई दुई चरणमा विभाजन गरिएको छ । प्रथम चरणको सुरुवात २००७ सालको **तिम्रो सम्भनामा** गद्य कविताबाट भएको थियो । प्रथम चरणको सार्वजनिक काल २०२३ सालमा प्रकाशित **तिमी नगएकी भए** कथा सङ्ग्रहबाट हुन्छ । यस सङ्ग्रहको प्रकाशनपछि केही फुटकर रूपमा मात्र आफ्ना रचना प्रकाशित गरेकी रायाले २०५९ सालमा **जीवनको इच्छा** एकाङ्की सङ्ग्रह प्रकाशित गरेकी छन् । उनको दोस्रो चरणमा देखा परेका कृतिहरू २०६० सालमा **उनी गएको गोरेटो** कथा सङ्ग्रह, **आत्मकथ्य : विविध** (२०६०), **राधिका रायका रचना** (२०६४), र **कला** उपन्यास (२०६६) हुन् । **तिमी नगएकी भए** कथा सङ्ग्रहमा उनले विदेश गएका नेपालीहरूको दुःख पीडा, युगीन मानवीय जीवनको भोगाइ, नारीहरूको दुरावस्था, युवा, अवस्थाको माय-प्रेम आदि सामाजिक विषयवस्तु प्रस्तुत गरेकी छन् । **उनी गएको गोरेटो** कथा सङ्ग्रहमा रायाले देश विदेशमा देखेका, भोगेका समस्याका साथै निम्न माध्यमवर्गीय समस्या, पारिवारिक तनाव, सामाजिक विकृति, नारीचेतना आदि कुरालाई विषवस्तु बनाएकी छन् । **आत्मकथ्य : विविध** र **राधिका रायाका रचना** कृतिभित्रका निबन्धमा आफूले देखेका, भोगेका, सुनेका कुराहरूलाई विषयवसतु बनाएर उनले कलात्मक ढङ्गले प्रस्तुत गरेकी छन् । यी कृतिमा व्यक्ति र व्यक्तिहरूका साहित्यिक कृतिको प्रभावपरक समीक्षा गरेकी छन् । **कला** उपन्यासमा एउटी सङ्घर्षशील, ममतामयी, स्नेहालु र आदर्श नारीको जीवन सङ्घर्ष र सफलताको विषय प्रस्तुत गरिएको छ । रायाका यिनै साहित्यिक कृतिका आधारमा उनका सामाजिक चेतना, नारीचेतना, राजभक्ति, समाजसुधारको आग्रह, स्वच्छन्दता, प्रकृति प्रेम, मानवता, यथार्थता, निजात्मकता, कारुणिकता, प्रभावपरकता आदि प्रवृत्तिहरू रहेका छन् ।

**पाँचौ परिच्छेद** अन्तर्गत राधिका रायाका कृतित्वको विश्लेषण गरिएको छ । उनका कथाहरूमा आर्थिक समस्याले विदेसिएका नेपालीहरूको दुःख पीडा, समाजका नारीले भोग्नु परेका समस्या, युवायुवतीको माया-प्रेम नारी चेतना, नारीहक अधिकार, नेपाली संस्कृति र परम्पराप्रति मोह जस्ता विषयवस्तुलाई समावेश गरिएको छ । त्यस्तैगरी उनका एकाङ्कीहरूमा सामाजिक सुधार, जातपातको विरोध, नयाँ पुस्ता र पुरानो पुस्ता बीच द्वन्द्व, देश प्रेमको भाव प्रस्तुत गरिएको छ । उनले निबन्धहरूमा आफूले देश विदेशको भ्रमण गर्दा देखेका, भोगेका र सुनेका अनुभवहरूलाई विषयवस्तु बनाएकी छन् । नेपाली साहित्यको

कविता विधामा पनि कलम चलाएकी रायाले आफूभित्रका यथार्थ अवस्थाका अनुभूतिहरू प्रकट गरेकी छन् । उपन्यासकारका रूपमा परिचित रायाले **कला** उपन्यासमा धनुकटादेखि दार्जिलिङसम्मको परिवेशलाई चित्रण गरेकी छन् । यसरी उनका कथा, उपन्यास, एकाङ्की निबन्ध लेखनका क्रममा रायाले दार्जिलिङ, नेपालको धनुटादेखि विदेशका विभिन्न ठाउँलाई स्थानगत परिवेशका रूपमा देखाएकी छन् । आफूले देखेका भोगेका स्थानहरूका दृश्यहरूलाई समावेश गर्न उनी सफल भएकी छन् । उनका साहित्यिक कृतिहरूमा तत्सम, तद्भव शब्दहरू र अधिक मात्रामा अङ्ग्रेजी र संस्कृतका आगन्तुक शब्दको प्रयोग गरिएको छ । मानक र कथ्य दुबै भाषाको प्रयोग उनका रचनामा पाइन्छ ।

समग्रमा यहाँ यस शोधपत्रको सार प्रस्तुत गरिएको छ । जन्मथलो नेपाल भए पनि कर्मथलो दार्जिलिङलाई बनाएर नेपाली भाषा र साहित्यको विकास र उन्नति गर्ने साहित्यकारका रूपमा राधिका रायालाई लिन सकिन्छ । उनी नेपाली साहित्यका क्षेत्रमा कथा उपन्यास, एकाङ्की, निबन्ध लेखन, जागिरे र सामाजसेवीका रूपमा चिनिदै आएकी छन् । उनको प्रथम चरणलाई अभ्यासकालीन अवस्थालाई स्वच्छन्दतावादी कथाकारका रूपमा पनि चिनाउन सकिन्छ भने दोस्रो चरणलाई बहुआयामिक काल मान्न सकिन्छ । उनको पहिलो चरण भन्दा लेखन शैली दोस्रो चरणमा अलि परिपक्व भएको पाइन्छ । उनले नेपाली साहित्यका विविध विधामा कलम चलाएर नेपाली साहित्यको भण्डार भर्ने काम गरेकी छन् । परिश्रम, निरन्तर साधना र समर्पित भूमिकाद्वारा राधिकाले नेपाली साहित्यलाई ठूलो योगदान दिएकी छन् ।

## सन्दर्भ सामग्री सूची

उपाध्याय, केशव प्रसाद र गोपी कृष्ण शर्मा र भीक्टर प्रधान, (सम्पा), **नेपाली एकाङ्की भाग -३**, प्र. सं. काठमाडौं : साझा प्रकाशन २०५५ ।

घिमिरे, अच्युत, **झापाली स्रष्टा र साहित्य**, झापा : **जुही** प्रकाशन, २०६३ ।

प्रधान, भिक्टर, **नेपाली जीवन र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २००४ ।

प्रसाई, नरेन्द्रराज, **नारीचुली**, काठमाडौं : नइ प्रकाशन, २०६३ ।

बराल, ईश्वर, (सम्पा), **झ्यालबाट**, प्र. सं., काठमाडौं : साझा प्रकाशन, २०४८ ।

बराल, ऋषिराज र कृष्ण प्रसाद घिमिरे, (सम्पा), **नेपाली कथा भाग -३**, ते. सं., काठमाडौं : साझा प्रकाशन, २०६१ ।

बराल, कृष्णहरि, तथा नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, दो. सं., काठमाडौं : साझा प्रकाशन २०५८ ।

राया, राधिका, **तिमी नगएकी भए**, दार्जिलिङ : मातवरसिंह क्षेत्री, २०२३ ।

..................., **जीवनको इच्छा**, झापा : **जुही** प्रकाशन, २०५९ ।

..................., **उनी गएको गोरेटा**, झापा : **जुही** प्रकाशन, २०६० ।

..................., **आत्मकथ्य : विविध**, झापा : **जुही** प्रकाशन, २०६० ।

..................., राधिका रायाका रचना, झापा : **जुही** प्रकाशन, २०६४ ।

..................., **कला**, झापा : **जुही** प्रकाशन, २०६६ ।

लुइटेल, खगेन्द्र, **नेपाली एकाङ्की**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०४५ ।

.................., **कविता सिद्धान्त र नेपाली कविता इतिहास**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६०

शर्मा, मोहनराज, खगेन्द्र प्रसाद लुइटेल, **शोधविधि**, ते. सं., तलितपुर : साझा प्रकाशन, २०६२ ।

श्रेष्ठ, दयाराम **नेपाली कथा भाग -४**, दो. सं., ललितपुर : साझा प्रकाशन, २०५७ ।

श्रेष्ठा, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, सा. सं., काठमाडौं : साझा प्रकाशन, २०६१ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, दो. सं., ललितपुर : साझा, प्रकाशन, २०६४ ।

..................., **स्रष्टा सृष्टि : दृष्टा दृष्टि**, ते. सं., ललितपुर : साझा प्रकाशन २०५८ ।

**ख) अप्रकाशित शोधपत्र**

काफ्ले, भीष्म, राज, "झलनाथ खनालको, जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन", स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, त्रि. वि. २०६६ ।

गैरे, सरस्वती, "साहित्यकार एस. पी. आसाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन", स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, त्रि. वि. २०६६ ।

तिमिल्सिना, कृष्णप्रसाद, "नेपाली साहित्यमा झापा जिल्लाको योगदान", स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, त्रि. वि. २०५५ ।

**ग) पत्रिका**

अधिकारी, रामलाल, "एकाङ्कीकारका रूपमा राधिका राया", **जुही**, (वर्ष २०, अङ्क १, पूर्णाङ्क ४५, २०५७), पृ. १४०

अधिकारी, विरही, "प्रतिभाकी धनी राधिका राया", **जुही**, (वर्ष २०, अङ्क १, पूर्णाङ्क ४५, २०५७), पृ. २४ ।

ओली, सरोज, "सिर्जनामा लुकी बस्ने", **जुही**, (वर्ष २०, अङ्क १, पूर्णाङ्क ४५, २०५७), पृ. ९ ।

कोइराला, विष्णुप्रसाद, "झपाली नारी हस्ताक्षर राधिका रायाको कथाकारिता" **जुही**, (वर्ष २०, अङ्क १, पूर्णाङ्क ४५, २०५७), पृ. १२३ ।

ढकाल, शम्भु, "साहित्यकार राधिका राया" **जुही**, (वर्ष २०, अङ्क १, पूर्णाङ्क ४५, २०५७), पृ. २२ ।

द्याहाल, कमला, "मेरो दृष्टिमा राधिका राया", **जुही** (वर्ष २०, अङ्क, १ पूर्णङ्क, ४५, २०५७), पृ. ६२ ।

दुवाल, मोहन, "राधिका रायाद्वारा सिर्जित साहित्यिक विम्बहरूमा आफ्नै अर्थ र गरिमा छ", **जुही**, (वर्ष २०, अङ्क १, पूर्णाङ्क ४५, २०५७), पृ. १४५

धरावासी, कृष्णा, "कथाभित्र खोजिएकी कथाकार राधिका राया", **जुही**, (वर्ष २०, अङ्क १, पूर्णाङ्क ४५, २०५७), पृ. १०७ ।

नामदुंगा, जीवन, "राधिका रायाका कथामा नारी मनोविश्लेषण" **जुही**, (वर्ष २०, अङ्क १, पूर्णाङ्क ४५, २०५७), पृ. ६७ ।

लुइँटेल। लीला, "कथाकार राधिका राया र त्यस दिनको प्रतिक्षा कथाको विश्लेषण" **जुही**, ( वर्ष २०, अङ्क १, पूर्णाङ्क ४५, २०५७), पृ. १४२।

सुवेदी, राजेन्द्र, "रायाका सृजनशीलता", **जुही**, (वर्ष २०, अङ्क १, पूर्णाङ्क ४५, २०५७), पृ. २१ ।

सुवेदी, होम, "मेरो पहिलो समुन्द्र यात्रा", **जुही**, (वर्ष २०, अङ्क १, पूर्णाङ्क ४५, २०५७), पृ. ९० ।